नेपाल टेलिकम

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

चौधौं वार्षिक प्रतिवेदन

२०७७/७८



NT 4G LTE

NT FIBER FIBER TO THE HOME

Nation's Largest 4G Network

७७ जिल्लाका ७२० भन्दा बढी स्थानीय निकायमा 4G सेवा



राष्ट्रको सञ्चार

NEPAL TELECOM

ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT Instagram.com/nepaltelecomofficial

विषयसूची

०१ साधारण सभा सम्बन्धी जानकारी २-४

साधारण सभाको सूचना..... २
साधारण सभा सम्बन्धी थप जानकारी..... ३

०२ रणनीतिक प्रतिवेदन ५-४६

कम्पनी सम्बन्धी सामान्य जानकारी ५
आ.व. २०७७/७८ का झलकहरू..... ८
कम्पनीका प्रमुख वित्तीय सूचकाङ्कहरू ९
अभियान, परिकल्पना र लक्ष्य..... १०
सांगठनिक संरचना..... १२
सञ्चालक समिति १४
अध्यक्षको मन्तव्य १६
कम्पनी व्यवस्थापन २१
सञ्चालक समितिको प्रतिवेदन २३

०३ सेवाहरू तथा सामाजिक उत्तरदायित्व ५०-६८

व्यावसायिक परिदृश्य ५०
कम्पनीको सफलताको आधार..... ५५
संस्थागत सामाजिक उत्तरदायित्व ६०
कोभिड-१९ महामारीको समयमा कम्पनीबाट
भएका मुख्य कार्यहरू ६२
व्यापार प्रवर्द्धन सम्बन्धी कार्यहरू ६४
थप व्यापार प्रवर्द्धन सम्बन्धी कार्यहरू ६४
कार्यक्रमका केही झलकहरू..... ६८

०४ वित्तीय विवरणहरू ६९-१३२

लेखापरीक्षकको प्रतिवेदन ६२
वित्तीय स्थितिको विवरण वासलात ७८
नाफा वा नोक्सानको विवरण ७९
अन्य विस्तृत आम्दानी विवरण ८०
इक्विटीमा परिवर्तनको विवरण..... ८१
नगद प्रवाह विवरण ८२
टिप्पणीहरू..... ८३
पाँच वर्षको प्रमुख सूचकाङ्कहरू १४३
नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका कोसेदुङ्गाहरू . १४४

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा

चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।१२।०१)

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७८।११।३० मा बसेको सञ्चालक समितिको ९४२ औं बैठकको निर्णय अनुसार कम्पनीको चौधौं वार्षिक साधारणसभामा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने निर्णय भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १० को उपविनियम (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभाको कार्यक्रम

मितिः २०७८/१२/२४ गते बिहिबार (तदनुसार ७, अप्रिल २०२२)
समयः दिनको ११:०० बजे।
स्थानः त्रिभुवन आर्मी अफिसर्स क्लव, टुँडिखेल, काठमाण्डौं।

छलफलको विषयः

१. **साधारण प्रस्तावः**

क) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।

ग) लेखा परीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५(घ) को प्रावधान अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७८/७९ को लागि कम्पनीको लेखा परीक्षक नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने तथा नियुक्तीका अन्य सर्तहरु निर्धारण गर्ने प्रस्ताव पारित गर्ने।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भए पश्चात आ.व.२०७७/७८ को कम्पनीको मुनाफा रकम मध्येबाट शेयरधनीहरुलाई प्रति शेयर रु.२०।- (अक्षरेपी बिस रुपैयाँ मात्र) का दरले नगद लाभांश (बोनस शेयरमा लाग्ने लाभांश कर समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२. **विशेष प्रस्तावः**

क) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १६ संग सम्बन्धित अनुसूची १ मा संशोधन गर्ने।

ख) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भए पश्चात कम्पनीको आ.व. २०७७/७८ को मुनाफा रकम मध्येबाट कम्पनीका शेयरधनीहरुलाई प्रत्येक १०० कित्ता शेयर बराबर २० कित्ताको अनुपातमा बोनस शेयर जारी गरी कम्पनीको जारी तथा चुक्ता पूँजी रु.१८,००,००,००,०००।- (अक्षरेपी अठार अर्ब) पुऱ्याउने प्रस्ताव पारित गर्ने।

३. **विविधः**

सञ्चालक समितिको आज्ञाले
राजेन्द्र श्रेष्ठ
कम्पनी सचिव

कम्पनीको वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी:

१. कम्पनीको १४औं वार्षिक साधारणसभा प्रयोजनार्थ मिति २०७८ साल चैत्र ११ गते देखि मिति २०७८ साल चैत्र २३ गतेसम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द गरिने छ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८ साल चैत्र १० गते सम्म नियमानुसार कारोबार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।

२. वार्षिक साधारण सभामा भागलिन उपस्थित हुने शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) वा शेयर प्रमाणपत्र वा शेयरधनीहरुको BOID Statement अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ।

३. वार्षिक साधारण सभामा भाग लिन शे यरधनी आफै उपस्थित हुन नसकेको खण्डमा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सक्नेछ। प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०७८/१२/२२ गते अपरान्ह ५ बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ।

४. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभाहुने दिन हाजिरपुस्तिका खुल्नु अघि सभास्थलमा आई लिखित सूचना दिनु पर्ने छ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी महानुभावको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिती पुस्तिका विहान १० बजेदेखि खुल्ला रहनेछ।

६. शेयरधनी महानुभावहरुको ठेगानामा पठाइने कम्पनीको चौंधौ वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको website: www.ntc.net.np मा पनि हेर्न सकिनेछ। कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरुले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंबाट परिचय खुल्ने कागजात पेश गरी लिन सक्नु हुनेछ।

७. नावालक वा विक्षीप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएका ब्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिईनेछ।

८. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा काठमाण्डौंमा लिखित जानकारी दिनु पर्नेछ। त्यसरी लिखित जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।

९. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपमा जवाफ दिइनेछ।

१०. स्वास्थ्य सुरक्षाको दृष्टिकाणले शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा अनिवार्य रुपमा माक्सको प्रयोग गरि दिनुहुन साथै झोला, पोका जस्ता बस्तुहरु नलिइ आउन हुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।

११. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाण्डौमा सम्पर्क गर्नु हुन समेत अनुरोध छ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

अनुसूची – १ (क)

(निर्वाचन निर्देशिकाको दफा ४ को खण्ड (घ) र कम्पनी ऐन २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धित)

साधारण सभामा भाग लिन र मतदान गर्न आफ्नो प्रतिनिधि

नियुक्त गर्ने निवेदन (प्रोक्सी फारम) को ढाँचा

श्री सञ्चालक समिति
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
भद्रकाली प्लाजा, काठमाडौँ।

विषयः **प्रतिनिधि नियुक्त गरेको बारे।**

.....जिल्ला ..... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., वडा नं.....बस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरधनीको हैसियतले विक्रम संवत् २०७८ साल चैत्र महिना २४ गते बिहिबारका दिन हुने चौधौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा., वडा नं ..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .....लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/ पठाएका छौं।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको

हस्ताक्षरको नमुनाः

शेयरधनी प्रमाणपत्र भए प्रमाणपत्र नं.:

शेयरधनी प्रमाणपत्र अभौतिकीकरण गरिसकेको भए BOID नम्बरः

मितिः

निवेदक

दस्तखतः

नामः

ठेगानाः

शेयर प्रमाणपत्र /BOID नं.:

शेयर संख्याः

द्रष्टव्यः

१. माथि उल्लेखित सम्पूर्ण व्यहोरा भरी यो निवेदन (प्रोक्सी फारम) साधारण सभा शुरुहुने दिन भन्दा कम्तीमा ५(पाँच) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय (के.का. भद्रकाली प्लाजा) मा दर्ता गरी सक्नु पर्नेछ।

२. एकै शेयरधनीको एकभन्दा बढी निवेदन (प्रोक्सी फारम) प्राप्त भएमा सो शेयरधनीले पेस गरेका सबै निवेदनहरू (प्रोक्सी फारम) रद्द हुनेछन्।


कम्पनी सम्बन्धी सामान्य जानकारी


नेपाल दूरसञ्चार कम्पनी लिमिटेड २०६० माघ २२ (५ फेब्रुअरी २००४) मा तत्कालीन नेपाल दूरसञ्चार संस्थानबाट रुपान्तरण भई कम्पनी ऐन अनुसार स्थापना भएको हो । कम्पनीको केन्द्रीय कार्यालय भद्रकालीप्लाजा, काठमाण्डौंमा रहेको छ । सेवा प्रदायक कम्पनीहरु मध्ये अग्रणी स्थानमा रहेर कम्पनीले भ्वाइस सेवामा GSM, CDMA, PSTN र इन्टरनेट सेवामा 3G, 4G, EVDO, WiMAX, ADSL, FTTH प्रविधिबाट देशव्यापीरुपमा सेवा प्रदान गरिरहेको छ।

विश्व परिवेशमा तीव्र रुपमा सूचना प्रविधिमा भैरहेको परिवर्तनलाई आत्मसाथ गर्दै कम्पनीले नवीनतम प्रविधि भित्र्याउँदै अत्याधुनिक प्रविधिको प्रयोग गरी ग्राहकहरुको आवश्यकता पूरा गर्दै "राष्ट्रको संचार" बन्न सफल भएको छ। ग्राहक संख्या, पूँजी, लगानी, ग्राहक सेवा केन्द्र, नेटवर्कको आधारमा देशको अग्रणी दूरसञ्चार कम्पनीको रुपमा रहेको यस कम्पनीले देशभर पहुँच हुने गरी १६२ वटा ग्राहक सेवा केन्द्रहरु संचालन गरिरहेको छ। देशका सातै प्रदेशका ७७ वटै जिल्लामा समेटिसकेको कम्पनीको सेवाको सञ्जाल नाफामूलक क्षेत्रहरुमा मात्र सीमित नरही तुलनात्मक रुपमा लगानी बढी हुने तर प्रतिफल न्यून हुने अति विकट तथा दुर्गम क्षेत्रहरुमा समेत रहेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको २०७८ असार मसान्तको MIS Report अनुसार भ्वाईस तथा इन्टरनेट सेवामा कम्पनीको बजार हिस्सा क्रमशः ५३.०६ र ५३.८२ प्रतिशत रहेको छ।

कम्पनीको नियमावली अनुसार संचालक समितिमा ७ जना सञ्चालकहरु रहने व्यवस्था गरेको छ। कम्पनीको सञ्चालक समितिको अध्यक्ष नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रहने व्यवस्था छ भने अन्य सञ्चालकहरुमा नेपाल सरकार, अर्थ मन्त्रालयका प्रतिनिधि, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रतिनिधि, कम्पनीका प्रबन्ध निर्देशक, सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित एकजना प्रतिनिधि र कर्मचारीहरुबाट निर्वाचित कर्मचारी प्रतिनिधि रहने व्यवस्था छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत कम्पनीहरुमध्ये शेयर बजार पूँजीकरणको आधारमा कम्पनी प्रथम स्थानमा रहेको छ।

कम्पनीको बजार हिस्सा





* नेपाल दूरसञ्चार प्राधिकरणको २०७८ आषाढको MIS Report अनुसार

कम्पनीका उद्देश्यहरू

कम्पनीका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- दूरसञ्चार सेवालाई व्यावसायीकरण गरी स्तरीय सेवा प्रदान गर्ने ।
- दूरसञ्चार सेवा प्रदान गर्ने ।
- दूरसञ्चार सेवा आदानप्रदान गर्ने र गराउने ।
- दूरसञ्चार सेवा विकास गर्न आधुनिक दूरसञ्चार प्रणालीको विकास एवं विस्तार गर्ने ।
- दूरसञ्चार सेवा सञ्चालन गर्न भूउपग्रह स्थापना गर्ने, एन्टेना निर्माण तथा जडान गर्ने, स्विचिङ उपकरण निर्माण तथा जडान गर्ने र गराउने ।
- ग्राहकलाई नेपालभित्र तथा बाहिर दूरसञ्चार सेवा उपलब्ध गराउने ।
- दूरसञ्चार प्रणाली को प्रयोगका लागि तार वा केबुल राख्ने, टावर, खम्बा, एन्टेना जस्ता अन्य उपकरणहरु निर्माण तथा जडान गर्ने र आवश्यक अन्य संरचनाको निर्माण गर्ने ।
- दूरसञ्चार सेवा विस्तारको लागि सम्भाव्यता अध्ययन गर्ने र गराउने ।
- दूरसञ्चार सेवा सञ्चालन तथा विकासको लागि आवश्यक अन्य कार्य गर्ने ।



राष्ट्रको सञ्चार

नेपाल टेलिकम

NEPAL TELECOM



हामी गौरवान्वित छौं ।



व्यास, दार्चुला

आर्थिक वर्ष २०७७/७८ का झलकहरू

राजस्व
रू.४२.२१ अर्ब

नाफा
रू.७.१३ अर्ब

प्रतिशेयर आम्दानी
रू.४७.५३

सरकारी कोषमा योगदान
रू.२७.७३ अर्ब

कर्मचारी संख्या
३,९५७

प्रति कर्मचारी औसत आम्दानी
रू.१.०७ करोड

EBITDA
४३.७४ प्रतिशत

प्रतिफल
४० प्रतिशत
(२० नगद, २० बोनस शेयर)

कुल ग्राहक संख्या
२.११ करोड

भ्वाइस सेवाको बजार हिस्सा
५३.०६ प्रतिशत

भ्वाइस सेवाको राजस्व
रू.२४.६५ अर्ब

मोबाइल ग्राहक संख्या
२.०४ करोड

इन्टरनेट सेवाको बजार हिस्सा
५३.८२ प्रतिशत

इन्टरनेट सेवाको राजस्व
रू.९.३४ अर्ब


इन्टरनेट ग्राहक संख्या
२.०४ करोड

इन्टरनेट सेवाको ग्राहक वृद्धिदर
३५.३१ प्रतिशत

कम्पनीका प्रमुख वित्तीय सूचकाङ्कहरू


कुल आय:

रू. अर्ब




कुल नाफा:

रू. अर्ब




Net Worth:

रू. अर्ब




Return on Capital Employed:

प्रतिशत




खुद मुनाफा अनुपात:

प्रतिशत




प्रति शेयर आम्दानी:

रू.




सरकारी कोषमा योगदान:

रू. अर्ब



प्रति कर्मचारी औसत आम्दानी:

रू. हजार



अभियान

एउटा प्रगतिशिल संस्थाको रुपमा ग्राहकवर्गको हित तथा सेवामा समर्पित रही देशभरि भरपर्दो दूरसञ्चार सेवाहरु उपलब्ध गराई देशको आर्थिक र सामाजिक विकासमा उल्लेखनिय योगदान पुऱ्याउने हाम्रो अभियान रहेको छ।

परिकल्पना

सस्तो र भरपर्दो दूरसञ्चार सेवाहरु सर्वसुलभ रुपमा सबैलाई उपलब्ध गराउनुका साथै दूरसञ्चार क्षेत्रमा देशकै अग्रणी सेवाप्रदायकको रुपमा स्थापित रहिरहने हाम्रो परिकल्पना रहेको छ।

लक्ष्य


देशको शहरी क्षेत्रदेखि लिएर अति विकट ठाउँमा समेत सस्तो र भरपर्दो दूरसञ्चार सेवाहरु उपलब्ध गराउनु हाम्रो लक्ष्य रहेको छ।





पत्ताले, सोलुखुम्बु

सांगठनिक संरचना


सञ्चालक समिति
लेखापरीक्षण समिति
प्रबन्ध निर्देशक
कम्पनी सचिवालय
आ.ले.प. तथा निरीक्षण विभाग
पदपूर्ति सचिवालय
प्रमुख सञ्चालन अधिकृत
प्रमुख वित्तीय अधिकृत
प्रमुख मानव संशाधन अधिकृत
प्रमुख प्राविधिक अधिकृत
प्रमुख व्यापार तथा बजार अधिकृत
वायरलाईन तथा ग्राहक सेवा निर्देशनालय
वायरलेस सेवा निर्देशनालय
प्रादेशिक निर्देशनालय बिराटनगर, १ नं. प्रदेश
प्रादेशिक निर्देशनालय वीरगञ्ज, मधेश प्रदेश
प्रादेशिक निर्देशनालय काठमाडौं, बागमती प्रदेश
प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश
प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेश
प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेश
प्रादेशिक निर्देशनालय अत्तरिया, सुदूर पश्चिम प्रदेश
व्याकवोन प्रसारण निर्देशनालय
सूचना प्रणाली सहयोगी निर्देशनालय


नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
१३ औं
वार्षिक साधारण सभा
प्रबन्ध निर्देशक
अध्यक्ष
कम्पनी सचिव
सञ्चालक
सञ्चालक

सञ्चालक समिति



बायाँबाट क्रमशः

श्री राजेन्द्र श्रेष्ठ
श्री भुपाल वराल
श्री उत्तर कुमार खत्री
श्री बैकुण्ठ अर्याल



श्री फणिन्द्र गौतम
श्री अम्बिका प्रसाद पौडेल
श्री प्रतिभा बैद्य

श्री बैकुण्ठ अर्याल
सचिव,
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
अध्यक्ष

श्री भुपाल वराल
सह-सचिव,
अर्थ मन्त्रालय
सदस्य

श्री उत्तर कुमार खत्री
सह-सचिव,
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सदस्य

श्री फणिन्द्र गौतम
सह-सचिव,
कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
सदस्य

श्री प्रतिभा बैद्य
निमित्त प्रबन्ध निर्देशक,
नेपाल टेलिकम
सदस्य

श्री अम्बिका प्रसाद पौडेल
साधारण शेयरधनी प्रतिनिधि
सदस्य

श्री राजेन्द्र श्रेष्ठ
ना.प्र.नि. नेपाल टेलिकम
कम्पनी सचिव

अध्यक्षको मन्तव्य



आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको चौधौं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका आदरणीय शेयरधनी महानुभावहरू, नियामक निकायका प्रतिनिधिहरू, कम्पनीको लेखापरीक्षक, कानूनी सल्लाहकार, कम्पनीमा कार्यरत कर्मचारीहरू तथा सञ्चारकर्मी मित्रहरू लगायत सबैमा यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु।

शेयरधनी महानुभावहरूको अटुट विश्वास, उपभोक्ताको भरोसा एवं सद्भाव, कम्पनीमा कार्यरत कर्मचारीहरूको अथक परिश्रम र अन्य सरोकारवालाहरूको सहयोगका कारण देशकै अग्रणी दूरसञ्चार सेवा प्रदायकको रूपमा यो कम्पनी स्थापित भएको छ। उपभोक्ताको अपेक्षा अनुरूप सुलभ, अत्याधुनिक र गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराई कम्पनीलाई सबल, अग्रणी संस्थाको रूपमा विकास गर्न यहाँहरूबाट प्राप्त सहयोग, सद्भाव, विश्वास र रचनात्मक सुझावका लागि कम्पनी, सञ्चालक समिति र म आफ्नै तर्फबाट हार्दिक आभार प्रकट गर्दछु।

कोभिड-१९ को प्रतिकूल अवस्थामा पनि कम्पनीले आफ्नो सेवालाई कुशलताका साथ प्रवाह गर्दै आएको छ। महामारीकै कारण कोही पनि सेवाबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले ग्राहकलाई थप सहुलियत प्रदान गर्ने गरी विद्यमान महसुलमा छुट दिनुका साथै जरिवाना समेत मिनाहा गरेको छ। विश्वमा विकास भएको नवीनतम र आधुनिक दूरसञ्चार प्रविधिको प्रयोग गरी आफ्नो सेवालाई थप गुणस्तरीय बनाउन कम्पनी प्रतिबद्ध छ। सेवाको विस्तार गरी शेयरधनी महानुभावहरूलाई आकर्षक प्रतिफल उपलब्ध गराउन र कम्पनीको दीर्घकालीन विकास तथा समृद्धिको लागि सञ्चालक समिति क्रियाशील एवं प्रतिबद्ध रहँदै आएको छ।

आदरणीय शेयरधनी महानुभावहरू,

आर्थिक वर्ष २०७७/७८ मा कम्पनीबाट सम्पादित कार्य तथा हासिल भएका प्रमुख उपलब्धिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस अवधिको उपलब्धिलाई मैले सात भागमा व्याख्या गरेको छु।

१. राष्ट्र निर्माणमा योगदान

दूरसञ्चार सेवालाई आर्थिक विकासको संवाहकको रूपमा स्वीकार गरिएको व्यहोरा यहाँहरूलाई विदितै छ । सरकारी राजस्वमा योगदान गर्दै डिजिटल डिभाइड न्यून गर्ने, डिजिटल साक्षरता विस्तार गर्ने, नेपाल सरकारको विद्युतीय सुशासनको अवधारणालाई कार्यान्वयन गर्न सहयोग गर्ने र दूरसञ्चार प्रविधिको माध्यमबाट ज्ञानमा आधारित समाज निर्माणमा योगदान गरी राष्ट्र निर्माणमा कम्पनीले सकारात्मक भूमिका खेल्दै आएको छ। यसका साथै नेपाल सरकारले अघि सारेको डिजिटल नेपालको अवधारणालाई व्यवहारमा उतार्न ग्रामीण तथा विकट क्षेत्रहरूमा समेत सञ्चार तथा सूचना प्रविधि सेवा उपलब्ध गराउन कम्पनीले महत्वपूर्ण योगदान गरेको छ।

आर्थिक वर्ष २०७७/७८ मा कम्पनीले कर तथा गैर कर वापत आफ्नो कुल आयको ५० प्रतिशत भन्दा अधिक रकम अर्थात् रु.२७ अर्ब ७३ करोड राजस्व दाखिला गरेको छ। यस अवधिमा संस्थागत तर्फ सबैभन्दा बढी आयकर दाखिला गर्ने कम्पनीको रूपमा नेपाल सरकारद्वारा सम्मानित भएको छ।

इन्टरनेटको बहुउपयोग मार्फत सूचना प्रवाहलाई सजिलो र प्रभावकारी बनाउनुको साथै इन्टरनेट सेवाको बिस्तारमा ध्यान केन्द्रित गरिएको छ । स्याटेलाइट प्रविधिको समेत प्रयोगद्वारा विकट हिमाली जिल्लाहरूमा वायरलेस तथा वायरलाइन सेवा उपलब्ध गराइएको छ। मुलुकभर अप्टीकल फाईबर (Optical Fiber) विस्तार गर्नुका साथै बिटिएस (BTS) तथा ट्रान्समिसन (Transmission) उपकरणहरू जडान गरी स्थानीय टेलिफोन सेवा, फोरजी एलटीई (4G LTE) सेवा र एफटीटीएच (FTTH) सेवा विस्तार तथा वितरणमा तीव्रता दिइएको छ । नेपाल सरकारको सूचना महामार्ग निर्माणको लक्ष्यमा सहयोग पुऱ्याउन कम्पनीले ब्याकबोन नेटवर्क (Backbone Network), मल्टिपल क्रसवोर्डर अप्टिकल फाईबर नेटवर्क (Multiple Cross Border Optical Fiber Network) र मध्यपहाडी लोकमार्गमा अप्टिकल फाईबर नेटवर्क (Optical Fiber Network) विस्तार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । नेपाल सरकारको नीतिअनुरूप स्थानीय तहको केन्द्र, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक माध्यमिक बिद्यालय र सामुदायिक क्याम्पसमा इन्टरनेट सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिनुका साथै स्थानीय तहहरूमा फोरजी सेवा विस्तार गरिएको छ।

कोभिड-१९ महामारीको समयमा कम्पनीले विद्युतीय कारोबारमा सहयोग गर्न महत्वपूर्ण भूमिका खेलेको थियो। नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीका समयमा कम्पनीले सहुलियत दरमा अनलिमिटेड डे डाटा प्याकेज, रिचार्जमा बोनस, चाडपर्व लक्षित एस.एम.एस. प्याकेज उपलब्ध गराउनुका साथै लकडाउन स्टे कनेक्टेड अफर समेत उपलब्ध गराइएको थियो। ग्राहकवर्गको सुविधालाई ध्यानमा राखी स्प्रिङ अफर (Spring Offer), समर अफर (Summer Offer), अटम अफर (Autumn Offer) जस्ता मौसमी प्याकेजका साथै चाडपर्व अफर (Festival Offer) समेत घोषणा गरी सहुलियत दरमा सेवा उपलब्ध गराइएको थियो।

कम्पनीद्वारा अगाडि सारिएका विभिन्न आयोजनाहरूको कार्यान्वयनबाट मुलुकमा इन्टरनेटको पहुँच ८० प्रतिशत पुऱ्याउन सार्वजनिक सेवा विद्युतीय माध्यमबाट उपलब्ध गराउने, सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विस्तार गरी रोजगारी वृद्धि गर्ने, देशभर दूरसञ्चार एवं ब्रोडब्यान्ड सेवाको पहुँच विस्तार गर्ने र डिजिटल नेपालको फ्रेमवर्क कार्यान्वयनमा मद्दत पुग्ने विश्वास लिएको छु।

२. सामाजिक क्षेत्रमा योगदान

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वातावरण, स्वास्थ्य, खेलकुद, शिक्षा लगायतका क्षेत्रहरूमा निरन्तर सहयोग उपलब्ध गराउँदै आइएको छ। कोभिड-१९ महामारीको समयमा भएको लकडाउनका कारणले अध्ययन, अध्यापन एवं अनुसन्धान क्षेत्रमा पर्न गएको असरलाई न्यून गरी शैक्षिक सत्रलाई निरन्तरता दिन सबै विश्वविद्यालय र अन्तर्गतका आङ्गिक एवं सामुदायिक क्याम्पसहरूलाई सुलभ दरमा इन्टरनेट सुविधा उपलब्ध गराउन ह्याप्पी लर्निङ प्याक (Happy Learning Pack) उपलब्ध गराउनुका साथै विद्यालयहरूमा पाठशाला सीयूजी (Pathshala CUG), एसईई अफर (SEE Offer) लगायत E–Learning/E–Shikshya Package उपलब्ध गराइएको छ। काभ्रेपलाञ्चोक तथा भक्तपुर जिल्लाका विभिन्न विद्यालयहरूलाई फर्निचर उपलब्ध गराउनुको साथै कोभिड-१९ को संक्रमणको समयमा अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीहरूलाई कम्पनीको नेटवर्कभित्र पोस्टपेड र प्रिपेड सिमकार्डमा एक महिनासम्म निःशुल्क भ्वाइस कल प्रदान गरिएको छ।

३. संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन

सेवा वितरणमा प्रभावकारिता, कर्मचारीहरूको दक्षता अभिवृद्धि, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक जवाफदेहिता एवं लगानीकर्ता तथा सरोकारवालाको विश्वास वृद्धिका लागि संस्थागत सुशासनको भूमिका अपरिहार्य हुन्छ । यस अनुसार संस्थागत सुशासन कायम गर्न कम्पनीले नेपाल सरकार तथा नियामक निकायहरूबाट समय समयमा जारी गरिएका नीति निर्देशनहरू पालना गर्दै आएको छ। नागरिक बडापत्र, कर्मचारी विनियमावली, आर्थिक विनियमावली, लेखा नीतिका साथै अन्य नीतिगत व्यवस्था गरी कम्पनीका सबै क्रियाकलापलाई हरसम्भव पारदर्शी बनाइएको छ। कम्पनीको खरिद प्रक्रियालाई पारदर्शी एवं प्रतिस्पर्धात्मक बनाउन विद्युतीय बोलपत्र (E–Bidding) विधि अवलम्बन गरिएको छ।

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरी जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण र अनुगमन गर्ने गरिएको छ। लेखापरीक्षण समितिको प्रत्यक्ष निगरानी र रेखदेखमा आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागको कार्यसम्पादन हुने गरेको छ।

प्राविधिक तथा व्यावसायिक गतिविधिको नियमित मुल्याङ्कन गरी सम्भावित नोक्सानी/जोखिम कम गर्न कम्पनी प्रतिबद्ध छ। यसका लागि प्रत्येक दुई वर्षको अन्तरालमा कम्तीमा एकपटक आय सुनिश्चितताको परीक्षण (Revenue Assurance Audit), कार्यसम्पादन परीक्षण (Performance Audit) र प्राविधिक परीक्षण (Technical Audit) लाई निरन्तरता दिइएको छ। साथै प्रचलित श्रम ऐनमा भएको व्यवस्था अनुसार श्रम अडिट कार्यान्वयन गर्न नीतिगत तथा संरचनात्मक व्यवस्था निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

४. व्यावसायिक सफलता

ग्राहक आधार, कुल आय, खुद आय, सेवाको गुणस्तर, ग्राहक सन्तुष्टि, प्रति ग्राहक आय वृद्धि, नवीन प्रविधि अवलम्बन, संस्थागत सुशासन, उपलब्ध स्रोतसाधनको परिचालनजस्ता सूचकलाई कम्पनीले व्यावसायिक सफलताको मानकको रूपमा लिएको छ।

यस आर्थिक वर्षमा कम्पनीको भ्वाइस सेवाको ग्राहक आधार ५.५७ प्रतिशतले वृद्धि भई २ करोड ११ लाख पुगेको छ। कम्पनीको राजस्वको प्रमुख स्रोतको रूपमा रहेको जी.एस.एम. सेवाको ग्राहक १४.२४ प्रतिशतले वृद्धि भएको छ। साथै, कम्पनीको डाटा सेवाको ग्राहक आधार ३५.३१ प्रतिशतले वृद्धि भई २ करोड ३ लाख ९७ हजार पुगेको छ। बजारको माग अनुसार कम्पनीले डाटा सेवामा जोड दिई सोही अनुरूप आफ्नो योजना कार्यान्वयन गर्दै सुविधा उपलब्ध गराउँदै आएको छ। यस आर्थिक वर्षमा कम्पनीले डाटा सेवाको बजार हिस्सामा उल्लेख्य वृद्धि गरेको छ। कम्पनीको ब्रोडब्याण्ड डाटा सेवाको बजार हिस्सा ५.१४ प्रतिशतले वृद्धि भई ५३.८२ प्रतिशत पुगेको छ। यसरी भ्वाइस र डाटा दुवै सेवामा यस कम्पनी नेपालको अग्रणी संस्थाको रूपमा स्थापित हुन सफल भएको व्यहोरा यहाँहरू समक्ष राख्न पाउँदा म गौरवान्वित भएको छु।

प्रविधिमा भएको विकास र परिवर्तनसँगै विश्वमै भ्वाइस सेवाको व्यापार क्रमशः डाटा तथा अन्य भ्यालु एडेड सेवामा रूपान्तरण हुने क्रममा रहेको छ। बढ्दो प्रतिस्पर्धाका कारण व्यापार प्रवर्द्धनको लागि प्रतिस्पर्धी मुल्यमा सेवा उपलब्ध गराउनुपर्ने बाध्यता विद्यमान छ। यति हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय तथा अन्तरदेशीय अन्तर-आबद्धता सेवाबाट रु. ५ अर्ब ८० करोड, वायरलाइन सेवाबाट रु. ३ अर्ब ३३ करोड, वायरलेस सेवाबाट रु. २६ अर्ब ३७ करोड, गैर कार्य सञ्चालन आयवाट रु. ६ अर्ब २७ करोड सहित कुल राजस्व र खूद नाफा क्रमशः रु. ४२ अर्ब २१ करोड र रु.७ अर्ब १३ करोड कायम गर्न कम्पनी सफल भएको छ। कोभिड-१९ को कारणले भ्वाइस तथा अन्तर्राष्ट्रिय रोमिङ (International Roaming) सेवामा गिरावट आएको र विभिन्न प्रकारका अफरहरूका कारण सस्तो दरमा सेवा उपलब्ध गराइएकाले ग्राहक वृद्धिको अनुपातमा राजस्वमा केही कमी देखिएको छ। तथापि कम्पनीको राजस्व र नाफा वृद्धिमा आदरणीय शेयरधनी महानुभावहरूको योगदानको उच्च कदर गर्दै कम्पनी सञ्चालक समितिको निर्णयानुसार आर्थिक वर्ष २०७७/७८ को नाफाबाट प्रति शेयर २० प्रतिशत नगद लाभांश दिने प्रस्ताव यस गरिमामय सभासमक्ष राखेको छु। यसैगरी आदरणीय शेयरधनी महानुभावहरूको लगानीको थप प्रतिफल दिने उद्देश्यले कम्पनी सञ्चालक समितिको निर्णयानुसार २० प्रतिशत बोनस शेयर उपलब्ध गराउने प्रस्ताव गरेको छु। भविष्यमा समेत शेयरधनी महानुभावहरूलाई आकर्षक प्रतिफल प्रदान गर्नेतर्फ कम्पनी सधैँ प्रयत्नशील रहने विश्वास दिलाउँदछु।

५. सेवा विस्तार तथा गुणस्तर सुधार

प्रविधिमा भइरहेको विकास, ग्राहकको माग र आवश्यकता, आर्थिक-सामाजिक क्रियाकलापमा सूचना प्रविधिको अपरिहार्यता जस्ता पक्षहरूको विश्लेषण र मुल्याङ्कन गरी कम्पनीले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै लगेको छ। मुलुकभर अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराउने पहलस्वरूप ७७ जिल्लाका ७२० भन्दा वढी स्थानीय निकायमा 4G/LTE सेवा उपलब्ध भइसकेको छ। बाँकी स्थानमा छिट्टै यो सेवा विस्तार गर्ने गरी काम भइरहेको छ। सोलुखुम्बुको ३,१३० मिटर उचाइमा रहेका विकट ताक्सिन्दु एवं जुभु र ओखलढुङ्गाको विकट सेर्नामा यसै आर्थिक वर्षदेखि मोबाइल सेवा आरम्भ गरिएको छ। सेवाको स्तरोन्नति गर्दै सेवा विस्तार तथा गुणस्तर वृद्धि गर्ने क्रममा आर्थिक वर्ष २०७७/७८ मा थप १,५६६ eNodeB जडान गरी सञ्चालनमा ल्याइएको छ। विगत वर्षहरूमा जस्तै यस आर्थिक वर्षमा पनि Preventive Maintenance, Network Optimization, Battery Backup थप गर्ने जस्ता कार्यहरूलाई निरन्तरता दिएको छ। यसबाट कम्पनीको वायरलेस सेवाको विस्तार र गुणस्तरमा थप सुधार हुने अपेक्षा गरिएको छ।

६. व्यावसायिक रणनीति

उपभोक्ताको माग र चाहना बमोजिम नवीनतम प्रविधिमा आधारित गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउनु कम्पनीको प्रमुख लक्ष्य रहेको छ। यसका लागि डाटा सेवा (Data Service), भ्यालु एडेड सेवा (Value Added Service) लगायतका नवीनतम प्रविधिमा आधारित सेवाहरूको विकास तथा विस्तार गरिएको छ। उपभोक्तालाई सरल, सहज र सुलभ दरमा विविध सेवाहरू उपलब्ध गराउन तथा कम्पनीको राजस्व वृद्धि गर्न छिट्टै वायरलेस प्रविधिको फोरजी एलटीई

(4G/LTE) विस्तार कार्यलाई पूर्णता दिई फाईभजी (5G) सेवाको परीक्षण गर्ने गरी कार्य अगाडि बढाइएको छ। तारहित र तारसहित सेवाको विस्तार, अन्तर्राष्ट्रिय रोमिङ सेवाको विस्तार एवं वितरित सेवाहरूको गुणस्तर सुधारलगायतका कार्यहरूलाई तीब्रता दिइएको छ। भ्वाइस सेवालाई डाटा सेवाले प्रतिस्थापन गर्दै लगेकाले डाटाको माग पूर्तिका लागि भ्यालु एडेड सेवा विस्तारलाई प्राथमिकतामा राखिएको छ । डिजिटल अर्थतन्त्रको विकास र विस्तार गर्न सहयोग गर्ने क्रममा राष्ट्रिय वाणिज्य बैंकसँगको सहकार्यमा मोबाइलमा आधारित वित्तीय सेवा (Mobile Financial Service) उपलब्ध गराउन नेपाल टेलिकमको सहायक कम्पनीको रूपमा नेपाल डिजिटल पेमेन्टस् कम्पनी (Nepal Digital Payments Company) स्थापना भई सेवा शुरु भइसकेको छ। यस कम्पनीले इन्टरनेट सुविधा उपलब्ध नहुँदा समेत USSD प्रविधिबाट डिजिटल भुक्तानी गर्नसक्ने मोबाइल एप्सको विकास गरी सञ्चालनमा ल्याएको छ। कम्पनीका सीडीएमए (CDMA) तथा वाईम्याक्स (WiMAX) सेवातर्फका ग्राहकलाई 4G/LTE सेवामा रूपान्तरण गर्ने कार्यलाई तीब्रता दिइएको छ। स्थानीय सेवातर्फ तामाको तार (Copper Wire) लाई फाइबर नेटवर्कले प्रतिस्थापन गर्ने कार्यलाई तीब्रताका साथ अगाडि बढाइएको छ।

७. संस्थागत सुधार

दूरसञ्चार क्षेत्रमा विकास भइरहेको प्रतिस्पर्धात्मक वातावरण अनुकूल हुने गरी कम्पनीको निर्णय प्रक्रिया, कार्यशैली, संस्थागत संरचनामा सुधार गर्दै कम्पनीलाई परिवर्तनमुखी, व्यावसायिक तथा गतिशील संगठनको रूपमा अगाडि बढाउन कम्पनीको संरचनामा परिमार्जन गरिएको छ । विगत लामो समयदेखि कम्पनीमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासको प्रक्रिया अवरुद्ध भएको र नयाँ कर्मचारी पनि भित्र्याउन नसकिएकोमा पछिल्लो समय सोको प्रक्रिया आरम्भ गरिएको छ। यसबाट कर्मचारीहरूको मनोबल उच्च रहन गई कम्पनीको कार्यसम्पादनमा ठोस सुधार आउने अपेक्षा गरिएको छ।

कम्पनीका निर्धारित लक्ष्य, योजना र अन्य नियमित कार्य समयमै सम्पन्न गर्ने प्रतिबद्धताका साथ कम्पनीका प्रबन्ध निर्देशक तथा प्रमुख प्राविधिक अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, प्रमुख मानव संशाधन अधिकृत, प्रमुख वित्तीय अधिकृत, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक, वायरलेस सेवा निर्देशनालयका निर्देशक र ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजना प्रमुखबीच कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादन मापन गर्ने विधि अवलम्बन गरिएको छ। कम्पनीमा कार्यरत आठौं तहसम्मका कर्मचारीहरूलाई कार्यसम्पादन सम्झौता बमोजिमको कार्यसम्पादनस्तरका आधारमा प्रोत्साहन भत्ता दिने गरी अधिकृतस्तरका सबै कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता गर्न शुरु गरिएको छ । कर्मचारीको कार्यसम्पादन स्वचालित मुल्याङ्कन गर्ने प्रक्रियाको थालनी गरिएको छ । कम्पनीका विनियमावली तथा नीतिहरू समयसापेक्ष बनाउँदै लगिएको छ। लामो समयदेखि संशोधनको प्रक्रियामा रहेको नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ जारी भई २०७८ साउन १ गते देखि कार्यान्वयनमा आएको छ । कर्मचारी सरुवा सम्बन्धी नीति निर्माण भई कार्यान्वयनको चरणमा छ। कर्मचारीहरूको सरुवाका लागि Online Transfer Request गर्न सकिने प्रविधिको विकास गरिएको छ। कम्पनीले गर्ने लगानीलाई विविधीकरण गरी उपलब्ध कोषको उपयोग गर्न लगानी नीतिलाई सामयिक बनाउने प्रक्रिया आरम्भ गरिएको छ । यसबाट कम्पनीको आयस्रोतको विविधीकरण भई कम्पनीको प्रमुख सेवालाई लागत प्रभावी बनाई सेवाको गुणस्तर सुधार गर्न स्रोतको सुनिश्चितता हुने विश्वास लिइएको छ।

आदरणीय शेयरधनी महानुभावहरू,

अब म चालु आर्थिक वर्ष २०७८/७९ मा कार्यान्वयन गरिने प्रमुख कार्यक्रम तथा आयोजनाको बारेमा संक्षिप्तमा प्रकाश पार्ने अनुमति चाहन्छु।

१. वायरलाइन टेलिफोन

वायरलाइन सेवातर्फ FTTH सेवाको विस्तार, BRAS, Telecom GIS, IPTV विस्तार, IVR आयोजनाहरूलाई निरन्तरता दिँदै PoI/IGW जस्ता नयाँ आयोजनाहरू समयभित्रै सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइएको छ।

२. वायरलेस टेलिफोन

वायरलेस टेलिफोनतर्फ नयाँ प्रविधि समेत प्रयोग गरी 2G/3G/4G/LTE सेवाको विस्तार, Tower/ Power/ Transmission को पूर्वाधार विकास, Infrastructure Development, Dealer Management System लाई निरन्तरता दिँदै Managed Service/RNO for Wireless Network, Geo Location Tool, Power System Optimization तथा Transmission Network Expansion and Optimization लगायतका नयाँ आयोजनाहरू अगाडि बढाइएका छन्।

३. सूचना प्रविधि तथा बिलिङ

कम्पनीका सेवाहरूमा उच्च प्रविधिको प्रयोग गर्ने र बिलिङ प्रणालीलाई समयसापेक्ष बनाउने क्रममा Business Intelligence, Document Management System, Customer Care Center, DOS/DDOS Protection System आयोजनाहरूलाई निरन्तरता Next Generation Real Time Billing System, Revenue Assurance System, ERP Upgrade, Security Information and Event Management, Endpoint Detection and Response लगायतका आयोजनाहरू अघि बढाइएका छन्।

४. ब्याकबोन प्रसारण

IP RAN Transmission, उच्च क्षमताको DWDM, भूमिगत (Under Ground) तथा ADSS Optical Network विस्तार आयोजनाहरूलाई निरन्तरता दिँदै Centralized Network Operation Centre (NOC), High–Capacity Router Equipment, Transmission Equipment for Transborder Connectivity तथा Low–Capacity Transmission Equipment for Various Optical Routes को कार्य अगाडि बढाइएको छ।

५. ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजना

प्रदेश नं. १, मधेश प्रदेश, वागमती प्रदेश, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेश अन्तर्गत मध्यपहाडी लोकमार्ग, पूर्वपश्चिम लोकमार्गमा Optical Fiber विस्तार, High Capacity DWDM and Router तथा Microwave Radio Transmission Network उपकरणहरू जडान तथा सञ्चालन गरिनेछ।

आदरणीय शेयरधनी महानुभावहरू,

कम्पनीको कोषमा रहेको रकमलाई उच्च प्रतिफल प्राप्त हुने र जोखिम न्यून गर्ने गरी विविध क्षेत्रमा लगानी गर्ने नीति लिइएको छ। यसका लागि लगानी नीतिलाई समयानुकूल बनाउँदै लगिनेछ। कम्पनीले लगानी विविधीकरण योजना अनुरूप आर्थिक वर्ष २०७७/७८ सम्ममा देहायबमोजिम लगानी गरेको छः-

लगानीको क्षेत्र	रकम (रु. लाख)	कम्पनीको हिस्सा (%)	कैफियत
माथिल्लो तामाकोशी जलविद्युत आयोजना	६३,५४	६.०	
त्रिशुली थ्रीबी जलविद्युत आयोजना	७४,१०	३०.०	
विद्युत उत्पादन कम्पनी लिमिटेड	३३,००	१०.०	रु. २० करोड बाँकी
नागरिक स्टक डिलर कम्पनी लिमिटेड	४५,००	९.०	
नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड	२४,८९	६२.२	

कम्पनीमा रहेको कोषको उपयोग कम्पनीको सेवा विस्तार र गुणस्तर सुधारमा प्राथमिकताका साथ गरिनु पर्दछ भन्ने मान्यता रहेको छ। यसका अतिरिक्त अन्य क्षेत्रका उच्च प्रतिफल प्राप्त हुने कार्यक्रम तथा आयोजनाहरूमा समेत आवश्यकताअनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लगानी गर्ने नीति लिइनेछ।

अन्त्यमा, कोभिड-१९ सङ्क्रमणको जोखिम कायमै रहेको समयमा यस गरिमामय सभामा सक्रिय सहभागिता जनाउनु भएकोमा आदरणीय शेयरधनी महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। शेयरधनी महानुभावहरूले कम्पनी प्रति देखाउनु भएको सद्भाव, विश्वास तथा आस्था आगामी दिनहरूमा पनि निरन्तर रहनेछ भन्ने मेरो अपेक्षा र विश्वास छ।

कम्पनीका सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरीय बनाउन निरन्तर लागिरहनु भएका सबै कर्मचारीको लगनशीलता, मेहनत तथा ग्राहक सेवाप्रतिको समर्पणको उच्च कदर गर्दछु। आगामी दिनमा पनि सबै कर्मचारीले कम्पनीको उच्च प्रगति र उपभोक्ताको सन्तुष्टिका लागि आफ्नो क्षमता, दक्षता, सीप र अनुभवको पूर्ण उपयोग गर्नु हुनेछ र दत्तचित्त भई काम गर्नु हुने कर्मचारीहरूलाई प्रोत्साहित गर्नमा शेयरधनी महानुभावहरूको पनि विमति हुने छैन भन्ने मेरो विश्वास छ।

कम्पनीको व्यावसायिक क्रियाकलापहरूमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, नेपाल सरकारका निकायहरू, नेपाल धितोपत्र बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरण, आपूर्तिकर्ता एवं सेवाप्रदायकहरू, सञ्चारकर्मी मित्रहरू, सरोकारवाला तथा शुभचिन्तक लगायत सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। तीव्र प्रतिस्पर्धाको आजको समयमा कम्पनीलाई अग्रणी स्थानमा कायम राख्न यहाँहरूबाट सदाझैं सहयोग र सद्भाव प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद!
२०७८/१२/२४
बैकुण्ठ अर्याल
अध्यक्ष

कम्पनी व्यवस्थापन



श्री प्रतिभा बैद्य
निमित्त प्रबन्ध निर्देशक



श्री अनन्त मान सिंह
प्रमुख प्राविधिक अधिकृत तथा
प्रमुख संचालन अधिकृत



श्री संगिता पहाडी
प्रमुख व्यावसायिक अधिकृत



श्री राजेन्द्र श्रेष्ठ
कम्पनी सचिव



श्री राजेन्द्र अर्याल
प्रमुख वित्तीय अधिकृत



श्री सुरज सिंह थापा
प्रमुख मानव संशाधन अधिकृत



श्री प्रेम बहादुर गुरुङ्ग
ना.प्र.नि., आ.ले.प. तथा निरीक्षण विभाग

सेवा तथा सहयोगी निर्देशनालयहरू



श्री मिनु प्रधान
निर्देशक, वायरलेस सेवा निर्देशनालय



श्री विनिता श्रेष्ठ
निर्देशक, ब्याकबोन प्रसारण निर्देशनालय



श्री सविना प्रधान
निर्देशक, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय



श्री सूर्य नारायण मालाकार
निर्देशक, सूचना प्रणाली सहयोगी निर्देशनालय

प्रादेशिक निर्देशनालयहरू



श्री लक्ष्मण महर्जन
कार्यवाहक निर्देशक, १ नं. प्रदेश,
विराटनगर



श्री सनाउल्लाह खान
निर्देशक, मधेश प्रदेश,
वीरगञ्ज



श्री राधा कृष्ण ढुंगेल
निर्देशक, बागमती प्रदेश,
काठमाडौं



श्री इन्दल यादव
निर्देशक, गण्डकी प्रदेश,
पोखरा



श्री झबिन्द्र लाल उपाध्याय
निर्देशक, लुम्बिनी प्रदेश,
भैरहवा



श्री ज्ञानेश दंगाल
निर्देशक, कर्णाली प्रदेश,
सुर्खेत



श्री किशोर कुमार भट्ट
निर्देशक, सुदूर पश्चिम प्रदेश,
अत्तरिया

सञ्चालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, नियामक निकायका प्रतिनिधिहरु, कम्पनीको बाह्य लेखापरीक्षक, कम्पनीको कानूनी सल्लाहकार, कर्मचारीहरू लगायत सबैलाई हार्दिक स्वागत तथा अभिबादन ब्यक्त गर्दछौं ।

समीक्षा वर्ष २०७७/७८ मा विश्वव्यापीरुपमा फैलिएको कोरोना भाईरसको असर र प्रभाव बाँकी रहेकाले वन्दा वन्दी (Lockdown) का कारण सेवा विस्तार तथा वितरणमा परेको असर, प्रविधिमा आएको परिवर्तन तीव्र बजार प्रतिस्पर्धा, विभिन्न समयमा महशुलमा गर्नु परेको कटौती र इन्टरनेटमा आधारित OTT (जस्तैः Viber, Whatsapp, Messenger आदि) सेवाहरुको ब्यापक प्रयोगको कारणले कम्पनीको डाटा तथा भ्वाइस सेवाको राजश्वमा कमी आई समग्र राजश्वमा नकारात्मक प्रभाव पर्न गयो । यस कठिन परिस्थितिका बावजुद समीक्षा वर्षमा कम्पनीको व्यावसायिक उपलब्धि तथा वित्तीय नतिजा सन्तोषजनक नै रहेको छ।

परिवर्तित स्थितिमा आम ग्राहकहरुको चाहना तथा आवश्यकता (Voices and Choices of Customers) लाई मध्यनजर गरी कम्पनीले नवीनतम प्रविधिमा आधारित गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्न आफ्नो सबै स्रोत तथा साधनहरूलाई अधिकतम परिचालन गर्दै आएको छ। कोरोना भाईरस महामारीको समयमा पनि अति आवश्यक दूरसञ्चार सेवा प्रदान गर्न सुरक्षाका उपायहरु अवलम्बन गरी इन्टरनेट सेवा, भ्यालू एडेड सेवा तथा अन्य नवीनतम सेवाहरुको विकास तथा विस्तार कार्यलाई समीक्षा अवधिमा पनि निरन्तरता दिइएको छ। मुलुकका सम्पूर्ण भू-भागमा वसोवास गर्ने जनताहरुलाई अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराउने योजना अन्तर्गत कम्पनीले अत्यन्त तीव्र गतिको वायरलेस प्रविधिको 4G/VOLTE Advanced सेवालाई देशका ७७ वटै जिल्लामा विस्तार गरेको छ। त्यसैगरी नेपाल सरकारको डिजिटल नेपालको अवधारणालाई मुर्तरुप दिन कम्पनीले यस आ.व.लाई "FTTH वितरण वर्ष" घोषणा गरी सेवाविस्तारलाई विशेष जोड दिएको छ। त्यस्तै कम्पनीको वित्तीय अवस्था सुधार गर्न तार रहित सेवाहरुमा आमूल रुपान्तरण सहित विस्तार, अन्तर्राष्ट्रिय रोमिङ्ग सेवाको विस्तार र सेवाहरुको गुणस्तर सुधार लगायतका कार्यहरुलाई निरन्तरता दिइएको छ। कम्पनीले संस्थागत सुशासनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस सम्वन्धी विश्वव्यापी सिद्धान्त, देशको प्रचलित ऐन कानुन, कम्पनीका नितिनियमहरुलाई पारदर्शी रुपमा प्रस्तुत गर्ने तथा कार्यान्वयन गर्ने गरेको छ । आर्थिक वर्ष २०७७/७८ मा कम्पनीले गरेका प्रगतिहरू, उपलब्धिहरु तथा कम्पनी सञ्चालनमा देखिएका चुनौतीहरू एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरू सहितको प्रतिवेदन कम्पनी ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ बमोजिम तयार गरी सञ्चालक समितिको तर्फबाट यस सभामा स्वीकृतिको लागि पेश गरिएको छ।

कम्पनीको कार्य सम्पादन

वित्तीय उपलब्धी

आ.व. २०७७/७८ मा कम्पनीको कूल आय रु. ४२ अर्ब २१ करोड कायम भएको छ जुन गत वर्षको तुलनामा २.१६ प्रतिशतले कम रहेको छ । त्यस्तै नाफामा २२.२७ प्रतिशतले कमी आई रु.७ अर्ब १३ करोड कायम भएको छ। कम्पनीको आय तथा नाफामा कमी आउनुका मुख्य कारणहरु यस प्रकार रहेका छन् :

- Covid-19 का कारण देशभर भएको लकडाउनले सेवा विस्तार तथा मर्मत सम्भारमा असर पर्नु।
- दूरसञ्चार प्रविधिको विकास, इन्टरनेट सेवा र Smart Phoneको बढ्दो पहुँचले OTT (जस्तैः Viber, Whatsapp, Messenger, imo आदि) सेवाहरुको ब्यापक प्रयोग, विदेशबाट हुने आगमन कल र मुलुकभित्र हुने कलको परिमाणमा असर पर्नु।
- भ्वाइस सेवाको ब्यापार क्रमिक रुपमा इन्टरनेट तथा अन्य भ्यालु एडेड सेवामा स्थानान्तरण हुनु।
- बढदो प्रतिस्पर्धाको कारण ब्यापार प्रवर्द्धनका लागि महशुलमा कटौती गर्नु पर्ने बाध्यता आउनु।

- लामो समय बन्दा बन्दीले गर्दा आर्थिक गतिविधिमा कमी आएको र समग्र उपभोक्ताको क्रय शक्ति घटेका कारण दूरसञ्चार सेवाको उपभोग गर्ने प्रवृत्तिमा कमी आउनु।
- कम्पनीबाट गरिएको वित्तीय लगानीको प्रतिफल दरमा कमी आउनु।

कम्पनीको वित्तीय उपलब्धिको मूख्य झलक यस प्रकार रहेको छ: (रकम रु. अर्बमा)

विवरण	आर्थिक वर्ष		बढी/(घटी)	
	२०७७/७८	२०७६/७७	रु. मा	प्रतिशतमा
कूल आय	४२.२१	४३.१४	(०.९३)	(२.१६)
सञ्चालन आय	३५.९४	३४.६२	१.३२	३.८१
कर्मचारी खर्च	६.९५	६.७३	०.२२	३.२७
मर्मत तथा सञ्चालन खर्च	७.८४	७.१०	०.७४	१०.४२
प्रशासनिक खर्च	०.९७	१.१४	(०.१७)	(१४.९१)
बजारीकरण तथा प्रबर्द्धन खर्च	०.१९	०.२२	(०.०३)	(१३.६४)
कूल खर्च	३१.२६	२९.२०	२.०६	७.०५
नाफा	७.१३	९.१७	(२.०४)	(२२.२५)
प्रति शेयर आम्दानी (रु.)	४७.५३	६१.१५	(१३.६२)	(२२.२७)
नेटवर्थ प्रतिशेयर रु.	५९७.८८	५८०.२३	१७.६५	३.०४

आय (Income)

PSTN तथा ADSL का ग्राहकलाई FTTH सेवामा रुपान्तरण तथा प्रविधिमा भएको परिवर्तनका कारण PSTN तथा ADSL सेवाको आय रु. ७७ करोड ३८ लाखले कमी भएको, CDMA प्रविधिमा रहेका ग्राहकहरुलाई GSM प्रविधिमा रुपान्तरण गर्न आरम्भ गरिएका कारण CDMA सेवाको आय रु १४ करोड ९८ लाखले कमी भएको, OTT प्रयोगका कारण अन्तर्राष्ट्रिय अन्तरआवद्धता वापतको आय रु. ८४ करोड ६३ लाखले कमी आएको छ। तर GSM सेवामा रु. २ अर्ब २० करोडले आय वृद्धि भएका कारण कुल कार्य सञ्चालन आय रु. १ अर्ब ३२ करोडले वृद्धि भएको छ।

यसैगरी बैंक तथा वित्तीय संस्थामा भएको लगानीको प्रतिफलमा आएको कमीका कारण व्याज आम्दानी रु. १ अर्ब १८ करोडले घट्न गएको तथा अन्य आय रु १ अर्ब ७ करोडले घट्न गएको हुंदा समीक्षा अवधिमा कम्पनीको समग्र आयमा रु. ९३ करोड ३४ लाखले कमी आएको हो।

अदृश्य सम्पत्ति (Intangible Assets)

PSTN सेवाको License नविकरण गरिएका कारण समीक्षा अवधिमा अदृश्य सम्पत्ति रु. १२ करोड २२ लाख पुगेको छ ।

जायजेथा, प्लाण्ट र उपकरण (Property Plant and Equipment)

आयोजनाहरु सम्पन्न भई पूँजीकरण गरिएको कारणले समीक्षा अवधिमा जायजेथा, प्लाण्ट र उपकरण ३.९५ प्रतिशतले वृद्धि भई रु. ४९ अर्ब ८१ करोड ६१ लाख पुगेको छ।



पूँजीगत कार्य प्रगति (Capital work in Progress)

आयोजनाहरु सम्पन्न भई पूँजीकरण गरिएको कारणले समीक्षा अवधिमा पूँजीगत कार्य प्रगति ११.०७ प्रतिशतले कम भई रु. १० अर्ब ३१ करोड ११ लाख पुगेको छ।

स्थगन कर सम्पत्ति (Deferred Tax Assets)

जग्गा पूनर्मूल्याङ्कन गर्दा भएको मुनाफामा करिब रु. ६ अर्बको स्थगन कर दायित्व गत आ.व. २०७६।७७ मा लेखाङ्कन गरी वित्तीय विवरण परिमार्जन गरिएको तथा समीक्षा अवधिमा कर प्रयोजनका लागि दावी हुने खर्च किताबी खर्च भन्दा कम भएका कारण स्थगन कर सम्पत्ती समीक्षा अवधिमा ११४.५३ प्रतिशतले वृद्धि भई रु ७ अर्ब ८१ करोड पुगेको छ।

जिन्सी मौज्दात (Inventories)

सेवा विस्तारको लागि आवश्यक पर्ने जिन्सी उपकरणहरु खरिद गरिएको कारणले समीक्षा अवधिमा जिन्सी मौज्दात ११६.५७ प्रतिशतले वृद्धि भई रु. ५५ करोड ८४ लाख पुगेको छ।

आसामी बाँकी (Trade Receivable)

आसामी असुली र आसामीमा रहेको जोखिमको आधारमा गरिएको व्यवस्थाको कारणले समीक्षा अवधिमा आसामी बाँकी २.१८ प्रतिशतले बृद्धि भई रु.२ अर्ब ३० करोड पुगेको छ।

दीर्घकालिन कर्मचारी सुविधा (Post Employee Benefit)

कर्मचारीलाई भुक्तानी गर्नु पर्ने दायित्व Actuarial Valuation अनुसार वृद्धि भएका कारण समीक्षा अवधिमा दीर्घकालिन कर्मचारी सुविधा १३.३० प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ५० करोड पुगेको छ।

जि.एस.एम लाइसेन्स नविकरण शुल्क (GSM License Fee Renewal)

जि.एस.एम लाइसेन्सको दोस्रो नविकरण वापत दोस्रो किस्ता भुक्तानी भएका कारण समीक्षा अवधिमा जि.एस.एम लाइसेन्स नविकरण शुल्क ३०.८० प्रतिशतले घट्न गई रु.७ अर्ब ६ करोड पुगेको छ।



रातामाटा, सुर्खेत

चालु दायित्व (Current Liabilites)

दूरसञ्चार उपकरणको खरिद वापत भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी भएका कारण समीक्षा अवधिमा चालु दायित्व ५.७१ प्रतिशतले घट्न गई रु.१३ अर्ब २१ करोड पुगेको छ।

व्यवस्थाहरु (Provisions)

जि.एस.एम लाइसेन्स वापत तेस्रो नविकरण शुल्कको लागि रु. ४ अर्ब को थप व्यवस्था गरिएको हुंदा समीक्षा अवधिमा व्यवस्थाहरु ८४.६९ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ७२ करोड पुगेको छ।

मर्मत तथा संभार खर्च (Operation and Maintenance Costs)

कम्पनीमा प्रयोग भएका उपकरणहरुको मर्मत तथा संभार गरिएको कारण समीक्षा अवधिमा मर्मत तथा संभार खर्च १०.३९ प्रतिशतले बृद्धि भई रु. ७ अर्ब ८४ करोड पुगेको छ।

बैदेशिक मुद्रा सटही दरबाट भएको (नोक्सान)/नाफा (Foreign Exchange (Loss)/Gain)

बैदेशिक मुद्राको दर रेटमा भएको परिवर्तनका कारण समीक्षा अवधिमा रु. ५ करोड ५६ लाख नाफा भएको छ जुन गत आ.व.को तुलनामा ९५.३७ प्रतिशतले कम भएको हो।

वित्तीय खर्च (Finance Cost)

मुख्यतः दिर्घकालिन रुपमा भुक्तानी हुने जि.एस.एम लाइसेन्स वापतको नविकरण शुल्कमा नेपाल वित्तीय लेखामान अनुसार वित्तीय खर्च लेखाङ्कन गरिएको हुंदा समीक्षा अवधिमा ३३.९३ प्रतिशतले कम भई रु. ८३ करोड ६९ लाख पुगेको छ।

सहायक कम्पनीको सञ्चालन तथा वित्तीय उपलब्धीको मूख्य झलक


सहायक कम्पनी 'नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड (NDPC)' को विवरण

सर्वसाधारणलाई मोबाइल वित्तीय सेवा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडसँगको सहकार्यमा सहायक कम्पनी स्थापना गरिएको हो। नेपाल डिजिटल पेमेन्टस कम्पनी लिमिटेड (NDPC) लाई कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा २०७७ श्रावण १३ मा स्थापना गरिएको र नेपाल राष्ट्र बैंकबाट २०७७ चैत ३ गते भुक्तानी तथा फछ्यौंट ऐन, २०७५ अन्तर्गत इजाजतपत्र प्राप्त भएको छ।

देशभरि नै सजिलो, किफायती, भरपर्दो र सुविधाजनक डिजिटल भुक्तानी सेवा प्रदान गर्ने उद्देश्यका साथ NDPC स्थापना गरिएको छ। बजारमा मिति २०७८ भाद्र २९ देखि 'नमस्ते पे' ब्राण्ड सहित एक नयाँ सेवा प्रदायकको रुपमा कम्पनीले बैंकिङ तथा डिजिटल रूपमा बैंकिङ पहुंच नभएका जनसंख्याहरुलाई समेत नगद रहित वित्तीय प्रणालीमा समावेश गरी डिजिटल समाज सिर्जना गर्ने लक्ष्य राखेको छ।

सहायक कम्पनी 'नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड' को वित्तीय अवस्थाको विवरण

नेपाल डिजिटल पेमेन्टस कम्पनी लिमिटेड २०७७ श्रावणमा स्थापना भएतापनि व्यावसायिक कार्य सञ्चालन २०७८ भाद्रबाट मात्र शुरु भएको हुंदा समीक्षा अवधिमा कार्य सञ्चालन आय शुन्य रहेको छ।


रुकुम वोडर

वित्तीय उपलब्धिको मूख्य झलक यसप्रकार रहेको छ:

(रकम रु. मा)

विवरण	आर्थिक वर्ष २०७७।७८
वित्तीय आम्दानी	२,०५,१९,१२१
कुल आम्दानी	२,०८,०७,१२१
कर्मचारी खर्च	५३,५४,५३०
मर्मत तथा सञ्चालन खर्च	२४,१५,४१२
प्रशासनिक खर्च	६८,९९,४८९
कूल खर्च	२,१८,७८,३७३
नाफा/(नोक्सान)	(१७,००,२५१)
प्रति शेयर आम्दानी (रु.)	(०.४३)
नेटवर्थ प्रतिशेयर (रु.)	९९.५७

व्यावसायिक उपलब्धी

भ्वाइस सेवा


गत आ.व. मा करिब १ करोड ९९ लाख ८६ हजार ग्राहक आधार रहेकोमा यस आ.व. मा करिब ११ लाख १४ हजार ग्राहक संख्या बृद्धि भई कुल ग्राहक आधार २ करोड ११ लाख पुगेको छ। कम्पनीको कुल भ्वाइस सेवाको ग्राहक मध्ये ९४.६५ प्रतिशत ग्राहक GSM मोबाइल सेवामा रहेका छन्। देशभरिको समग्र भ्वाइस सेवातर्फ कम्पनीको बजार हिस्सा समीक्षा अवधिमा ०.३७ प्रतिशतले बृद्धि भई ५३.०६[1] प्रतिशत पुगेको छ।

कम्पनीको विभिन्न प्रविधि अन्तर्गतका भ्वाइस सेवाका ग्राहकहरु निम्नानुसार रहेका छन्: [2]

विवरण	आ. ब. २०७७/७८	आ. ब. २०७६/७७	बढी/(घटी)	बढी/(घटी) प्रतिशतमा	जम्मा प्रतिशतमा
आधारभूत टेलिफोन	५,६३,४६५	६,६४,३४२	(१,००,८७७)	(१५.१८)	२.६७
जि. एस. एम.	१,९९,७१,०८६	१,७४,८०,९६४	२४,९०,१२२	१४.२४	९४.६५
सि. डि. एम. ए.	४,३८,४९२	१८,०२,२२१	(१३,६३,७२९)	(७५.६७)	२.०८
एफ. टि. टि. एच.	१,२७,२२३	३८,६८०	८८,५४३	२२८.९१	०.६०
जम्मा ग्राहक	२,११,००,२६६	१,९९,८६,२०७	११,१४,०५९	५.५७	१००.००
कम्पनीको बजार हिस्सा	५३.०६	५२.६९		०.३७	

आ. व. २०७३/७४ देखि भ्वाइस सेवाको ग्राहक आधार:

सेवाहरु	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
आधारभूत टेलिफोन	६,८१,४१८	६,८६,७६२	६,७७,१२८	६,६४,३४२	५,६३,४६५
जि. एस. एम.	१,५३,१८,१४७	१,७५,८६,२१४	२,०२,३८,६३७	१,७४,८०,९६४	१,९९,७१,०८६
सि. डि. एम. ए.	१६,०२,०४५	१७,०६,९६३	१७,७९,९०२	१८,०२,२२१	४,३८,४९२
एफ. टि. टि. एच.	५९२	५९२	५९२	३८,६८०	१,२७,२२३
जम्मा ग्राहक	१,७६,०२,२०२	१,९९,८०,५३१	२,२६,९६,२५९	१,९९,८६,२०७	२,११,००,२६६



१ *नेपाल दूरसञ्चार प्राधिकरणको २०७८ आषाढको MIS Report अनुसार*
२ *कम्पनीको २०७८ आषाढको MIS Report अनुसार*

डाटा सेवा


गत आ.व. मा करिब १ करोड ५० लाख ७४ हजार ग्राहक आधार रहेकोमा समीक्षा अवधिमा करिब ५३ लाख २३ हजार ग्राहक संख्या बृद्धि भई कुल ग्राहक आधार २ करोड ३ लाख ९७ हजार पुगेको छ। कम्पनीको कुल डाटा सेवाको ग्राहक मध्ये ९७.९१ प्रतिशत ग्राहक GSM मोबाइल सेवामा रहेका छन्। देशभरिको समग्र डाटा सेवा (ब्रोडबाण्ड) तर्फ गत बर्ष ४८.६८ प्रतिशत रहेको कम्पनीको बजार हिस्सा समीक्षा अवधिमा ५.१४ प्रतिशतले बृद्धि भई ५३.८२[१] प्रतिशत पुगेको छ।

कम्पनीको विभिन्न प्रविधि अन्तर्गतका डाटा सेवाका ग्राहकहरु निम्नानुसार रहेका छन् :[२]

विवरण	आ. ब.		बढी/(घटी)	बढी/(घटी) प्रतिशतमा	जम्मा प्रतिशतमा
	२०७७/७८	२०७६/७७			
जि. एस. एम.	१,९९,७१,०८६	१,४६,८८,५३९	५२,८२,५४७	३५.९६	९७.९१
सि. डि. एम. ए.	१,३६,५७३	१,३६,५७३	-	-	०.६७
वाइम्याक्स	१८,५६१	१८,४९१	७०	०.३८	०.०९
ए. डि. एस. एल.	१,४९,३५२	१,९३,९६७	(४४,६१५)	(२३.००)	०.७३
एफ. टि. टि. एच.	१,२२,११०	३७,१३८	८४,९७२	२२८.८०	०.६०
जम्मा ग्राहक	२,०३,९७,६८२	१,५०,७४,७०८	५३,२२,९७४	३५.३१	१००.००
कम्पनीको बजार हिस्सा	५३.८२	४८.६८		५.१४	

आ.व. २०७३/७४ देखि डाटा सेवाको ग्राहक आधार :

सेवाहरु	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
जि. एस. एम.	८०,८५,७७६	१,०५,२२,१३८	१,३३,३९,६५९	१,४६,८८,५३९	१,९९,७१,०८६
सि. डि. एम. ए.	१,३६,५७३	१,३६,५७३	१,३६,५७३	१,३६,५७३	१,३६,५७३
वाइम्याक्स	१६,७२२	१७,६०६	१८,१७८	१८,४९१	१८,५६१
ए. डि. एस. एल.	१,८१,५८२	२,०६,२१७	२,१३,३४१	१,९३,९६७	१,४९,३५२
एफ. टि. टि. एच.	४९८	६७०	४,८२४	३७,१३८	१,२२,११०
जम्मा ग्राहक	८४,२१,१५१	१,०८,८३,२०४	१,३७,१२,५७५	१,५०,७४,७०८	२,०३,९७,६८२



सेवा विस्तार, उपलब्धता तथा गुणस्तर सुधार

एउटै लाइनबाट एकै पटक गुणस्तरीय टेलिफोन, उच्च गतिको ईन्टरनेट र टेलिभिजन (NTTV)समेत चलाउन सकिने FTTH प्रविधिको विस्तारलाई समीक्षा अवधिमा बिशेष जोड दिईएको छ। आ. व.०७७/७८ मा ३,१३,८५६ लाइन क्षमताको नेटवर्क विस्तार गरी जम्मा १,०९,७२९ FTTH लाइन (Unique CPE) बितरण गरिएको छ। २०७८ आषाढ मसान्तसम्ममा कुल ५ लाख भन्दा बढी FTTH लाइन वितरण गर्न सकिने पूर्वाधार नेटवर्क विस्तार गरी ५५ जिल्लाका बिभिन्न १०९ स्थानीय निकायमा कुल १,६०,१२८ लाइन (Unique CPE) मार्फत FTTH सेवा वितरण गरिएको छ। सो मध्ये FTTH Voice सेवाका १,२७,२२३, FTTH Data सेवाका १,२२,११० र NTTV सेवाका १,८८६ प्रयोगकर्ता रहेका छन्।

त्यसैगरी आ.व. ०७७/७८ मा जडान गरिएका १,५६६ eNodeB हरु मार्फत थप १५८ स्थानिय निकायमा 4G-LTE सेवा विस्तार भई २०७८ आषाढ मसान्तसम्ममा कूल ५,७८६ eNodeB मार्फत ६८५ स्थानीय निकायमा 4G-LTE सेवाको पहुँच पुगेको छ।

यस आ.व.मा उच्च गुणस्तर (High Definition Voice Quality) को voice call गर्न सकिने 4G प्रविधि अन्तर्गत Voice over LTE (VoLTE) सेवा पनि परिक्षणको रुपमा सञ्चालनमा ल्याईएको छ।

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजनाको प्रदेश नं १, मधेश प्रदेश र बागमती प्रदेश अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने बिभिन्न मार्गमा कुल २,१७९ किलोमिटर अप्टिकल फाईबर नेटवर्क विस्तार गर्ने कार्यक्रम अन्तर्गत यस आ.व. मा थप ७५० किलोमिटर विस्तार गरी कुल १,००६ किलोमिटर विस्तार भएको छ। साथै सोही प्रदेशहरुमा 100G Interface क्षमताको Router तथा 100G per Lambda क्षमताको DWDM उपकरणहरु पनि सञ्चालनको क्रममा रहेका छन्।

त्यसैगरी कर्णाली र सूदूरपश्चिम प्रदेश अन्तर्गत मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने बिभिन्न मार्गमा करिब ८६३ किलोमिटर अप्टिकल फाईबर नेटवर्क (UG/ADSS) विस्तार गर्न, 100G Interface क्षमताको Router तथा 100G per Lambda क्षमताको DWDM उपकरणहरु सञ्चालनमा ल्याउनका लागि खरिद गर्ने प्रक्रियामा रहेको छ।



गुणस्तर सुधार

कम्पनीले सेवाको पहुँच नपुगेको स्थानमा समय सापेक्षित सेवा विस्तार गर्नुको साथै प्रदान गरिएका विविध सेवाहरुको न्यूनतम गुणस्तर सुनिश्चत गर्ने प्रयासलाई निरन्तरता दिएको छ। सेवाको उपलब्धता एवं गुणस्तरमा थप अभिवृद्धि गर्नका लागि बिगतमा जस्तै यस आ.व. मा पनि Preventive Maintenance, Network Optimization, Transmission Network Capacity Upgrade, Service Core Network Capacity Upgrade, Solar Power Supply जडान, Battery Backup थप गर्ने लगायतका कार्यहरुलाई निरन्तरता दिईएको छ। सेवाको विस्तार, सेवाको निरन्तर उपलब्धता तथा सेवाको गुणस्तर सुधार गर्ने लगायतका महत्वपूर्ण कार्यहरुलाई प्राथमिकता दिन दक्ष जनशक्ति आवश्यक रहने मुख्य एवं महत्वपूर्ण कार्यमा कम्पनीका कर्मचारीलाई विशेषरुपमा केन्द्रीत गराई अन्य सहायक कार्यहरु Outsourcing मार्फत गराउने नीति अवलम्बन समेत गरिएको छ।

आर्थिक वातावरण

विश्व अर्थतन्त्र

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीले गर्दा आर्थिक क्रियाकलापमा आएको सुस्तताका कारणले अधिकाशं मुलुकहरुको आर्थिक वृद्धिदर ऋणात्मक भई सन् २०२० मा विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशतले नकारात्मक रहेको थियो । कोरोना खोपको सहज उपलब्धताका कारण विश्व अर्थतन्त्रमा केहि सकारात्मक प्रभाव हुने अनुमानका साथ सन् २०२१ मा ६.० प्रतिशतको आर्थिक वृद्धिदर रहने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । सन् २०२० मा विकसित मुलुक र उदीयमान तथा विकासशील मुलुकका अर्थतन्त्रहरु क्रमशः ऋणात्मक ४.७ प्रतिशत र ऋणात्मक २.२ प्रतिशतले वृद्धि भएकोमा सन् २०२१ मा क्रमशः ५.१ प्रतिशत र ६.७ प्रतिशत हुने कोषको प्रक्षेपण छ । चीन र भारतको आर्थिक वृद्धिदर सन् २०२० मा क्रमशः २.३ प्रतिशत र ऋणात्मक ८.० प्रतिशत रहेकोमा सन् २०२१ मा क्रमशः ८.४ प्रतिशत र १२.५ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

देशको अर्थतन्त्रको समीक्षा

नेपाल सरकार अर्थ मन्त्रालयले प्रकाशित गरेको आ.व. २०७७/७८ को आर्थिक सर्वेक्षण अनुसार लामो समयसम्मको बन्दाबन्दीका कारण आ.व. २०७६/७७ को आर्थिक वृद्धिदर पछिल्लो दुई दशकमै पहिलो पटक २.१ प्रतिशतले उच्च ऋणात्मक रहेको छ । समीक्षा अवधिको आर्थिक वृद्धिदर ४.० प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा अतिरिक्त मुल्यमा ३.९४ प्रतिशत र उत्पादक मुल्यमा ४.०१ प्रतिशतले कुल गार्हस्थ्य उत्पादन वृद्धि हुने अनुमान रहेको छ । आर्थिक वर्ष २०७७/७८ को कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान क्रमशः २६.२ र ७३.८ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान क्रमशः २५.८ र ७४.२ प्रतिशत रहेको थियो । आ.व. २०७६/७७ मा नेपालको मुद्रास्फीति ६.२ प्रतिशत रहेको छ ।

दूरसञ्चार क्षेत्रको समीक्षा

International Telecommunications Union (ITU) ले २०२१ अक्टोबरमा प्रकाशित गरेको प्रतिवेदन[३] अनुसार सन् २०२० को अन्त्यमा विश्वभर मोबाइल सेवाको औषत घनत्व १०७ प्रतिशत रहेको छ । विकसित मुलुकमा मोबाइल सेवाको घनत्व १३३ प्रतिशत, विकासशील मुलुकमा १०१.९ प्रतिशत, अल्पविकसित मुलुकमा ७४.९ प्रतिशत रहेको छ । मोबाइल सेवाको घनत्व सबैभन्दा बढी १४५.१ प्रतिशत कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स (CIS) मा रहेको छ भने सबैभन्दा कम ८३.७ प्रतिशत अफ्रिकामा रहेको छ । एसिया प्यासिफिक क्षेत्रमा मोबाइल सेवाको घनत्व १०८.१ प्रतिशत रहेको छ ।

समग्रमा विश्वको कुल जनसंख्याको ९६.७ प्रतिशत जनसंख्यामा सेलुलर मोबाइल नेटवर्कको पहुँच पुगेको छ भने 3G मोबाइल नेटवर्कको पहुँच ९३.६ प्रतिशत जनसंख्यामा र 4G-LTE/WiMAX मोबाइल नेटवर्कको पहुँच ८५ प्रतिशत जनसंख्यामा पुगेको छ । विकसित देशमा भने कुल ९९.७ प्रतिशत जनसंख्यामा सेलुलर मोबाइल नेटवर्कको पहुँच पुगेको अवस्था रहेको छ । अल्पविकसित देशको हकमा कुल ८८.७ प्रतिशत जनसंख्यामा सेलुलार मोबाइल नेटवर्कको पहुँच पुगेता पनि ग्रामीण भेगका १७ प्रतिशत जनता अझै पनि सेलुलर मोबाइल नेटवर्कको पहुँचबाट बञ्चित रहेको र १५ प्रतिशत जनतामाझ 2G मोबाइल नेटवर्कको मात्र पहुँच रहेको अवस्था छ ।

ITU ले प्रकाशित गरेको सोहि प्रतिवेदन अनुसार सन् २०२० को अन्त्यसम्ममा विश्वको ६५.७ प्रतिशत घरधुरिमा इन्टरनेटको पहुँच पुगिसकेको छ । घरधुरि अनुसार इन्टरनेटको पहुँच बिकसित मुलुकमा ८७.८ प्रतिशत, विकासशील मुलुकमा ५७.८ प्रतिशत र अल्पविकसित मुलुकमा २२ प्रतिशत रहेको छ । एसिया प्यासिफिक क्षेत्रमा भने जम्मा ६४.१ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ ।

विश्वभरी नै भ्वाइस सेवाको भन्दा डाटा सेवाको माग तीव्ररुपमा बढ्दै गएको पाईन्छ । साथै बिभिन्न प्रकारका सफ्टवेयर एप्लिकेसन (Over The Top-OTT) मार्फत निःशुल्करुपमा इन्टरनेटमा आधारित भ्वाइस टेलिफोन सेवा प्राप्त भएकाले त्यस्ता प्रकारका OTT सफ्टवेयर एप्लिकेसनहरुको ब्यापक प्रयोग हुन थालेको छ । जसले गर्दा अन्तर्राष्ट्रिय सेवा वापतको मात्र नभई राष्ट्रिय भ्वाइस तथा एसएमएस सेवा वापतको राजस्वमा नकारात्मक असर परेको छ । कोभिड-१९ का कारण श्रृजित विविध प्रकारका अनलाइन गतिबिधिले डाटा सेवाको माग अत्यधिक रुपमा बृद्धि भएतापनि सेवा विस्तारका लागि आवश्यक सामान तथा उपकरणहरुको उपलब्धता समयमा नै हुन नसकेकोले सेवाग्राहीको माग बमोजिम सेवा विस्तार गर्न कठिनाई भएको छ । डाटा सेवाको व्यापारमा परिमाणात्मक बृद्धि

३ *ITU_regional_global_Key_ICT_indicator_aggregates_Oct_2021 अनुसार*

भएतापनि प्रतिस्पर्धात्मक वातावरणका कारण भ्वाइस तथा डाटा सेवाको महसुल दरमा क्रमिक रुपमा गिरावट आईरहेको छ । यसका अतिरिक्त डाटा सेवाको महसुल दर भ्वाइस सेवाको महसुल दरको तुलनामा कम रहेकाले समग्रमा दूरसञ्चार सेवा प्रदायकहरुलाई आफ्नो राजस्व कायम गर्न कठीन भईरहेको छ। यसरी विविध कारणले गर्दा स्वाभाविक रुपमा हुन गएको राजस्व गिरावटलाई न्यूनिकरण गर्न ग्राहक मैत्री भ्यालु एडेड सेवामार्फत राजस्व बृद्धि गर्ने प्रयास रहेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणको २०७८ आषाढ महिनाको MIS Report अनुसार भ्वाइस सेवाका प्रयोगकर्ताहरुको कुल संख्या ३ करोड ९७ लाख ६३ हजार पुगी टेलिघनत्व १३१.५४ प्रतिशत पुगेको छ। सो मध्ये ५३.०६ प्रतिशत बजार हिस्सा कम्पनीको रहेको छ। यसै गरी यस आ.व. मा ब्रोडबाण्ड डाटा सेवाको घनत्व १०२.८२ प्रतिशत पुगेको छ। सो मध्ये कम्पनीको बजार हिस्सा गत बर्ष भन्दा ५.१४ प्रतिशतले बृद्धि भई ५३.८२ प्रतिशत पुगेको छ।


लोमाङथाङ, मुस्ताङ्ग

संस्थागत सुशासन तथा पारदर्शिता

कुनै पनि संस्थाको सफलता मुलरुपमा त्यस संस्थाले अवलम्बन गर्ने कुशल संस्थागत सुशासन अभ्यासमा निर्भर गर्दछ । उक्त तथ्यलाई मध्येनजर गरी संस्थागत सुशासन (Corporate Governance) लाई उच्च महत्वकासाथ पालना गर्न गराउन सञ्चालक समिति र कम्पनी व्यवस्थापन प्रतिबद्ध रहेको छ । कम्पनीले संस्थागत सुशासनका मूलभूत सिद्धान्तहरूलाई सदैव आत्मसात् गर्दै आएको छ र कम्पनीले आफ्नो शेयरधनी, अन्य सरोकारवालाहरुको हित तथा सेवाग्राहीको माग र सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरूको अभिन्न अंगको रुपमा अपनाएको छ। कम्पनीको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आवश्यक प्रणालीको विकास गरी सोको प्रभावकारी कार्यान्वयन गराउनुका साथै अनुगमन गर्ने व्यवस्था गरिएको छ। संस्थागत सुशासनका अभ्यासहरू चुस्त एवं मजबुत बनाउन दूरसञ्चार ऐन २०५३, कम्पनी ऐन २०६३, धितोपत्र बोर्ड सम्बन्धी ऐन २०६३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, सार्वजनिक खरिद ऐन २०६३, श्रम ऐन २०७४ लगायत नेपाल सरकार तथा नियामक निकायहरूबाट समय-समयमा जारी गरिएका नीति एवं निर्देशनहरूलाई पूर्णरुपमा पालना गरिएको छ । संघीय संरचना अनुरुप सातै प्रदेशमा प्रादेशिक निर्देशनालय स्थापना गरिसकेको छ । धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम १ बमोजिम त्रैमासिक रुपमा वित्तीय विवरण सार्वजनिक गर्दै वार्षिक प्रतिबेदन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार तयार गर्ने गरिएको छ।

भ्रष्टाचार निवारण ऐन २०५९, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) ऐन, २०६४ लगायतका ऐन बमोजिम भ्रष्टाचार रोकथाम गर्न कम्पनी प्रतिबद्ध रहेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कर्मचारीहरूको सम्पत्ति विवरण प्रत्येक आर्थिक वर्षको शुरुमा नै माग गरी नेपाल सरकार समक्ष पठाउने गरिएको छ । भ्रष्टाचार रोकथाम गर्नको लागि आवश्यक प्रभावकारी नियन्त्रण प्रणाली लागु गरिएको छ। कम्पनीमा वित्तीय अनुशासन कायम राख्न लेखापरिक्षण समिति गठन भई क्रियाशिल रहेको छ। लेखापरिक्षण समितिको भूमिका प्रभावकारी बनाउन लेखापरिक्षण प्रतिबेदन एवं कम्पनीमा स्थापित आन्तरिक नियन्त्रण प्रणालीको समय सापेक्ष रुपमा पुनरावलोकन गर्ने

गरिएको छ। कर्मचारी विनियमावलीमा कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिताको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ। कम्पनीले अगाडि सारेको महत्वपूर्ण योजनाहरु तथा अन्य नियमित कार्यहरु प्रभावकारी ढंगले समय मै सम्पन्न गर्न कम्पनी प्रमुख र विभागीय प्रमुखहरुबीच कार्य सम्पादन सम्झौता (Performance Contract) गरिएको छ भने कम्पनीका कार्यहरू व्यवस्थित गर्नको लागि आवश्यक अधिकारहरू प्रत्यायोजन गर्नुको साथै अधिकृत स्तरका कर्मचारीहरूलाई कार्य विवरण दिई कामप्रति जिम्मेवार बनाइएको छ। त्यस्तै संस्थागत सुशासनका लागि नागरिक बडापत्र कार्यान्वयन गरिएको छ। नेपाल सरकार, प्रधानमन्त्रीको कार्यालयमा रहेको हेलो सरकार तथा नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरण मार्फत प्राप्त सेवाग्राहीका गुनासाहरूलाई उचित रुपमा सम्बोधन गरी सुशासनको प्रत्याभूति गराउन कम्पनी प्रतिवद्ध रहदै आएको छ । साथै खरिद प्रक्रियामा एकरुपता ल्याई पारदर्शी एवं प्रतिस्पर्धात्मक बनाउन बिद्युतीय प्रक्रियाबाट समेत कम्पनीले आफ्नो खरिद प्रणालीलाई व्यवस्थित गर्दै आएको छ।

सञ्चालक समिति

कम्पनी ऐन, २०६३, तथा कम्पनीको नियमावलीको नियम १२ अनुसार यस कम्पनीको सञ्चालक समिति गठन भएको छ। सञ्चालक समितिले आफ्नो काम कारबाही कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार गर्दै आएको छ। कम्पनीको प्रवन्धपत्रमा भएको व्यवस्था अनुसार ७ जना सञ्चालकहरु रहेका छन्।

२०७८ आषाढ मसान्तमा यस कम्पनीको सञ्चालक समितिको संरचना देहायबमोजिम रहेको छः

क्र.सं.	सञ्चालकको नाम	पद	प्रतिनिधित्व गर्ने संस्था
१	श्री हरि प्रसाद बस्याल	अध्यक्ष	सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
२	श्री डिल्लीराम अधिकारी	सदस्य	प्रवन्ध निर्देशक, नेपाल टेलिकम
३	श्री डिल्लीराम शर्मा	सदस्य	सह-सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
४	श्री फणीन्द्र गौतम	सदस्य	सह-सचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला
५	श्री रामेश्वर दंगाल	सदस्य	सह-सचिव,नेपाल सरकार, अर्थ मन्त्रालय
६	श्री अम्बिका प्रसाद पौडेल	सदस्य	सर्वसाधारण शेयर धनी प्रतिनिधि

सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

आर्थिक वर्ष २०७७/७८ मा कम्पनीको संचालक समितिमा भएको हेरफेर निम्नानुसार रहेको छः

क्र.सं.	सञ्चालकको नाम	पद	प्रतिनिधित्व गर्ने संस्था	उक्त स्थानमा अगाडि रहेको व्यक्ति	कारण
१	श्री हरी प्रसाद बस्याल	अध्यक्ष	सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	श्री राधिका अर्याल	नेपाल सरकारको निर्णय अनुसार।
२	श्री रामेश्वर दंगाल	सदस्य	सह-सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय	श्री उत्तर कुमार खत्री	नेपाल सरकारको निर्णय अनुसार।
३	श्री गोकर्णमणि दुवाडी	सदस्य	सह-सचिव,नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	श्री राधिका अर्याल	नेपाल सरकारको निर्णय अनुसार।
४	श्री डिल्लीराम शर्मा	सदस्य	सह-सचिव,नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	श्री गोकर्णमणि दुवाडी	नेपाल सरकारको निर्णय अनुसार।
५	श्री फणीन्द्र गौतम	सदस्य	सह-सचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	श्री लीला देवी गड्तौला (निरौला)	नेपाल सरकारको निर्णय अनुसार।
६	श्री अम्बिका प्रसाद पौडेल	सदस्य	सर्वसाधारण शेयरधनीको प्रतिनिधि	श्री विष्णु प्रसाद कसजु	१३औं साधारण सभाबाट निर्विरोध निर्वाचीत हुनु भएको।

सञ्चालकहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम:

समीक्षा वर्ष २०७७/७८ मा सञ्चालक समितिको ३८ वटा वैठक वसेको र उक्त वैठकमा उपस्थित सञ्चालकहरुलाई निम्नानुसार पारिश्रमिक, भत्ता तथा सुविधाको रकम भुक्तानी भएको छः

क्र.सं.	पदाधिकारुहरु	पद	वैठकमा उपस्थित संख्या	जम्मा रकम रु.
१	श्री हरी प्रसाद बस्याल	अध्यक्ष	५२	२,०८,०००।००
२	श्री डिल्लीराम अधिकारी	सदस्य	५२	२,०८,०००।००
३	श्री रामेश्वर दंगाल	सदस्य	४८	१,९२,०००।००
४	श्री डिल्लीराम शर्मा	सदस्य	४२	१,६८,०००।००
५	श्री फणीन्द्र गौतम	सदस्य	४५	१,८०,०००।००
६	श्री राधिका अर्याल	सदस्य	०३	१२,०००।००
७	श्री लीला देवी गड्तौला (निरौला)	सदस्य	०५	२०,०००।००
८	श्री उत्तर कुमार खत्री	सदस्य	०३	१२,०००।००
९	श्री गोकर्ण मणी दुवाडी	सदस्य	०४	१२,०००।००
१०	श्री विष्णु प्रसाद कसजु	सदस्य	३३	१,३२,०००।००
११	श्री अम्बिका प्रसाद पौडेल	सदस्य	१९	७६,०००।००

लेखापरीक्षण समिति

कम्पनी ऐन, २०६३ को अधिनमा रही सञ्चालक समितिले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, संस्थागत सुशासनको प्रभावकारीताको मुल्याकंन गर्नका लागि गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा ४ जना सञ्चालक र आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति गठन गरेको छ। यस समितिमा २०७८ असार मसान्तमा निम्न पदाधिकारीहरु रहेका छन् :

क्र.सं.	पदाधिकारी	पद
१	सञ्चालक श्री डिल्लीराम शर्मा	अध्यक्ष
२	सञ्चालक श्री फणीन्द्र गौतम	सदस्य
३	सञ्चालक श्री रामेश्वर दंगाल	सदस्य
४	सञ्चालक श्री अम्बिका प्रसाद पौड्याल	सदस्य
५	ना.प्र.नि.(आ.ले.प. तथा नि. विभाग)श्री राजेन्द्र श्रेष्ठ	सदस्य सचिव

कम्पनीको लेखापरीक्षण समितिले कम्पनी ऐन,२०६३ को दफा १६४ र १६५ मा भएको प्रावधान अनुसार कम्पनीको वित्तीय स्थिति, आन्तरीक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली, प्रचलित नियम कानूनहरुको अनुपालन र लेखापरीक्षण कार्यक्रम बारे नियमित समीक्षा गरी सञ्चालक समिति तथा व्यवस्थापनलाई आवश्यक सुझाव दिदै आएको छ।

लेखापरीक्षण समितिको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

कम्पनीको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली आदि बारे आवधिक रुपमा समीक्षा गरी सञ्चालक समिति तथा व्यवस्थापनलाई आवश्यक सुझाव दिने।

- आन्तरिक लेखापरीक्षण तथा बाह्य लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने।
- कम्पनीको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई आवश्यक निर्देशन दिने।

- प्रचलित नियम कानुनमा भएको व्यवस्था तथा नियमनकारी निकायबाट जारी गरिएका निर्देशनहरुको पालना गरे नगरेको सम्बन्धमा समीक्षा गर्ने।
- आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य योजना तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउने।
- कम्पनीको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए नभएको बारे समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने।
- कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्यहरुको संक्षिप्त विवरण देहाय बमोजिम रहेका छन्:

- आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन प्रणाली र आर्थिक प्रशासनलाई अझ सुदृढ पार्न सुधारको आवश्यकता रहेका क्षेत्रहरुमा व्यवस्थापनलाई आवश्यक निर्देशन दिइएको।
- कम्पनीको आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदाहरूको प्रतिक्रिया र प्रगतिको समीक्षा गरी सुधारको लागि आवश्यक निर्देशन दिइएको।
- कम्पनीले प्रचलित नियम कानूनमा भएको व्यवस्था र नियमनकारी निकायले दिएको निर्देशन परिपालना गरे नगरेको सम्बन्धमा छलफल गरिएको।
- कम्पनीको आसामी बाँकी, राजश्व वृद्धि, खर्च नियन्त्रण तथा आर्थिक अनुशासन सम्बन्धी छलफल तथा निर्देशन दिइएको।
- आ.व. २०७७/७८ को प्राविधिक परीक्षण गर्न बिषय वस्तुहरुमा छलफल तथा बिषयहरु छनौट गरिएको।
- प्राविधिक परीक्षणको प्रतिवेदन माथि छलफल तथा सुधारको लागि आवश्यक निर्देशन दिइएको।
- कम्पनीको आ.व. २०७७/७८ को अन्तिम लेखापरीक्षकको पारिश्रमिक तथा नियुक्तिका शर्तहरू सिफारिस गरिएको।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको मुल्याकंन तथा समीक्षा गरिएको।
- अन्तिम लेखापरीक्षणको कार्य तालिकामा छलफल गरी स्वीकृत गरिएको।

समीक्षा अवधिमा लेखापरीक्षण समितिको बैठक १७ पटक बसेको र समितिका पदाधिकारीहरुलाई निम्नानुसारको बैठक भत्ता भुक्तानी गरिएको :

क्र.सं.	नाम	बैठक संख्या	भत्ता दर	भत्ता रकम	कर कट्टी	खुद रकम
१	श्री राधिका अर्याल	२	४,०००।००	८,०००।००	१,२००।००	६,८००।००
२	श्री लीला देवी गड्तौला (निरौला)	२	४,०००।००	८,०००।००	१,२००।००	६,८००।००
३	श्री उत्तर कुमार खत्री	२	४,०००।००	८,०००।००	१,२००।००	६,८००।००
४	श्री गोकर्ण मणि दुवाडी	१	४,०००।००	४,०००।००	६००।००	३,४००।००
५	श्री रामेश्वर दंगाल	१५	४,०००।००	६०,०००।००	९,०००।००	५१,०००।००
६	श्री डिल्लीराम शर्मा सुबेदी	१२	४,०००।००	४८,०००।००	७,२००।००	४०,८००।००
७	श्री फणीन्द्र गौतम	१४	४,०००।००	५६,०००।००	८,४००।००	४७,६००।००
८	श्री बिष्णु प्रसाद कसजु	१३	४,०००।००	५२,०००।००	७,८००।००	४४,२००।००
९	श्री अम्बिका प्रसाद पौडेल	३	४,०००।००	१२,०००।००	१,८००।००	१०,२००।००
१०	श्री राजेन्द्र श्रेष्ठ	१७	४,०००।००	६८,०००।००	१०,२००,००	५७,८००।००

आन्तरिक नियन्त्रण प्रणाली

संस्थाको दक्षताका साथै प्रभावकारिता वृद्धि गर्न सही, पूर्ण र समयमा वित्तीय तथा व्यवस्थापकीय सूचना उपलब्ध गराउन तथा आन्तरिक तथा बाह्य ऐन नियमहरु अनुपालना गर्न आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ। जालसाजी रोक्न, गल्ती कम गर्न र जोखिम व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रणाली हुनु जरुरी हुन्छ। कम्पनीको उद्देश्य पूरा गर्न र आर्थिक अनुशासन कायम

राख्न प्रभावकारी नियन्त्रण प्रणाली अपरिहार्य रहेको छ। यी विषयलाई मध्यनजर गरी हामीले आवश्यकतानुसार विनियम, कार्यविधि, नीति तथा मापदण्ड तयार गरी प्रभावकारी रुपमा लागु गरेका छौं। यस्ता विनियम, कार्यविधि, नीति तथा मापदण्डहरूलाई जोखिम पहिचान तथा निराकरण गर्नको लागि समयसापेक्ष परिमार्जन गरी अद्यावधिक गर्ने गरिएको छ । कम्पनीको नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन कम्पनीमा एक स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरिएको छ। यस विभागले लेखापरीक्षण समितिको प्रत्यक्ष निगरानी र रेखदेखमा काम गर्दछ। लेखापरीक्षण समितिले नियमित रुपमा आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र निरीक्षण प्रतिवेदनहरुको समीक्षा गरी सञ्चालक समितिलाई कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका विषयमा स्वतन्त्र आश्वासन प्रदान गर्दछ। आन्तरिक लेखापरीक्षण विभागले सञ्चालक समितिले स्वीकृत गरेको आन्तरिक लेखापरीक्षण कार्यविधि र प्रचलित मुल्य मान्यताको आधारमा "जोखिममा आधारित लेखापरीक्षण" गर्ने गर्दछ। कम्पनीको नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन प्रत्येक दुई वर्षको अन्तरालमा कम्तीमा एकपटक आय सुनिश्चितताको परीक्षण (Revenue Assurance Audit), कार्यसम्पादनको परीक्षण (Performance Audit) र प्राविधिक परीक्षण (Technical Audit) गराउने व्यवस्था गरिएको छ । सोही बमोजिम आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागमा यस सम्बन्धी कार्यको लागि छुट्टै प्राविधिक इकाई गठन भई कार्य भइरहेको छ। त्यस्तै राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले राजस्व निगरानी तथा अनुगमन समिति क्रियाशील रहेको छ।

लेखापरीक्षक

कम्पनीको आ.व. २०७७/७८ को अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयको सिफारिसमा नियुक्त हुनु भएका लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री प्रकाश जंग थापा र चार्टर्ड एकाउन्टेण्ट श्री पियुष आनन्द बाट सम्पन्न भएको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्नको लागि महालेखापरीक्षकको कार्यालयको परामर्श तथा लेखापरीक्षण समितिको सिफारिस अनुसार यस साधारण सभाबाट लेखापरीक्षकको नियुक्ति गरिनेछ।

ग्राहक सेवा

कम्पनीले आफ्नो सफलताको आधारको रुपमा ग्राहक आधार बृद्धि एवं प्रभावकारी ग्राहक सेवालाई मनन् गर्दै आएको छ। सोहि अनुरुप विश्व बजारमा स्थापित भएका नवीनतम प्रविधिको अवलम्बन गरी ग्राहकवर्गको रुचि एवं चाहना बमोजिमका दूरसञ्चार सेवा प्रदान गर्दै आएको छ। ग्राहकवर्गको गुनासो तथा जिज्ञासालाई प्रभावकारी रुपमा सम्बोधन गर्न Chatbot, IVR, USSD, SMS, Social Media, Website आदिको उच्चतम प्रयोग गर्दै आईरहेको छ।

वातावरण संरक्षणमा कम्पनीको योगदान

कम्पनीले नवीनतम् प्रविधिको प्रयोग मार्फत आफ्ना कार्यहरुलाई Automation गर्ने र सकभर कागजरहित कार्यालय बनाउन Digital Signature र Document Management System कार्यान्वयनका लागि तीव्रताका साथ कार्य गरिएको छ।

कम्पनीले कागज रहित वातावरण बनाउन MPOS प्रविधिमार्फत सहजरुपमा रिचार्ज गर्ने कार्यलाई थप प्रोत्साहन गरिरहेको छ। हाल Digital भुक्तानी मार्फत दूरसञ्चार लगायतका अन्य Utility सेवाको भुक्तानीका लागि सहयोग पुग्ने गरी सहायक कम्पनी मार्फत Mobile Financing सेवा प्रदान गर्न लागेको छ।

डिजेल, पेट्रोलबाट सञ्चालित पुराना सवारी साधनको परिचालन क्रमिकरुपमा कम गराउदै नयाँ सवारी साधन खरिद गर्दा Electric Vehicle लाई प्राथमिकता दिने सम्बन्धमा अध्ययन शुरु गरिएको छ।

जोखिम व्यवस्थापन

वित्तीय तथा व्यावसायिक गतिविधिहरूलाई मुल्याङ्कन गरी कम्पनीलाई हुन सक्ने सम्भावित नोक्सानी र जोखिमलाई कम गर्न हामी प्रतिबद्ध छौं । दूरसञ्चार प्रविधिको विकास, Data सेवा र Smart Phone को बढ्दो प्रयोगका कारण OTT (जस्तैः Viber, Whatsapp, Messenger आदि) सेवाहरुको ब्यापक प्रयोग भएको कारणले विदेशबाट हुने आगमन कल र मुलुकबाट हुने बाह्यगमन कलको परिमाणमा पनि असर परेको छ। कम्पनीले प्राप्त गर्ने राजस्वमा मुलुक भित्रिने अन्तर्राष्ट्रिय कल वापतको रकमको ठूलो योगदान रहने गरेको छ। बढ्दो प्रतिस्पर्धाको कारणले ब्यापार प्रवर्धनको क्रममा महशुलमा कटौती गर्नुपर्ने स्थिति रहेको छ। यी

कारणहरुले गर्दा कम्पनीको समग्र राजश्वमा नकारात्मक असर परेको छ। कोभिड-१९ को महामारीले गर्दा देशभर भएको लकडाउनका कारण आयोजना कार्यान्वयनमा भएको ढिलाई, रिचार्ज कार्डको विक्री व्यवस्थापनमा परेको असरले पनि आ.व. २०७७/७८ को राजश्वमा नकारात्मक असर परेको छ।

कम्पनीले अन्तर्राष्ट्रिय अन्तर आवद्धताबाट घट्न गएको राजश्व पूर्ति गर्न र कम्पनीको समग्र राजश्व वृद्धि गर्न कम्पनीमा भएका स्रोत तथा साधनहरुलाई अधिकतम परिचालन गरेको छ। कोभिड-१९ को कारणले राजश्वमा परेको असरलाई परिपुर्ति गर्न विभिन्न डाटा तथा भ्वाईस सेवाका आकर्षक प्याकेजहरु उपलब्ध गराइएको छ। साथै डाटा सेवा, भ्यालू एडेड सेवा तथा अन्य नवीन सेवाहरुको विकास तथा विस्तार मार्फत आय वृद्धि गर्न आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गरेको छ। अर्को तर्फ, अध्ययन र रोजगारीका लागि विदेश जानेहरूलाई लक्षित गरी कम्पनीले उचित बजार रणनीति लिएको छ । त्यस्तै ग्राहकहरुको मागलाई मध्यनजर गरी ब्यान्डविथ थप गरी प्रतिस्पर्धात्मक मुल्यमा इन्टरनेट सेवा उपलब्ध गराइरहेका छौं। साथै ग्राहकहरुलाई अत्याधुनिक सेवा प्रदान गर्न बिलिङ्ग प्रणालीमा समयसापेक्ष सुधार गर्दै आएका छौ।

कम्पनीको वित्तीय अवस्था सुधार गर्न तारहित सेवाहरुको आमूल रुपान्तरण सहितको विस्तार, अन्तर्राष्ट्रिय रोमिङ्ग सेवाको विस्तार र सेवाहरुको गुणस्तर सुधार लगायतका कार्यहरु शुरुवात गरिएको छ। यसबाट कम्पनीको राजश्व वृद्धि हुने अपेक्षा गरिएको छ।

कम्पनीको नेटवर्कको अनाधिकृत प्रयोग गरी कम्पनीको आय र मुलुकको राजस्व चुहावट गर्न केही व्यक्ति र समूहले गैरकानुनी रुपमा अन्तर्राष्ट्रिय आगमन कल बाइपासका आधुनिक प्रविधि उपयोग गर्ने गरेको पाइएको छ । दूरसञ्चार र सूचना प्रविधिको माध्यमबाट मुलुकको समग्र विकासमा टेवा पुऱ्याइरहेको यस कम्पनीको आर्थिक स्वास्थ्यमा Call Bypass जस्ता गैरकानुनी कार्यले प्रतिकूल प्रभाव पारिरहेको छ। यस्ता गैरकानुनी क्रियाकलाप निरुत्साहित र नियन्त्रण गरी राजस्व चुहावटको नकारात्मक असर न्यूनीकरण गर्न कम्पनीले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोसँगको सहकार्यमा राजस्व चुहावट नियन्त्रण गर्नुको साथसाथै सोको लागि विभिन्न आधुनिक प्रविधिको प्रयोग गर्दै आएको छ।

बजारको तीव्र प्रतिस्पर्धावाट पर्ने असरलाई न्यूनिकरण गर्न सस्तो, सुलभ तथा भरपर्दो सेवा प्रदान गरी ग्राहकहरुलाई कम्पनीका सेवाहरुमानै आवद्ध गराइराख्ने रणनीति लिईएको छ।

कम्पनीमा कर्मचारीको योगदान र जिम्मेवारी

ईमान्दार, प्रतिबद्ध, र उत्प्रेरित मानव संशाधन बिना कुनै पनि संस्थाले लक्ष्य हासिल गर्न सक्दैन । कम्पनीले आफ्ना कर्मचारीहरूलाई सदैव महत्वपूर्ण सम्पत्तिको रुपमा लिएको छ। दक्ष र प्रतिभाशाली कर्मचारी नभएसम्म कम्पनीको प्रगति हुन नसक्ने वास्तविकतालाई पूर्ण रुपले अङ्गिकार गरी कर्मचारीको व्यवस्थित परिचालनमा विशेष ध्यान दिइएको छ। कम्पनीका कर्मचारीहरूले सम्पादन गर्नुपर्ने कार्य विवरण, लक्ष्य र प्रगति मुल्याङ्कनका परिसूचकहरू विकास गरी सो बमोजिम निजहरूको कार्यसम्पादन मुल्याङ्कन गर्ने प्रणालीको व्यवस्था गरिएको छ।

कर्मचारी भर्ना

कम्पनीमा दक्ष तथा सक्षम कर्मचारी भर्ना गर्नको लागि पारदर्शी नीति नियम तथा मापदण्डहरू लागु गरिएको छ। कम्पनीले कर्मचारी भर्ना निश्चित मापदण्डको आधारमा प्रतिस्पर्धाको माध्यमबाट गर्ने गरेको छ। साथै मुलुकको संविधानको मर्म अनुसार समावेशिताको सिद्धान्तको आधारमा कर्मचारी भर्ना गर्ने गरिएको छ।

सेवा तथा सुविधा

कार्यरत कर्मचारीहरुलाई कम्पनीले आकर्षक सेवा सुविधाहरू उपलब्ध गराउदै आएको छ। कर्मचारीहरूको सेवा-सुविधामा तलब, भत्ता, बोनस, प्रोत्साहन भत्ता रहेको छ। तह ११ र तह १० का कर्मचारीहरूलाई सवारीसाधनको सुविधा उपलब्ध गराइएको छ। देशको आर्थिक अवस्थालाई मध्यनजर गरी कर्मचारीहरूको सेवा सुविधा समयानुकूल पुनरावलोकन गर्ने गरिएको छ। त्यस्तै कर्मचारीहरूलाई पोशाक भत्ता, औषधिउपचार खर्च, दुर्घटना बीमा, सापटी, बिभिन्न प्रकारका बिदा, टेलिफोन, मोवाईल, इन्टरनेट र सीयुजी सुबिधा उपलब्ध गराइएको छ।

समीक्षा अवधिमा नियुक्ति तथा बढुवा पदस्थापन र सरुवा कार्यबिधि २०७८, सरुवाका लागि Online Transfer Request भर्न सक्ने अवस्था मिलाईएको छ। कर्मचारीहरूको सेवा-सुविधामा गरिएको खर्चको विवरण लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

कार्यसम्पादन सम्झौता

कम्पनीका निर्धारित लक्ष्य, योजना, नियमित कार्यहरु समयमै सम्पन्न गर्ने प्रतिबद्धताका साथ कम्पनीका प्रबन्ध निर्देशक तथा प्रमुख प्राविधिक अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, प्रमुख मानव संशाधन अधिकृत, प्रमुख वित्तीय अधिकृत, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक, वायरलेस सेवा निर्देशनालयका निर्देशक र ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजना प्रमुखबीच कार्यसम्पादन सम्झौता भएको छ। त्यस्तै समीक्षा अवधिमा कार्यसम्पादन सम्झौता ८ तहका कर्मचारीसम्म गरिएको छ भने चालु आ.व.मा कार्य सम्पादन सम्झौताको आधारमा प्रोत्साहन भत्ता दिने गरी अधिकृतस्तरका सबै कर्मचारीहरुसंग कार्य सम्पादन सम्झौताको कार्य अगाडि बढाईएको छ। साथै, मुल्याङ्कनलाई स्वचालित गर्ने प्रक्रियाको थालनी गरिएको छ।

कम्पनी पुनर्संरचना

बदलिदो परिस्थिति अनुरुप कम्पनीले पुनर्संरचनाको कार्यलाई अगाडि बढाउदै आएको छ । सो कार्य २०७२ सालमा अगाडि बढाइएकोमा समीक्षा अवधिमा ४,१५९ दरबन्दीलाई पुनरावलोकन गरी ३,००९ कायम गरी दरबन्दी अनुरुप कर्मचारी पदस्थापन गर्ने कार्य अगाडि बढाइएको छ।

कर्मचारी सेवाशर्त विनियमावली परिमार्जन

कम्पनीले समयसापेक्ष आर्थिक तथा कर्मचारी सेवा शर्त विनियमावली परिमार्जन गर्दै आएको छ। सोही सिलसिलामा संशोधन प्रकृयामा रहेको कर्मचारी सेवा शर्त विनियमावली २०७८ संचालक समितिवाट स्वीकृत भई २०७८ साउन १ गते देखि लागु भएको छ भने कर्मचारी सरुवा सम्बन्धी नीति निर्माण भई कार्यान्वयनको चरणमा छ।



तालिम तथा वृति विकास

मानव संशाधनलाई ताजा, सृजनशिल र उत्प्रेरित बनाउन तालिम तथा व्यवस्थापन अपरिहार्य हुन्छ। मानव संशाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई कम्पनीमा नयाँ सोच, नयाँ प्रविधिहरू भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ। तालिम खर्च नभई लगानी हो भन्ने हाम्रो मान्यता रहेको छ । त्यसैले हामी सक्षम तथा व्यावसायिक जनशक्ति तयार गर्न आवश्यक लगानी गरिरहेका छौ । बदलिँदो परिवेश, गतिशील प्राविधिक वातावरणमा आफ्ना कर्मचारीहरूलाई समयसापेक्ष, दक्ष र सीपयुक्त बनाउन तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका साथसाथै प्रोत्साहन गर्नका लागि कम्पनीले समय-समयमा विभिन्न आन्तरिक तथा बाह्य तालिम एवं सेमिनारहरूमा सहभागी गराउँदै आएको छ । समीक्षा बर्षमा दूरसंचार तालिम केन्द्रवाट कूल ५२८ अधिकृत तथा सहायक कर्मचारीहरुले बिभिन्न २८ प्रकारका तालिम लिएका छन् भने Covid- 19 का कारण कुनै पनि कर्मचारीलाई समीक्षा वर्षमा वैदेशिक तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी गराएको छैन। पारदर्शी ढंगले स्तरवृद्धिको लागि वार्षिकरुपमा कर्मचारीहरूको कार्यसम्पादन मुल्याङ्कन गर्ने गरिएको छ । कर्मचारीहरूको कार्यसम्पादन मुल्याङ्कन निश्चित मापदण्डको आधारमा गर्ने गरिएको छ।

कम्पनीमा कार्यरत कर्मचारीहरुको विवरण यस प्रकार रहेको छ :

विवरण	२०७७/७८	२०७६/७७	बढी (घटी)
अधिकृत स्तर	२,०८०	१,९५३	१२७
सहायक स्तर	१,८७७	२,१२९	(२५२)
जम्मा	३,९५७	४,०८२	(१२५)

कम्पनीमा कार्यरत महिला तथा पुरुष कर्मचारीहरूको विवरण यस प्रकार रहेको छ :

विवरण	२०७७/७८	२०७६/७७	बढी (घटी)
महिला	५०७	५२२	(१५)
पुरुष	३,४५०	३,५६०	(११०)
जम्मा	३,९५७	४,०८२	(१२५)

सरोकारवालासँगको सम्बन्ध

कम्पनीले आफ्नो व्यवसायसंग सरोकार राख्ने सबै सरोकारवालाहरुसँग सौहार्द्रपूर्ण व्यावसायिक सम्बन्ध कायम गर्दै आएको छ। कम्पनीले नेपाल सरकारका निकायहरु, दूरसञ्चार नियामक, सेवा विस्तार एवं सेवा प्रवाहका लागि महत्वपूर्ण योगदान पुऱ्याउने सडक बिभाग, बिद्युत प्राधिकरण लगायत अन्य निकायहरुसंग सुमधुर सम्बन्ध कायम गर्दै आएको छ। त्यसैगरी दूरसञ्चार तथा सूचना प्रविधिसँग सम्वन्धित उपकरण उत्पादन गर्ने निर्माता कम्पनी, आपूर्तिकर्ता तथा परामर्शदाताहरुसँग निरन्तर सुमधुर सम्बन्ध कायम गर्दै आएको छ।

शेयरधनी महानुभावहरु तथा अन्य सरोकारवालाहरुको जानकारीको लागि कम्पनीले वित्तीय एवं अन्य जानकारीहरु नियमित रुपमा कम्पनीको वेबपेज, पत्रपत्रिका, न्युजलेटर, बार्षिक प्रतिवेदन तथा पत्रकार सम्मेलन मार्फत उपलब्ध गराउँदै आएको छ।

राष्ट्रिय अर्थतन्त्रमा कम्पनीको योगदान

दूरसञ्चार सेवालाई आर्थिक विकासको सम्वाहकको रुपमा स्वीकार गरिएको सन्दर्भमा कम्पनीले कर राजस्व संकलन, डिजीटल डिभाईड न्यूनिकरण, डिजिटल साक्षरता बिस्तार, विद्युतीय सरकारको अवधारणा साकार, ज्ञानमा आधारित समाज निर्माणको माध्यमवाट राष्ट्र निर्माणमा अतुलनीय योगदान पुऱ्याउदै आएको छ। मूलतः कम्पनीको कूल आयको ५० प्रतिशत भन्दा अधिक हिस्सा आयकर, मुल्य अभिबृद्धिकर, सेवा शुल्क रोयल्टी, लाभांश लगायत शिर्षकमा सरकारी राजस्व वापत जम्मा गर्दै आएको तथ्य म यहाँहरुलाई स्मरण गराउन चाहन्छु। यसले देशको कूल गार्हस्थ्य उत्पादन बृद्धिमा कम्पनीको महत्वपूर्ण भूमिका रहेको संकेत गर्दछ। आर्थिक बर्ष २०७७।७८ मा कर तथा गैह्रकर वापत रु.२७ अर्ब ७३ करोड सरकारी कोषमा योगदान गरेका छौं जुन कम्पनीको कुल राजश्वको ६५.६९% रहेको छ।

डिजिटल डिभाइड तथा ब्रोडव्याण्ड डिभाइड न्यूनिकरण गर्न कम्पनीको योगदान

देशको समग्र विकासमा सञ्चार तथा सूचना प्रविधिको महत्वपूर्ण योगदान रहेको हुन्छ। कम्पनीले सेवा विस्तार गर्दा नाफा नहुने दुर्गम एवं अति विकट स्थानमा समेत भौगोलिक विविधता सुहाँउदो उपयुक्त प्रविधि प्रयोग गरी सस्तो र भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउँदै आईरहेको छ। इन्टरनेटको पहुँच विस्तारले डिजिटल डिभाइड न्यूनीकरण गर्नमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ । इन्टरनेटको पहुँच विस्तारलाई नेपाल सरकारले समेत डिजिटल नेपाल अवधारणा कार्यान्वयनका लागि अत्यावश्यक आधार स्तम्भको रुपमा लिएको छ। इन्टरनेटले सूचना र सञ्चारमा सहज पहुँच स्थापना गर्न मद्दत पुऱ्याउनुका साथै विकासका अन्य अवसरहरु समेत उपलब्ध गराउने हुनाले कम्पनीले 4G/LTE प्रविधि मार्फत देशभर द्रुतगतिको इन्टरनेट सेवा विस्तारमा बिशेष जोड दिएको छ। कम्पनीले बिभिन्न प्रविधि मार्फत ब्रोडब्याण्ड सेवा उपलब्ध गराइरहेको परिप्रेक्ष्यमा 4G/LTE प्रविधि मार्फत प्रदान गरेको इन्टरनेट सेवाले डिजिटल डिभाइड मात्र नभई ब्रोडबाण्ड डिभाइड समेत न्यूनिकरण गर्न उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ।



डिजिटल फ्रेमवर्क कार्यक्रम सफल बनाउन कम्पनीको योगदान

मध्य पहाडी लोकमार्ग लगायत जिल्ला सदरमुकामसम्म अप्टिकल फाईबर नेटवर्क स्थापना गर्ने परियोजनाको कार्यान्वयन एवं देशब्यापी 4G/LTE सेवा विस्तारले डिजिटल नेपाल फ्रेमवर्कले महत्वपूर्ण ICT पूर्वाधारको रुपमा पहिचान गरेको "डिजिटल कनेक्टिभिटि" स्थापनाका लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ । त्यसैगरी कम्पनीले सहायक कम्पनी Nepal Digital Payments Company मार्फत शुरु गर्न लागेको मोबाइलमा आधारित वित्तीय सेवा (Mobile Financial Services) ले डिजिटल नेपाल फ्रेमवर्कको अर्को महत्वपूर्ण ICT पूर्वाधार "डिजिटल वित्तीय व्यवस्था" को विकास गर्न समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। मोबाइलमा आधारित डिजिटल भुक्तानी एवं वित्तीय सेवाले बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति नभएको दुर्गम तथा बिकट स्थानहरुका जनतालाई समेत सेवा प्रदान गरी वित्तीय समावेशिता कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

आगामी योजना तथा चालू आर्थिक वर्षको उपलब्धी

आगामी वर्षको योजना तथा कार्यक्रम

सेवाको पहुंच विस्तारको लागि आधुनिक दूरसञ्चार पूर्वाधारको विकास गर्ने सम्बन्धमा:

- 4G/LTE सेवा तथा FTTH सेवा विस्तारको लागि Backbone Network को स्तरोन्नति गर्ने ।
- पूर्वाधार निर्माणको खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउन पूर्वाधारको सहप्रयोग गर्ने ।
- बढि लागत लाग्ने र कम प्रतिफल प्राप्त हुने उच्च हिमाली तथा पहाडी क्षेत्रका दुर्गम र विकट स्थानमा ग्रामीण दूरसञ्चार विकास कोषको रकम प्रयोग गरी पूर्वाधार (Tower, Transmission Link, Power तथा RAN Equipment) तयार गर्न नेपाल दूरसंचार प्राधिकरण र नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयसंग समन्वय गर्ने ।
- अन्तर्देशीय सूचना महामार्गलाई भरपर्दो बनाउन Multiple Cross Border Optical Fiber Network विस्तार गर्ने ।
- ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) प्रयोग गरी मध्य पहाडी लोकमार्गमा Optical Fiber Network मार्फत सूचना महामार्ग निर्माणको आयोजना सम्पन्न गर्ने ।
- सेवाको पहुंच नपुगेका स्थानहरु पहिचान गरी सेवाको सुनिश्चितता कायम गर्न Tower, Power तथा BTS जडान गर्ने ।
- बढि लागत लाग्ने र कम प्रतिफल प्राप्त हुने उच्च हिमाली तथा पहाडी क्षेत्रका दुर्गम र विकट स्थानमा ग्रामीण दूरसञ्चार विकास कोषको रकम प्रयोग गरी RAN Equipment तयार गर्न नेपाल दूरसंचार प्राधिकरण र नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयसंग समन्वय गर्ने ।
- आयोजना व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने ।

देशव्यापी रुपमा वायरलाईन तथा वायरलेस सेवा विस्तार गर्ने सम्बन्धमा:

- आ.व. २०७८/७९ लाई FTTH वितरण अभियान वर्षको रुपमा घोषणा गर्ने ।
- FTTH/Leased Line वितरणको लक्ष्य प्राप्तिका लागि प्रोत्साहन भत्ताको व्यवस्था गर्ने ।
- FTTH प्रविधि विस्तार नभएका क्षेत्रमा अन्य प्रविधि मार्फत वायरलाईन ब्रोडव्याण्ड ईन्टरनेट सेवा विस्तार गर्ने ।
- FTTH प्रविधि विस्तार नभएका क्षेत्रमा PSTN मार्फत Voice सेवा प्रदान गर्ने ।
- कम्पनीको साधन स्रोत तथा जनशक्तिको उच्चतम प्रयोग गरी सेवा विस्तार गर्ने ।
- सेवा विस्तारलाई थप प्रभावकारी बनाउन बाह्य स्रोतको जनशक्ति परिचालन गर्ने ।
- 2G/3G/4G विस्तारलाई निरन्तरता दिने ।
- 5G प्रविधिको परीक्षण गर्ने ।
- CDMA/WiMAX प्रविधिलाई 4G/LTE प्रविधिबाट प्रतिस्थापन गर्ने ।
- Messaging तथा IPX/Signaling सेवाहरुको बिस्तार गर्ने ।
- अन्तरआवद्धता सेवा विस्तार गर्ने ।
- अन्तर्राष्ट्रिय लिज सेवा विस्तार गर्ने ।
- रोमिङ्ग सेवा विस्तार गर्ने ।

भरपर्दो र गुणस्तरीय दूरसञ्चार सेवा मार्फत ग्राहक सन्तुष्टि कायम गरी राजश्व वृद्धि गर्ने सम्बन्धमा:

- कम्पनीले उपलब्ध गराउने सेवामा नियामक निकायले

तोकेको मापदण्ड अनुसारको KPI (Key Performance Indicators) कायम गर्न निरन्तर अनुगमन गरी सेवाको मर्मत संभार तथा संचालन प्रभावकारी बनाउने ।

- कम्पनीबाट प्रदान गरिएका सेवाहरु चुस्त दुरुस्त राख्न Preventive र Corrective Maintenance तथा Network Optimization कार्यलाई थप प्रभावकारी बनाउने ।
- मर्मत संभार कार्यलाई चुस्त दुरुस्त बनाउन Outsource/Managed Service को अवधारणा लागु गर्ने ।
- इन्टरनेट/Data सेवालाई थप प्रभावकारी बनाउने ।
- Local Cache Server हरु थप गर्ने ।
- Aerial केबुल व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिने ।
- Power System को आधुनिकिकरण गर्ने ।
- System Security, Cyber Security लाई थप प्रभावकारी बनाउने ।
- अनाधिकृत कल नियन्त्रण गर्ने ।
- प्रतिस्पर्धात्मक दूरसञ्चार बजारको अध्ययन तथा अनुसन्धान गरी नवीनतम सेवाहरूको विस्तार गर्ने ।
- Discounted Inter Operator Tariff (DIOT) सम्झौता गर्ने ।
- कम्पनीका सेवाहरुको आक्रामक रुपमा प्रचार प्रसार, व्यापार प्रवर्धन तथा बजारीकरण गर्ने ।
- कम्पनीको Visibility तथा Brand Value वढाउने ।
- सिम तथा रिचार्जको वितरण प्रणालीलाई थप व्यवस्थित गर्ने ।
- ग्राहक आधार वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- Value Added Service (VAS) कार्यविधि परिमार्जन गर्ने ।

कम्पनीको उत्पादकत्व वृद्धि गर्न नवीनतम प्रविधिको प्रयोग गर्दै सांगठनिक, व्यवस्थापकीय क्षमतामा अभिबृद्धि तथा प्रणालीगत सुधार गर्ने सम्बन्धमा:

- कम्पनीको उच्च व्यवस्थापनलाई 'व्यवस्थापन करार' मा दिने ।
- कार्यसम्पादनको आधारमा कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने ।
- संस्थागत सुधार तथा विकास गर्ने ।
- स्वेच्छिक अवकाश योजना (VRS) लागु गर्ने ।
- जनशक्ति व्यवस्थापन तथा विकास गर्ने ।
- ट्रेड युनियन र व्यवस्थापन बिचको सम्बन्ध प्रभावकारी बनाउने ।
- Mobile Financial Services को व्यावसायिक सेवा सञ्चालन गर्ने ।
- IT Sector मा सहायक कम्पनी स्थापना गर्ने ।
- Data Center स्थापना गर्ने ।
- पुरानो बाँकी बक्यौता तथा आसामी असुली कार्यलाई निरन्तरता दिने ।
- जग्गाको स्वामित्व तथा भोगाधिकार प्राप्त गर्ने ।
- कम्पनीमा आर्थिक अनुशासन तथा सुशासन कायम राख्न आन्तरिक र वाह्य लेखापरीक्षणलाई प्रभावकारी बनाउने ।
- कम्पनीको विभिन्न सेवाहरुको आय सुनिश्चितता, प्राविधिक तथा कार्य सम्पादन परीक्षण गर्ने ।

लगानी विविधिकरण गरी राजश्व तथा मुनाफा वृद्धि गर्ने सम्बन्धमा:

- दैनिक संकलित रकमको उच्चतम परिचालन गर्ने ।
- प्रयोगमा नआउने जिन्सी सामानहरुको लिलामी कार्यलाई थप प्रभावकारी बनाउने ।
- अनुत्पादक खर्चमा कटौति गरी आर्थिक अनुशासन तथा मितव्ययिता नीति लागु गर्ने ।



सम्मान तथा पुरस्कार

लेखा प्रणाली, आर्थिक विवरण र वार्षिक प्रतिवेदन उत्कृष्ट ठहरिएकाले नेपाल चार्टर्ड एकाउण्टेन्स् संस्थाद्वारा आर्थिक वर्ष २०७६/०७७ को लागि विभिन्न विधामा प्रदान हुने सम्मान मध्ये पब्लिक सेक्टर विधातर्फ "Best Presented Annual Report Award 2020" कम्पनीलाई प्राप्त भएको छ। यो सम्मान संस्थाहरुले तयार गरेको वार्षिक प्रतिवेदनलाई साउथ एसियन फेडेरेसन अफ एकाउन्टेन्ट्स (South Asian Federation of Accountants) ले तयार गरेको मापदण्डको आधारमा मुल्याङ्कन गरी दिने व्यवस्था रहेको छ।

यसै गरी आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक राजश्व विभागबाट १० औ राष्ट्रिय कर दिवस २०७८ को अवसरमा सबैभन्दा बढी आयकर दाखिला गरे वापत कम्पनीलाई सम्मानित गरिएको छ।


आन्तरिक राजस्व विभाग
सम्मान-पत्र
श्री नेपाल दूरसंचार कम्पनी लिमिटेड

आ.व. २०७६/०७७ मा सबैभन्दा बढी आयकर दाखिला गरे वापत प्राप्त सम्मान-पत्र



Receiving National Best Presented Annual Report (BPA)-2020

चालू आर्थिक वर्षको उपलब्धी

मुलुकभर तीव्र गतिको वायरलेस प्रविधिको 4G/LTE सेवा उपलब्ध गराउने योजना अन्तर्गत चालु आ. व. को पौष मसान्त सम्ममा थप ४६९ वटा eNodeB सञ्चालनमा ल्याइएको छ। यसरी थप सञ्चालनमा आएका eNodeB हरुले थप ३५ स्थानीय निकायमा 4G/LTE सेवा विस्तार भई पौष मसान्तसम्ममा सातै प्रदेशका ७७ वटा जिल्लाका कुल ७२० स्थानिय तहमा 4G/LTE सेवा उपलब्ध रहेको छ।

मोबाइल सेवाको पहुँच नपुगेका बिभिन्न पर्यटकीय स्थल, प्रमुख राजमार्ग लगायतका ७०७ स्थानमा 2G/3G सेवा विस्तार गर्ने कार्यक्रम अनुरुप पौष मसान्त सम्ममा कुल २२५ साइटमा सेवा विस्तार भएको छ।

मोबाइल सेवाको विस्तारका लागि चालु आ.व. मा थप २८० वटा टावर निर्माण सम्पन्न गर्ने कार्यक्रम अनुरुप पौष मसान्त सम्ममा १५ वटा टावरको निर्माण सम्पन्न भएको छ। साथै ४० वटा टावरको फाउन्डेसन कार्य सम्पन्न भैसकेको छ भने थप ४२ वटा टावरको फाउन्डेसन सम्बन्धी कार्य जारी रहेको छ।

दूरसञ्चार क्षेत्रमा हुने नवीनतम प्रविधिको विकास तथा विस्तार गर्ने योजना अनुरुप कम्पनीले 5G परिक्षणको लागि नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमति प्राप्त गरी सो को Testing Modality को सम्बन्धमा 4G/LTE आयोजना अन्तर्गतका आपूर्तिकर्ताहरुबाट विस्तृत प्रस्ताव माग गरी अध्ययन गरिरहेको छ।

एउटै फाइबरबाट फोन, इन्टरनेट तथा टेलिभिजन सेवा उपलब्ध हुने Fiber to The Home (FTTH) सेवाको व्यापक रुपमा विस्तार गर्ने कार्यक्रम अनुरुप चालु आर्थिक वर्षलाई FTTH वितरण अभियान बर्षको रुपमा लिई कार्य गरिएको छ। चालू आ.व. मा FTTH सेवा तर्फ ४ लाख बितरण योग्य नेटवर्क तयार गरी कुल २ लाख २६ हजार (नयाँ एवं माइग्रेसन सहित) ग्राहक थप गर्ने योजना अनुरुप पौष मषान्त सम्ममा करिब २ लाख बितरण योग्य नेटवर्क तयार भई करिब ६४ हजार थप ग्राहक FTTH

सेवामा आबद्ध भैसकेका छन् । यसरी चालू आ.व.को पौष सम्ममा FTTH प्रविधिमा आधारित फोन तथा इन्टरनेट सेवा ६३ जिल्लामा विस्तार भई कुल FTTH ग्राहक आधार (Unique CPE) २,२३,७४६ पुगेको छ। सो मध्ये FTTH Voice का प्रयोगकर्ता १,८२,६५५ छन् भने FTTH Data र NTTV टेलिभिजन सेवाका प्रयोगकर्ता क्रमशः १,६५,४१५ र ६,०५३ रहेका छन् ।

प्रदेश नं १, मधेश प्रदेश र बागमती प्रदेश अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने बिभिन्न मार्गमा गरी चालु आ.व.को पौषसम्ममा कुल १,०७१ किलोमिटर खण्डमा अप्टिकल फाईबर ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजना अन्तर्गत विस्तार भएको छ । त्यसैगरी कर्णाली र सूदूरपश्चिम प्रदेश अन्तर्गत करिब १०० किलोमिटर ADSS अप्टिकल फाईबर विस्तारको कार्य सम्पन्न हुने क्रममा रहनुका साथै मध्य पहाडी लोकमार्ग लगायतका २२ मुख्य-मुख्य स्थानहरुमा 100G per Lambda क्षमताको DWDM उपकरणहरुको जडान सम्पन्न भई Acceptance Testing को प्रक्रियामा रहेको छ।

मोबाइल सेवा अन्तर्गतका BTS, Power, Transmission उपकरणहरुको मर्मत सम्भार Outsourced Managed Service मार्फत अगाडि बढाईएको छ। अव्यवस्थित केबुलहरूलाई सम्बन्धित निकायहरुसंग समन्वय गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइएको छ। कम्पनीमा सञ्चालनमा रहेका योजनाहरु निर्धारित समयमा सम्पन्न गर्न, सोको अनुगमन गर्न र कम्पनीका काम कारवाहीलाई प्रभावकारी बनाउन प्रबन्ध निर्देशक तथा विभागिय प्रमुखहरुसंग कार्य सम्पादन सम्झौता गरिएको छ । यसले योजनाहरु निर्धारित समयमा कार्यान्वयन हुने, पुर्वाधार तथा नेटर्वक विस्तार हुने र कम्पनीको समग्र आय तथा ग्राहक आधार वृद्धि हुने अपेक्षा गरिएको छ।


कम्पनीले चालू आर्थिक वर्षमा गरेको वित्तीय उपलब्धी:

विवरण	आ.व.२०७७/७८ को लक्ष्य	२०७७ असोज सम्मका	
		प्रगती	प्रगती (प्रतिशतमा)
आय रु. अर्बमा	४८.०२	१०.९५	२२.८०
नाफा रु. अर्बमा	८.८४	२.२६	२५.५७


दार्चुला, शीप्ती

कम्पनीले चालू आ.व. मा गरेको मुख्य सेवाहरुको व्यावसायिक उपलब्धी:


विवरण	आ.व.२०७७/७८ को लक्ष्य	२०७७ असोज सम्मका	
		प्रगती	प्रगती (प्रतिशतमा)
आधारभूत टेलिफोन	९,२६३	१,६८३	१८.१६
जी.एस.एम	३३,६०,०००	७,५८,१२५	२४.७८
एफ.टी.टी.एच.	२,२६,०००	३३,७४६	१४.९३



शेयर कारोवार सम्बन्धी जानकारी

आर्थिक वर्ष २०७७/७८ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कम्पनीको शेयर कारोवारको विवरण यस प्रकार रहेको छः

त्रैमासिक	शेयर कारोबार संख्या	कारोबार रकम (रु.)	अधिकतम मुल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मुल्य (रु.)	कारोवार दिन
पहिलो	८,९२,०४५	६१,२६,१७,३२३	७२२	६५०	७०७	६४
दोस्रो	१९,७८,६२५	१०,००,०१,२५,७८६	१,३०२	७००	१२६३	५८
तेस्रा	७१,८३,००५	९,५८,००,१४,२८४	१,४५१	१,१४५	१,३२३	५९
चौथो	४०,३८,३६२	५,३४,८५,८३,०९१	१,४०४	१,२३०	१,३१४	६५
जम्मा	२,१२,९२,०३७	२५,५४,१३,४०,४८४	१,४५१	६५०	१,३१४	२४६



कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार खुलाइएका थप विवरणहरू

प्रबन्ध संचालक तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक तथा सुविधा रकमको विवरण:

आर्थिक वर्ष २०७७/७८ मा तह १० र सो भन्दा माथीका पदाधिकारीहरुलाई पारिश्रमिक तथा अन्य सुविधा वापत रु. ६,७९,२३,७२२।८५ भुक्तानी गरिएको छ।

आन्तरिक तथा बाह्य कारणबाट कम्पनीको कारोबारमा परेको प्रभाव:

कम्पनीको समग्र कारोबार निम्न कारणहरूबाट प्रभावित भएको छ :

- तीव्र प्रतिस्पर्धा तथा प्रविधिमा आएको विकास (जस्तै OTT को प्रयोग) को कारणले कम्पनीको राजश्व वृद्धिमा असर परेको।
- सरकारी नीति नियमको पालना गर्नु कम्पनीको कर्तव्य भएको तर केही नीति नियमहरू पालना गर्दा प्रतिस्पर्धा गर्न व्यावहारिक समस्या भएको।
- भौगोलिक विविधताको कारण दूरसञ्चार उपकरणहरू जडान तथा सञ्चालन गर्न समस्या भएको ।
- छोटो समयमा हुने प्रविधिको परिवर्तनको कारणले नवीन प्रविधिमा आधारित सेवा उपलब्ध गराउन चुनौती रहेको ।
- उच्च प्रतिस्पर्धाको कारण नयां ग्राहकहरु आकर्षित गर्न चुनौती रहेको।
- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीका कारण सेवा विस्तार, मर्मत संभार, सेवा विक्रि वितरण सञ्जाल व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन जस्ता कार्यहरुमा चुनौती थपिएको।



लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम:
कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकारको स्वीकृति लिई संचालक समितिले आ.व.२०७७/७८ को मुनाफा रकम मध्येबाट चुक्तापूँजीको २० प्रतिशतका दरले नगद लाभांश तथा २० प्रतिशतका दरले बोनश शेयर वितरण गर्न सिफारिस गरेको छ।

शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मुल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण:
समीक्षा अवधिमा कुनै पनि शेयर जफत गरिएको छैन।

विगत आर्थिक वर्षमा कम्पनी र त्यसको सहायक कम्पनीको कारोबार प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन:
कम्पनी तथा सहायक कम्पनीको कारोबार तथा यससँग सम्बन्धित अन्य परिवर्तन/प्रगति विवरण सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गरिएको छ।

कम्पनी तथा यसका सहायक कम्पनीले आर्थिक वर्षभरिमा गरेको प्रमुख कारोबार र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपूर्ण परिवर्तन:
कम्पनी तथा सहायक कम्पनीले आर्थिक वर्षभरिमा गरेको प्रमुख कारोबारको विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

बिगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी:
कुनै जानकारी प्राप्त हुन नआएको।

विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी:
विगत आर्थिक वर्षमा सञ्चालकहरूबाट कुनै शेयर खरीद नगरेको र कम्पनीको शेयर कारोबारमा संलग्न रहेको सम्बन्धमा निजहरूबाट कुनै जानकारी प्राप्त नभएको।

विगत आर्थिक वर्षमा कम्पनीसंग सम्वन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको ब्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको ब्यहोरा:
कुनै जानकारी प्राप्त नभएको।

कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मुल्य तथा त्यसरी खरिद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम:
कम्पनीले हालसम्म आफ्नो शेयर आफैले खरिद गरेको छैन।

आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरण:
यस सम्बन्धी विस्तृत विवरण संचालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

गत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण:
समीक्षा वर्षमा कम्पनीको कूल व्यवस्थापन खर्च रकम रु. १५,९६,२१,९७,४६३।-भएको छ। यसको विस्तृत विवरण कम्पनीको आर्थिक विवरणमा समावेश गरेको छ।

लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख गरिएको भए त्यस बारे सञ्चालक समितिको प्रतिकृया:
लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोबारमा देखिएका सामान्य कैफियत, प्रतिक्रिया र सुझावहरूमा सञ्चालक समितिको ध्यानाकर्षण भएको छ र सुधारका निम्ति आवश्यक कदम चालिसकिएको छ।

सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा:
कुनै रकम बुझाउन बाँकी नभएको।

शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम:
आर्थिक वर्ष २०७७/७८ को अन्त्य सम्म शेयरधनीहरुले रु.३४,८०,०२,४०७।४८ लाभांश रकम बुझिलिन बाँकी रहेको छ।

दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण:
आर्थिक वर्ष २०७७/७८ मा कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको सम्पत्ति खरिद वा बिक्री गरेको छैन।

दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण:
यसै प्रतिवेदन अन्तर्गत उचित स्थानमा खुलाइएको छ।

कम्पनी ऐन तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु:
यसै प्रतिवेदन अन्तर्गत उचित स्थानमा खुलाइएको छ।

धन्यवाद ज्ञापन

कम्पनीको उन्नती तथा प्रगतिका लागि कम्पनीका शेयरधनी र शुभचिन्तकहरुको तर्फबाट प्राप्त अटुट समर्थन, सहयोग र हौसलाको लागि सञ्चालक समितिको तर्फबाट म हार्दिक कृतज्ञता ब्यक्त गर्दछु। कम्पनीको विकास तथा सेवा विस्तारका लागि निरन्तर सहयोग र निर्देशनको लागि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सेवा प्रदायकहरु, आपूर्तिकर्ताहरु र सञ्चारकर्मीहरुलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु। कम्पनीको उन्नती र प्रगतिमा निरन्तर लगनशिल भई साथ दिने कम्पनी व्यवस्थापन तथा कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

कम्पनीको प्रगतिका लागि कर्मचारीहरुको कामप्रतिको प्रतिवद्धता, लगनशिलता र इमानदारीताको उच्च प्रशंसा गर्दै सञ्चालक समिति आउदो वर्षहरुमा सवैबाट यस्तै सहयोगको अपेक्षा गर्दछ। आगामी दिनमा समेत हामीले ग्राहकको चाहना अनुसार नवीनतम प्रविधिमा आधारित थप गुणस्तरीय सेवा दिने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्त्यमा, सेवा प्रदान गर्ने अवसर प्रदान गर्ने हाम्रा सवै आदरणीय ग्राहकवर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत यहाँहरुको सहयोग तथा सद्भावको अपेक्षा गर्दछु।

धन्यवाद।
सञ्चालक समितिको तर्फबाट
बैकुण्ठ अर्याल
अध्यक्ष
मितिः २०७८/१२/२४

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित वार्षिक प्रतिवेदन

१. **सञ्चालक समितिको प्रतिवेदन:**
वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको।

२. **लेखापरीक्षकको प्रतिवेदन:**
वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको।

३. **लेखापरीक्षण भएको प्रतिवेदन:**
वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको।

४. **कानूनी कारवाही सम्बन्धी विवरण:**

क) **कम्पनीले वा कम्पनी विरुद्ध कुनै मुद्दा दायर भएको भए:**
आ.व.२०७७/७८ मा यस कम्पनी विरुद्ध ७ (सात) वटा मुद्दा दायर भएको र यस कम्पनीको तर्फबाट २ (दुई) वटा मुद्दा दायर भएको।

ख) **कम्पनीको संस्थापक वा सञ्चालकले वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा मुद्दा दायर गरेको वा भएको भए:**
सो सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको।

ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए:**
सो सम्बन्धमा जानकारी प्राप्त नभएको।

५. **कम्पनीको शेयर कारोवार तथा प्रगती विवरण:**

क) **धितोपत्र बजारमा कम्पनीको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा:**
कम्पनीको शेयर कारोबार लगानीकर्ताको कम्पनी प्रतिको विश्वास तथा प्रतिफलको विश्लेषणको आधारमा भैरहेको तथा धितोपत्र बजारको कारोबारमा भएको बृद्धि संगै कम्पनीको शेयर कारोबारमा पनि बृद्धि भएको र शेयर मुल्यमा पनि बृद्धि आएको।

ख) **आ.व.२०७७/७८ को कम्पनीको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मुल्यका साथै कूल कारोबार शेयर संख्या तथा कारोबार भएको दिन:**
सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको।

६. **समस्या चुनौती तथा रणनीति:**

क) **बाह्य समस्या तथा चुनौती:**

- प्रविधिमा आएको तीव्र परिवर्तन
- व्यावसायिक प्रतिफल नहुने वा न्यून हुने स्थानमा समेत सेवा विस्तार गर्नुपर्ने वाध्यता
- कार्य सम्पादनमा वाह्य निकायहरुसंगको निर्भरता
- सेवा विस्तारमा अन्य सार्वजनिक निकायहरुसंगको समन्वय
- तीव्र प्रतिस्पर्धा
- देशको समग्र भौगोलिक अवस्था
- अन्तर्राष्ट्रिय कानुनमा हुने परिवर्तनले कार्य सम्पादनमा प्रभाव
- कोभिड-१९ को प्रभाव

ख) **आन्तरीक समस्या तथा चुनौती:**

- कर्मचारी व्यवस्थापनमा समस्या
- बढ्दो संचालन लागत
- निर्णय प्रक्रियामा बढी समय लाग्नु
- निर्णय कार्यान्वयनमा समस्या
- पुरस्कार र दण्डको उचित व्यवस्थापन

ग) **समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति:**

- विश्व बजारमा उपलब्ध नवीनतम प्रविधिलाई समयानुकुल अवलम्बन गर्ने गरेको।
- कम्पनीको स्वीकृत पुनर्संरचना कार्यान्वयन गरेको।
- कार्य पद्धति तथा कार्य प्रक्रियालाई सरलिकृत गरी उचित समयमा उचित निर्णय गर्ने गरेको।
- समसामयिक रुपमा सेवा विस्तार तथा गुणस्तरिय सेवा प्रवाहकालागि वाह्य सेवा प्रदायक (Outsource) बाट समेत सेवा लिने गरेको।
- आवश्यक पूर्वाधारको विकास गरी सेवाको गुणस्तर वृद्धि गरेको।

७) **संस्थागत सुशासन:**

सञ्चालक समितिको प्रतिवेदनमा समावेश गरिएको।



नेपाल टेलिकमका ब्राण्ड एम्वेसडर "महजोडी"

७७ जिल्लामै 4G सेवा


NEPAL TELECOM


नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
नेपाल टेलिकम
NEPAL TELECOM
नाम्चे कार्यालय

व्यावसायिक परिदृश्य

विभिन्न अत्याधुनिक प्रविधि र उपकरण मार्फत देशका सुगम, दुर्गम, हिमाल, पहाड र तराईका जनतामा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गर्न कम्पनीले महत्वपूर्ण योगदान गरिरहेको छ । कम्पनीको व्यावसायिक अग्रता, सफलता र गतिशीलतामा विविध सेवाका प्रयोगकर्ता महानुभावहरूको विश्वास, व्यावसायिक साझेदारहरूसंगको सहकार्य, शेयरधनी महानुभावहरूको आस्था एवं कर्मचारीहरूको मेहनत महत्वपूर्ण कारक तत्वको रूपमा रहेका छन् ।

देश विकासका लागि एक अपरिहार्य पूर्वाधारको रूपमा रहेको सूचना तथा सञ्चार प्रविधिको क्षेत्रले मुलुकको सर्वाङ्गिण विकासमा निकै महत्वपूर्ण योगदान पुऱ्याएको छ । हाल देशको दिगो विकासको वृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिने रणनीतिहरूको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहँदै आएको छ । विश्वव्यापी रूपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तरक्रिया (Social Interaction), सार्वजनिक सेवा तथा सूचना प्रवाहमा आधारभूत परिवर्तन आएको छ। देशले अवलम्बन गरेको खुला, उदार एवं प्रतिस्पर्धात्मक आर्थिक वातावरणसँग तादात्म्यता राख्दै सञ्चार क्षेत्रको व्यावसायिक रूपमा विकास गर्नु अपरिहार्य भइसकेको छ।

हाल जीवनको हरेक क्षेत्र सूचना तथा संचार प्रविधिसंग जोडिएको छ र यसको विकास तथा प्रयोग मार्फत प्राप्त हुने अवसरले आम नागरिकको जीवनयापनमा अभूतपूर्व सहजता प्राप्त भएको छ। सूचना तथा सञ्चार प्रविधिको पहुँच नागरिकसम्म पुग्दा राष्ट्रिय महत्वका बृहत्तर लक्ष्य हासिल गर्न सहज हुँदै गएको छ। राज्यबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाह र त्यसको प्रभावकारिता तथा सुशासनमा सूचना प्रविधि अपरिहार्य हुन्छ । नेपाल सरकारले पनि राष्ट्रको आर्थिक सम्वृद्धि एवं समुन्नतिको लागि सूचना तथा सञ्चार प्रविधिलाई राष्ट्रिय प्राथमिकतामा राखी यस सम्बन्धी छुट्टै नीतिगत तथा संस्थागत व्यवस्था गरेको छ।

नेपाल टेलिकमले राष्ट्र निर्माण तथा नागरिकहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । देशको दूरसञ्चार क्षेत्रको विकासमा निरन्तर प्रतिवद्ध रहेको नेपाल टेलिकम वर्तमान प्रतिस्पर्धी र तीव्र व्यावसायिक परिदृश्यमा पनि आफ्नो अग्रणी र सम्मानित स्थान कायम गर्न सफल रहेको छ।

नेपाल सरकारको Digital Nepal Framework, Digital Economy, Smart City र Smart Society को अवधारणालाई साकार पार्न दूरसञ्चार तथा सूचना प्रविधिको पूर्वाधार विकास गर्ने कार्यमा कम्पनीले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । कम्पनीका यी प्रयासहरुबाट मुलुकको आर्थिक विकास, आम नागरिकको जीवनस्तरमा सुधार र Digital Divide न्यूनीकरणमा ठूलो योगदान पुग्ने देखिन्छ । ग्राहकहरूको माग, प्रविधिको विकास, बढ्दो प्रतिस्पर्धा तथा सेवाहरूको मुल्य निरन्तर घटिरहेको अवस्थामा पनि कम्पनीले व्यावसायिक सफलता हासिल गरिरहेको छ।

कम्पनीले २०७८ साल मंसिर महिना सम्ममा देशभरीका २ करोड २७ लाख ८८ हजार २ सय ५१ ग्राहकलाई दूरसञ्चार सेवा प्रदान गरेको छ। सो अनुसार कम्पनीले उपलब्ध गराएका सेवाहरूको टेलिघनत्व ७५.२२ पुगेको छ । कम्पनीका कुल ग्राहकहरु मध्ये २ करोड १६ लाख ४५ हजार १ सय ८९ जिएसएम मोबाइल सेवामा, ४ लाख ३८ हजार ८ सय १४ सिडिएमए मोबाइल सेवामा, ५ लाख २९ हजार ९ सय ६४ स्थानीय टेलिफोन PSTN सेवामा, १ लाख ७४ हजार २ सय ८४ FTTH Voice सेवामा तथा १ लाख ५९ हजार १ सय ५४ FTTH Data सेवामा रहेका छन् । त्यसै गरी सोही अवधिमा एडिएसएल, एफटिटिएच, वाइम्याक्स, मोबाइल डाटा र लिज्ड लाइन गरी कम्पनीको इन्टरनेट सेवा प्रयोगकर्ताहरूको संख्या २ करोड २० लाख ९१ हजार २ सय १७ पुगेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको २०७८ मंसिर सम्मको MIS Report अनुसार कुल दूरसञ्चार बजारको भ्वाइस र डाटा सेवा (ब्रोडब्याण्ड) मा नेपाल टेलिकमको हिस्सा क्रमशः ५५.२४ प्रतिशत र ५४.२६ प्रतिशत रहेको छ।

सेवा प्रवाह अझ प्रभावकारी बनाउनु पर्ने व्यावहारिक चुनौतीहरू हुँदाहुँदै कम्पनीले ग्राहकहरूको विश्वास तथा लगानीकर्ताहरूको आस्था कायम राख्न सफल भएको छ।

कम्पनीका प्राथमिकताहरु

नेपाल टेलिकमले आफ्नो उद्देश्यको रूपमा "ग्राहक सेवामा समर्पित" र "राष्ट्र निर्माण हाम्रो लक्ष्य"लाई अङ्गीकार गरेको छ। देशव्यापी सञ्जाल, भरपर्दो सेवा, समयसापेक्ष दररेट, गुणस्तरिय सेवा प्राप्त हुने सुनिश्चितता, नाफा वृद्धिमा भन्दा सुलभ सेवा देशभर पुऱ्याउने कम्पनीको प्रतिबद्धता रहेको छ।

राष्ट्र निर्माण हाम्रो लक्ष्य

दूरसञ्चार र सूचना प्रविधिसंग सम्बन्धित सेवाहरू आम जनताको लागि अपरिहार्य सेवाको रूपमा विकसित भइसकेका छन्। विभिन्न क्षेत्रहरूमा आएको प्रविधिगत विकास, आर्थिक तथा व्यावसायिक प्रणालीहरूको आधुनिकीकरण र नवीनतम सेवा सुविधाहरूको उपलब्धताले दूरसञ्चार तथा सूचना प्रविधिका सेवाहरू अपरिहार्य हुन गएका छन् । कम्पनीले देशको अग्रणी सेवा प्रदायक तथा जिम्मेवार सार्वजनिक निकाय भएको नाताले व्यावसायिक नाफाको लागि मात्र नभई नाफा नहुने दुर्गम र विकट स्थानहरूमा समेत सेवाको समान पहुंच पुऱ्याउने तर्फ निरन्तर प्रयास जारी राखेको छ।

ग्राहक सेवामा समर्पित

नेपाल टेलिकमले सदैव आफ्ना ग्राहकहरूलाई व्यावसायिक सफलताको आधार मान्ने गरेको छ। कम्पनीले सञ्चार क्षेत्रको विकासको लागि मुलुकका सुगम, दुर्गम, गाउँ, सहर सबै स्थानका उपभोक्तालाई सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउन सुपथ मुल्यमा आधुनिक तथा गुणस्तरीय दूरसञ्चार सेवाहरू प्रदान गरिरहेको छ।

पारदर्शिता

कम्पनीले आफ्ना सेवा सुविधा, सेवाको महशुल, परियोजना तथा आयोजनाको संचालन, सामाजिक उत्तरदायित्व जस्ता कार्यहरूको जानकारी समय समयमा दिदै आईरहेको छ। यसै सन्दर्भमा कम्पनीले आफ्नो आर्थिक कारोबारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार तयार गरी पत्र-पत्रिका मार्फत त्रैमासिक रूपमा सार्वजनिक जानकारीको लागि प्रकाशित गर्दै आएको छ। आफ्ना सम्पूर्ण गतिविधि तथा सेवा सञ्चालनको कार्यमा उच्चतम पारदर्शिता तथा प्रभावकारिताका लागि कम्पनी सदैव गम्भीर रहेको छ।





नवीनतम प्रविधि

नेपाल टेलिकमले विश्वबजारमा उपलब्ध नवीनतम प्रविधिहरू आपूर्ति गर्दै टेलिफोन, मोबाइल, ब्रोडब्याण्ड इन्टरनेट लगायतका आधारभूत एवं Value Added सेवाहरू प्रदान गर्दै आईरहेको छ। कम्पनीले फोरजी एलटिई सेवा देशभरका ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरूका ७२० भन्दा बढी स्थानिय निकायमा विस्तार गरेको छ। यसैगरी एउटै फाइबर मार्फत भ्वाइस, डाटा र टेलिभिजन उपलब्ध हुने एफटिटिएच सेवा हाल ६३ जिल्लामा विस्तार भैसकेको छ भने बाँकि स्थानहरुमा विस्तार गर्ने क्रम जारी रहेको छ। साथै विद्युतीय भुक्तानिका लागि कम्पनीले राष्ट्रिय वाणिज्य बैंकसँगको सहकार्यमा "नेपाल डिजिटल पेमेन्टस कम्पनी लिमिटेड" स्थापना गरी "नमस्ते पे" मोबाइल मनी सेवा संचालनमा ल्याएको छ।

सेवाग्राहीहरूका आकांक्षा अनुरूपका सेवाहरू प्रदान गर्न, उच्च गुणस्तरीय सेवा उपलब्ध गराउन र व्यावसायिक रुपमा थप प्रतिस्पर्धी बन्न कम्पनीले सदैव नवीन प्रविधिहरू अवलम्बन गर्दै आइरहेको छ।

व्यावसायिक रणनीति

ग्राहक सेवा तथा सम्बन्ध

"ग्राहक सेवामा समर्पित" भन्ने मुल्य मान्यतालाई आत्मसात गर्दै ग्राहकहरूको बदलिँदो चाहना तथा कम्पनीबाट ग्राहकहरूले गर्ने अपेक्षालाई पूरा गर्नको लागि उत्कृष्ट ग्राहक सेवा प्रदान गर्न कम्पनी सदैव कटिबद्ध रहेको छ। हाम्रा ग्राहकवर्गबाट प्राप्त मार्ग दर्शन, प्रतिक्रिया तथा सुझावहरू कम्पनीको प्रगतिका लागि महत्वपूर्ण छन्।

दूरसञ्चार सेवा उपलब्ध गराउने एउटा अग्रणी संस्थाको रूपमा कम्पनीले ग्राहकवर्गसँग सुमधुर सम्बन्ध स्थापना तथा विस्तार गर्दै आएको छ। कम्पनीले ग्राहक आधारलाई आफ्नो अस्तित्व र अग्रताको सूचकको रूपमा लिएको छ। ग्राहकहरूको सुविधाका लागि कम्पनीको बिक्री कक्ष तथा ग्राहक सेवा केन्द्रमा जानु पर्ने वाध्यताको विकल्पको रुपमा एस.एम.एस., युएसएसडी, वेबसाइट तथा मोबाइल एपमार्फत कम्पनीका सेवाहरू खरिद गर्न, प्याकेज छनौट गरी खरिद गर्न, रिचार्ज गर्न, गुनासो दर्ता गर्न सकिने व्यवस्था गरेको छ। साथै सामाजिक सञ्जाल मार्फत समेत ग्राहकहरूबाट प्राप्त गुनासाहरूलाई कम्पनीले समयमै सम्बोधन गर्दै आईरहेको छ। कम्पनीका ग्राहक महानुभावहरूसँग स्थापित सम्बन्धले उच्चगुणस्तरीय ग्राहक अनुभूति प्रदान गर्ने संकल्पमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने कम्पनीले विश्वास लिएको छ।

सूचना प्रवाह

कम्पनीले सेवाग्राहीहरूलाई प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूको प्रभावकारी सूचना प्रवाह व्यावसायिक सफलतासंग जोडिएको हुन्छ। यसै कुरालाई मनन गर्दै कम्पनीले प्रदान गर्ने सेवा तथा सुविधाहरूको जानकारी विभिन्न माध्यम मार्फत गर्दै

र गराउँदै आइरहेको छ। सूचना प्रवाहका मुख्य माध्यमहरू तल उल्लेख गरिएका छन् :

- **देशभर रहेका दूरसञ्चार कार्यालय**

  आम उपभोक्ताहरूलाई कम्पनीका सेवाहरूको बारेमा सुसूचित गर्ने र सेवा खरिद तथा खरिद पश्चात आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले मुलुकका विभिन्न स्थानहरूमा रहेका दूरसञ्चार कार्यालयहरू तथा ग्राहक सेवा केन्द्रहरू मार्फत कम्पनीले आवश्यक सेवाहरू उपलब्ध गराउँदै आएको छ।

- **रेडियो, टिभी, एफएम तथा पत्रपत्रिका**

  कम्पनीका सेवा सुविधाहरू उपयोग गर्ने सम्बन्धी सचेतना जगाउन, सेवाहरूको बारेमा सुसूचित गर्न तथा अन्य आवश्यक जानकारीहरू समय सापेक्ष रूपमा उपलब्ध गराउन एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजन जस्ता माध्यमहरू कम्पनीले व्यापकरूपमा प्रयोग गर्दै आएको छ । आम उपभोक्ताहरूसँग नजिक रहन यस्ता माध्यमहरूको भूमिका उल्लेख्य रहने देखिन्छ र यसलाई अझ प्रभावकारी बनाउने तर्फ कम्पनी क्रियाशील रहँदै आएको छ ।

- **कम्पनीको वेबसाईट तथा सामाजिक संजाल**

  सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगसँगै आम नागरिकलाई सेवाको बारेमा सुसूचित गर्ने तथा सेवा प्रवाह गर्ने प्रक्रियामा पनि व्यापक परिवर्तन हुँदै आइरहेको छ । स्मार्टफोन, कम्प्युटर, ल्यापटप तथा ट्याब्लेटजस्ता उपकरणहरूको प्रयोग निकै बढिरहेको परिप्रेक्ष्यमा वेबसाईट तथा सामाजिक संजाल मार्फत सूचना प्रवाह गर्नु व्यावसायिक रूपमा निकै प्रभावकारी हुँदै आइरहेको छ। यसै कुरालाई मनन गर्दै आफ्नो वेवसाइट तथा आधिकारिक सामाजिक सञ्जालहरू (फेसबुक, ट्विटर, इन्स्टाग्राम, लिंक्डईन, युट्युब, भाइबर कम्युनिटी, टिकटक आदि) मार्फत ग्राहकवर्गलाई सूचना प्रदान गर्ने र गुनासो सुन्ने तथा सेवा प्रवाह गर्ने तर्फ कम्पनी क्रियाशील रहँदै आएको छ। कम्पनीको वेबसाईट मार्फत प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन वेबसाईटलाई व्यापक परिमार्जन गरी संचालन गरिएको छ । कम्पनीको वेबसाईट तथा आधिकारिक सामाजिक संजालहरूको लिंक निम्न अनुसार रहेका छन् :

  - Website: www.ntc.net.np
  - Facebook: Nepaltelecom.NT
  - Twitter: ndcl_nt
  - Instagram: nepaltelecomofficial
  - YouTube: NepalTelecom
  - LinkedIn: Nepal Telecom
  - Viber: NepalTelecom
  - TikTok: nepal_telecom

- **एसएमएस सेवा**

  कम्पनीले प्रदान गर्ने विभिन्न सेवा सुविधाहरूको बारेमा आम उपभोक्ताहरूलाई समय समयमा एसएमएस मार्फत पनि सुसूचित गर्दै आइरहेको छ। राष्ट्रिय सरोकारका सूचनाहरु कम्पनीले SMS मार्फत ग्राहकहरूलाई प्रदान गर्दै आएको छ।

- **मोबाइल एप**

  कम्पनीले नेपाल टेलिकम एप (Nepal Telecom APP) मार्फत विभिन्न सेवा सुविधाहरूको बारेमा ग्राहकवर्गलाई जानकारी गराउँदै आइरहेको छ। ग्राहकवर्गलाई सहज रूपमा सेवा तथा सेवाको जानकारी उपलब्ध गराउन मोबाइल एपमा विभिन्न नयाँ सुविधाहरू थप गरिरहेको छ। एप मार्फत नेपाल टेलिकमका जीएसएम, पीएसटीएन, एडीएसएल, एफटिटिएच लगायत अन्य सेवाहरूको वारेमा जानकारी प्राप्त गर्न, प्याकेजहरू खरिद गर्न, सेवा खपत सम्बन्धी जानकारी लिन, बिल तिर्न लगायत अन्य धेरै सेवा सुविधाहरू उपयोग गर्न सकिन्छ। ग्राहकवर्गको सहजताको लागि नेपाल टेलिकमको मोबाइल, वेबसाईट तथा नेपाल सरकारका वेबसाइट (डट जीओभी डट एनपी) प्रयोग गर्दा खपत हुने डाटामा कुनै शुल्क नलाग्ने व्यवस्था गरिएको छ। यो एप Google Play Store र iOS APP Store मा उपलब्ध रहेको छ।

- **च्याटबोट**

  कम्पनीले आफ्नो बेवसाइट तथा फेसबुक मेसेन्जरमा Chatbot समावेश गरी सो मार्फत ग्राहकवर्गलाई सूचना प्रदान गर्ने, गुनासो सुन्ने तथा सेवा प्रवाह गर्ने कार्य गरिरहेको छ । यसबाट कम्पनीले प्रदान गरिरहेका विभिन्न सेवाहरू सम्बन्धी जानकारी तथा गुनासो सम्बोधन गर्ने कार्य थप प्रभावकारी बनाउन मद्दत पुगेको छ।

- **कम्पनीको प्रवक्ता, सह-प्रवक्ता एवं सूचना अधिकारी**

  कम्पनीले प्रवक्ता र सह-प्रवक्ता मार्फत कम्पनी तथा कम्पनीका विभिन्न सेवा सुविधाहरू सम्बन्धी जानकारी नियमित रूपमा प्रेस विज्ञप्ती, प्रेस जानकारी, Newsletter आदि माध्यमबाट सार्वजनिक गर्ने गरेको छ। यसैगरी विभिन्न निकायहरूबाट माग हुने कम्पनीसंग सम्बन्धित जानकारीहरू सूचना अधिकारी र नोडल अधिकृत मार्फत उपलब्ध गराउने गरेको छ।

- **ग्राहक सेवा केन्द्र**

  नेपाल टेलिकमले आफ्ना सेवा र सुविधा सम्बन्धी जानकारी ग्राहक सेवा केन्द्रहरू मार्फत पनि उपलब्ध गराउदै आइरहेको छ।

आयका नयाँ स्रोतहरूको पहिचान

कम्पनीले उपलब्ध गराउँदै आएका विभिन्न सेवाहरू जस्तै वायरलाइन सेवा, वायरलेस सेवा, एसएमएस सेवा, ब्रोडब्याण्ड इन्टरनेट सेवा, लिज्ड लाइन सेवा, अन्तरआवद्धता सेवा, अन्तर्राष्ट्रिय कल सेवा, भ्यालु एडेड सेवा आदि कम्पनीका आयका मुख्य स्रोतहरू हुन् । कम्पनीको कुल आम्दानी मध्ये सेवा बिक्रीबाट प्राप्त हुने आय ८५.१० प्रतिशत र अन्य आम्दानी १४.९० प्रतिशत रहेको छ। प्रायःसबै सेवाहरू अग्रिम भुक्तानी (Prepaid) वा क्रेडिट लिमिटको रूपमा प्रदान गरिने भएकाले जोखिम न्यून हुन्छ र नगद प्रवाहमा समेत सकारात्मक प्रभाव परिरहेको छ। यस कम्पनीले जल विद्युत विकास क्षेत्रमा माथिल्लो तामाकोशी, त्रिशूली ३ बी, जल विद्युत लगानी तथा विकास कम्पनीमा लगानी गरी आयका श्रोतहरूलाई विविधिकरण गरेको छ भने अन्य विधा तर्फ नागरिक स्टक डिलर कम्पनी लि. र नेपाल डिजिटल पेमेन्टस् कम्पनी लि. मा लगानी गरेको छ। यसै गरी कम्पनीले "क" वर्गका बैकहरूमा मुद्दति निक्षेप तथा डिवेञ्चरमा समेत लगानी गरी थप आय आर्जन गरिरहेको छ।

दूरसञ्चार सेवा प्रवाहलाई थप प्रभावकारी बनाउदै लक्षित वर्गसम्म शिक्षा, स्वास्थ्य लगायतका सेवाहरू पुऱ्याउन सहयोगी भुमिका निर्वाह गरिरहेको छ। यसै सन्दर्भमा कम्पनीले आगामी दिनमा पनि अग्रणी स्थानमा रहिरहन ग्राहकको मागलाई सम्बोधन गर्न सक्ने आधुनिक सेवाहरू जस्तैः IoT (Internet of Things) अन्तर्गतका विभिन्न व्यावसायिक क्षेत्रहरू पहिचान गरी आवश्यक कार्य योजना तय गर्ने कार्य प्राथमिकतामा राखेको छ।



कम्पनीको सफलताको आधार
कम्पनीका सेवा र ग्राहकहरू

कम्पनीका सेवाहरू

सय वर्षभन्दा लामो अनुभव संगालेको यस कम्पनीले सदैव नवीनतम प्रविधिहरूको अवलम्बन गर्दै आफ्ना ग्राहकवर्गको सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धीत सम्पूर्ण आवश्यकताहरू पूरा गर्न सस्तो, गुणस्तरीय तथा भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ।

दूरसञ्चार क्षेत्रको विकास र विस्तारमा कटिबद्ध यस संस्था प्रति ग्राहकहरूको अपार आस्था, सहयोग र सद्भाव कायम रहेको छ। २ करोड २७ लाखभन्दा बढी ग्राहकहरूको साथले नेपाल टेलिकम मुलुककै अग्रणी दूरसञ्चार सेवा प्रदायक हुन सफल भएको छ। व्यावसायिक सफलता र बजारमा अग्रता कायम राख्ने आफ्नो लक्ष्य प्राप्तिको लागि कम्पनी अटुट रूपमा अघि बढिरहेको रहेको छ। यस अवधिमा कम्पनीले अवलम्बन गरेका विभिन्न प्रविधिहरू मार्फत उपलब्ध गराउँदै आएका सेवाहरू निम्न अनुसार रहेका छन् :

भ्वाइस तथा एसएमएस सेवा

आधारभूत टेलिफोन (PSTN) तथा FTTH Voice सेवा

नेपालमा दूरसञ्चार सेवाको थालनी वि.सं.१९७३ सालमा भएको मानिन्छ। इ.सं.१९८३ मा कम्पनीले दक्षिण एसियामै पहिलो पटक पूर्ण स्वचालित डिजिटल प्रणालीमा आधारित दूरसञ्चार सेवा प्रदान गरेको हो। कम्पनीले हाल देशभरि कुल १,०४४ एक्सचेन्जहरू मार्फत सेवा प्रदान गर्दै आइरहेको छ। तत्कालीन TDM Based प्रणालीबाट IP Based प्रणालीमा रूपान्तरण भई हाल IP Based Soft-Switch, IP Multimedia SubSystem, Media Gateway हरू संचालनमा रहेका छन्। IP प्रविधिमा आधारित Next Generation Network (NGN), IP Multimedia Sub System, तथा Access Gateway मार्फत Voice, Data, Television (Triple Play) सेवा प्रदान गर्न सक्ने गरी प्रविधि रूपान्तरण भइसकेको छ। हाल TDM Migration परियोजना अन्तर्गत पुराना एक्स्चेन्जहरूलाई Access Gateway ले प्रतिस्थापन गर्ने क्रम जारी रहेको छ। उक्त प्रविधिबाट हाल Copper based PSTN तथा Optical Fiber based FTTH सेवा संचालनमा आएका छन्। २०७८ साल मंसिर मसान्तसम्म आधारभूत स्थानीय टेलिफोनतर्फ कम्पनीका ५ लाख २९ हजार ९ सय ६४ उपभोक्ताहरू रहेका छन् भने FTTH Voice तर्फ १ लाख ७४ हजार २ सय ८४ उपभोक्ताहरू गरी कुल ७ लाख ४ हजार २ सय ४८ उपभोक्ताहरू रहेका छन्।

आधारभूत स्थानीय टेलिफोन सेवामा उपलब्ध सुविधाहरू

- स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय कल (Access code: 00,1424,1425,1445 आदि) सेवा
- कलर आई.डी.(CLIP)
- लकिङ्ग कोड (Locking Code)
- कल हण्टिङ्ग (Call Hunting)
- ३ पार्टी कन्फरेन्स (Three Party Conference)
- कल ट्रान्सफर (CallTransfer)
- कल वेटिङ्ग (Call Waiting)
- एब्रिभिएटेड डायलिङ्ग (Abbreviated Dialing)
- वेकअप कल (Wake-up Call)

ग्रामीण क्षेत्रमा स्याटलाइट प्रविधि मार्फत दूरसञ्चार सेवा (VSAT Services)

दूरसञ्चार सेवा प्रदान गर्न कठिनाइ हुने अति दुर्गम र विकट भौगोलिक स्थानहरूका सेवाग्राहीहरूलाई पनि दूरसञ्चार सेवाको पहुँचमा ल्याउनको लागि कम्पनीले Satellite Backhaul मार्फत VSAT Service प्रदान गर्दै आइरहेको छ। लगानीको तुलनामा न्यून प्रतिफल हुने स्थानहरूमा समेत सेवा पुऱ्याएर जनताको मन जित्न सफल भएको छ। वि.सं. २०३९ साल कार्तिक २ गते तदनुसार १९अक्टोबर १९८२ मा सगरमाथा भू-उपग्रह केन्द्रको स्थापना भएसंगै लगातार रूपमा कम्पनीले यस किसिमको सेवा प्रदान गर्दै आईरहेको छ। यसका अतिरिक्त भूकम्प, बाढी, पहिरो लगायत अन्य प्राकृतिक प्रकोपको अवस्थामा समेत तत्काल संचार सेवा पुऱ्याई उद्धार कार्यमा सहयोग पुऱ्याउन Satellite प्रविधिको महत्वपूर्ण भुमिका रहँदै आएको छ।

वायरलेस भ्वाइस सेवा

जिएसएम प्रविधिको मोबाइल सेवा

नेपालमै पहिलो पटक जिएसएम मोबाइल सेवा नेपाल टेलिकमले मिति २०५६ साल बैशाख ३० गते काठमाडौँबाट विधिवत रूपमा शुरु गरेको हो । समय सापेक्ष रूपमा GSM प्रविधिमा आएको विकासको कारण तेस्रो पुस्ता (3G) हुदैं हाल चौथो पुस्ताको नवीनतम प्रविधि 4G/LTE सेवा विस्तार गरिएको छ। 4G/LTE सेवा मिति २०७३ पुष १७ (२०१७/०१/०१) गते काठमाडौं र पोखराबाट शुरुवात गरिएको थियो । हाल देशका ७७ वटै जिल्लामा ६२५५ eNodeB जडान गरी ७२० भन्दा बढी स्थानिय निकायमा यो सेवा विस्तार भएको छ । २०७८ मंसिरसम्म नेपाल टेलिकमका २ करोड १६ लाख ४५ हजार १ सय ८९ जिएसएम मोबाइलका ग्राहक रहेका छन् । वायरलेस मोबाइल प्रविधि अन्तर्गत निम्न सेवाहरू उपलब्ध छन्:

- प्रिपेड तथा पोष्टपेड सेवा
- एसएमएस सेवा
- विभिन्न प्रकारका भ्यालु एडेड सेवा
- इन्टरनेसनल रोमिंग सेवा
- फ्रेन्ड्स एंड फेमिली सेवा
- सिआरबिटि (CRBT) सेवा
- कल फरवार्ड, कल वेटिंग र कल होल्ड सेवा
- क्लोज युजर ग्रुप (CUG) सेवा
- भ्वाइस तथा डाटा प्याकेजहरू
- अन्य सेवाहरू

हाल देशव्यापी रूपमा नयाँ प्रविधिको 4G/LTE सेवाको विस्तार तथा VoLTE सेवाको संचालन भैसकेको छ। पाचौ पुस्ता (5G) प्रविधि सेवा Trial गर्न नेपाल दूरसञ्चार प्राधिकरणले अनुमति दिइसकेकोले 5G सेवा Trial गर्ने तयारी भइरहेको छ।

सीडीएमए प्रविधिको मोबाइल सेवा

नेपाल टेलिकमले मिति २०६२/१०/२३ देखि CDMA प्रविधिमा आधारित टेलिफोन सेवा काठमाडौँबाट व्यावसायिक रूपमा संचालन गरेको हो । तत्कालीन समयमा दूरसञ्चार सेवाको पहुँच देशका विकट स्थानहरूमा समेत पुऱ्याउन यो सेवा अत्यन्तै प्रभावकारी भएको थियो ।

हाल CDMA प्रविधिसंग सम्बन्धित उपकरण तथा प्राविधिक सेवा विश्व बजारमा उपलब्ध हुन नसक्ने देखिएकोले कम्पनीले CDMA सेवाका ग्राहकहरुलाई थप सुविधा सहितको 4G LTE सेवामा रूपान्तरण गर्ने कार्य शुरु गरेको छ। यसका लागि CDMA को कभरेज भएका क्षेत्रमा विभिन्न चरणमा 4G LTE नेटवर्क जडान गरी सेवा सुचारु गर्ने व्यवस्था गरिएको मिलाईएको छ । २०७८ मंसिरसम्म यस प्रविधि अन्तर्गत ४ लाख ३८ हजार ८ सय १४ ग्राहकहरू रहेका छन् ।

इन्टरनेट सेवा

सन् २००० को मे महिनाबाट नेपाल टेलिकमले स्थानीय टेलिफोनबाट चल्ने तत्कालीन समयको नवीनतम डायलअप प्रविधिमा आधारित इन्टरनेट सेवाको शुरुवात गरेको थियो । प्रविधिमा भएको विकाससँगै कम्पनीले हाल विश्वब्यापी रूपमा प्रचलित नवीनतम तार सहित प्रविधि अन्तर्गत FTTH, ADSL, Leased Line सेवा प्रदान गरिरहेको छ। साथै CDMA र WiMAX प्रविधिसंग सम्बन्धित उपकरण तथा प्राविधिक सेवा विश्व बजारमा उपलब्ध हुन नसक्ने देखिएकोले कम्पनीले तार रहित प्रविधि अन्तर्गत CDMA र WiMAX सेवाका ग्राहकलाई 4G/LTE मार्फत ब्रोडव्याण्ड इन्टरनेट सेवा प्रदान गरिरहेको छ। हाल कम्पनीले विभिन्न प्रविधि मार्फत प्रदान गरेका इन्टरनेट सेवाहरू निम्नानुसार रहेका छन् :

वायरलाइन इन्टरनेट सेवा

लिज्ड लाइन सेवा

ठुलो व्यापारिक संस्थाहरूलाई लक्षित गर्दै कम्पनीले अप्टिकल फाइबर र कपर लिज्ड सर्किट प्रयोग गरी Dedicated Data Lease प्रविधिको लिज्ड लाइन सेवाको शुरुवात गरेको हो । बढी ब्याण्डविथ आवश्यक पर्ने ग्राहकहरूलाई अप्टिकल फाइबर प्रयोग गरी लिज्ड सेवा प्रदान गर्ने क्रम पनि बढ्दो रूपमा रहेको छ।

कपर लिज्ड सर्किट मार्फत न्यूनतम ५१२ केबीपीएस क्षमताको सेवा उपलब्ध गराइरहेकोमा हाल अप्टिकल फाइवर मार्फत न्यूनतम २ एमबीपीएस क्षमता उपलब्ध गराउँदै आइरहेको छ । २०७८ आश्विनमहिनासम्म Internet Leased Line तथा Intranet Leased Line का कुल ग्राहक संख्या २,९१७ रहेका छन् । कम्पनीले ISP (Internet Service Provider) हरूलाई E1 लिज्ड सर्किट र अन्तर्राष्ट्रिय व्यापारिक/कुटनितिक निकायहरुलाई IPLC (International Private Lease Circuit) पनि प्रदान गरिरहेको छ।

ADSL इन्टरनेट सेवा

आधारभुत टेलिफोन लाइन मार्फत भ्वाइस सेवाको अलावा ADSL प्रविधिमा आधारित ब्रोडब्याण्ड इन्टरनेट सेवामा २०७८

मंसिर मसान्तसम्म १,३१,७३५ ग्राहक रहेका छन् । हाल यस सेवाका ग्राहकलाई अप्टिकल फाइवर मार्फत उच्च गतिको इन्टरनेट सेवा प्रदान गर्ने FTTH प्रविधिमा रुपान्तरण गर्ने कार्य द्रुत गतिमा भइरहेको छ।

FTTH इन्टरनेट सेवा

ब्रोडब्यान्ड इन्टरनेट सेवाको बढ्दो मागलाई सम्बोधन गर्न कम्पनीले कपरमा आधारित पुरानो नेटवर्कलाई अप्टिकल फाइवर मार्फत प्रतिस्थापन गरी उच्च गतिको FTTH Service संचालनमा ल्याएको छ। २०७८ मंसिर मसान्तसम्म यस सेवाका ग्राहक १,५९,१५४ रहेका छन्।

SIP-PBX सेवा

व्यावसायिक संघ-संस्था तथा कार्यालय प्रयोजनको लागि लक्षित गरिएको यो सेवा कम्पनीले २०७५ बैशाख देखि संचालनमा ल्याएको हो । यस सेवामा हालसम्म १८२ भन्दा बढी संस्थागत ग्राहकहरू छन्। कपर नेटवर्कमा आधारित पुरानो प्रविधिमा चल्ने PABX तथा PRI Line लाई प्रतिस्थापन गर्ने उद्देश्यले ल्याईएको यस सेवाबाट Broadband Intranet र Internet Leased Line सेवा उपलब्ध हुनुका अतिरिक्त एकभन्दा बढी टेलिफोन लाइन एउटै फाइवरको माध्यमबाट संचालन गर्न सकिन्छ।

वायरलेस इन्टरनेट सेवा:

कम्पनीले वायरलेस सेवातर्फ GSM, CDMA तथा WiMAX प्रविधि मार्फत वायरलेस इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको छ।

- 4G/LTE
- 3G
- EDGE
- EVDO
- WiMAX

Fixed Broadband को पहुँच नपुगेका तर 4G LTE को Coverage भएका स्थानहरूका लागि Wireless Home Broadband (WHBB) सेवा समेत उपलब्ध गरेको छ।

भ्यालु एडेड सेवाहरू (VAS):

आधारभूत दूरसञ्चार सुविधा (जस्तैः भ्वाइस, डाटा तथा एसएमएस) को अलावा ग्राहकवर्गलाई कम्पनीले अतिरिक्त सेवाको रुपमा वायरलाइन तथा वायरलेस प्रविधि तर्फ निम्न बमोजिमका भ्यालु एडेड सेवाहरू उपलब्ध गराउँदै आइरहेको छ :

वायरलाइन तर्फ

टोल फ्री नम्बर सेवा (Toll Free Number Service)

यो सेवा प्रयोग गरेर संघ संस्थाहरूले देशभरिका आफ्ना कार्यालय तथा शाखाहरूमा एउटै टोल फ्री नम्बर मार्फत कल प्राप्त गर्न सक्दछन । रिभर्स चार्जिङ्ग अर्थात कल उठाउने पक्षले कल वापतको शुल्क तिर्ने भएको हुँदा ठुलो कार्यालयहरूलाई बढी भन्दा बढी ग्राहकहरू समक्ष आफ्नो पहुँच पुऱ्याउन र एकीकृत सेवा प्रदान गर्न यो सेवा निकै लाभदायक हुन्छ।

नोटिस बोर्ड सेवा (Notice Board Service)

व्यावसायिक संघ-संस्था, स्कुल, कलेज आदिलाई आफ्नो ल्याण्डलाइन नम्बरमा कल गर्ने व्यक्तिहरूलाई एउटै सन्देश पटक-पटक दिनुपर्ने अवस्थामा यो सेवा प्रभावकारी हुन्छ। यो सेवाका ग्राहकले आफ्नो नोटिस बोर्डमा राख्ने सूचना र सन्देशहरू आफैंले फोन मार्फत रेकर्ड गर्न सक्ने र सो नम्बरमा कल गर्ने व्यक्तिले उक्त सूचना सुन्न सक्छन्। सेवा प्रयोग गर्न थप उपकरण जडान गर्नु पर्दैन। यो सेवा व्यापारिक संघ-संस्थाहरूको उत्पादनहरूको जानकारी प्रदान गर्न, मौसम सम्बन्धी जानकारी दिन, स्कुल-क्याम्पसहरूले सूचना उपलब्ध गर्न, वायुसेवा कम्पनीहरूको उडान तालिका सम्बन्धी जानकारी दिन, विनिमयदर, राशिफल तथा Breaking News आदि उपलब्ध गर्न उपयोगी रहेको छ।

Interactive Voice Response (IVR) सेवा

यो सेवाबाट कुनै पनि व्यक्तिले आफ्नो परिचय नं (जस्तै परीक्षाको Symbol No.) डायल गरी कम्प्युटरकै माध्यमबाट स्वचालित रूपमा सो सम्बन्धी जानकारी लिन सक्दछ। हाल परीक्षाको नतिजा प्रकाशनमा यो सेवा आकर्षक देखिएको छ। हाल यो सेवा निम्न कोडहरूबाट उपलब्ध गराइएको छ :

- १६०० (SLC Result Enquiry)
- १६०१ (10+2 Result Enquiry)
- १६०२ (TU Result Enquiry)

NTTV सेवा

कम्पनीले FTTH प्रविधि मार्फत भ्वाइस तथा इन्टरनेट सेवा उपलब्ध गराईरहेकोमा 01Jan 2021 देखि IPTV प्रविधिको NTTV टेलिभिजन सेवा प्रदान गरेको छ।

वायरलेस तर्फ

यस आ.व.मा कम्पनीले वायरलेस प्रविधितर्फ विविध किसिमका सेवाहरू उपलब्ध गराउने उद्देश्य अनुरूप LiveTV,

Video Streaming, Music Streaming, Education App, नमस्ते क्रेडिट आदि सेवाहरूलाई दोस्रो पक्षसँगको साझेदारीमा निरन्तरता दिइरहेको छ। वायरलेस तर्फ मुख्य रूपमा निम्न VAS सेवाहरू संचालनमा रहेका छन् :-

मिस्ड कल एलर्ट (Missed Call Alert-MCA)

सेवाग्राहीको नम्बर व्यस्त भएको अवस्थामा, मोबाइल स्वीच अफ भएको अवस्थामा र नेटवर्क उपलब्ध नभएको अवस्थामा कसैले कल गरेमा यो सेवा मार्फत ग्राहकले एसएमएस नोटिफिकेसन प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। कम्पनीले हाल आफ्ना सबै मोबाइल प्रयोगकर्ताहरूलाई यो सेवा निःशुल्क उपलब्ध गराइरहेको छ। ग्राहकले उक्त सेवा हटाउन चाहेमा UNSUB MCA लेखेर 1400 मा एसएमएस गरी वा *1400# डायल गरी यो सेवा हटाउन सक्दछन् भने पुनःसुचारु गर्न चाहेमा SUB MCA लेखेर 1400 मा एसएमएस गरी वा *1400# डायल गरी यो सेवा सुचारु गर्न सक्दछन्।

कलर रिंगब्याक टोन (Caller Ring Back Tone-CRBT)

CRBT सेवा लिने ग्राहकहरुले यो सेवा उपलब्ध गराउने सेवा प्रदायकको सूचि अनुसार आफुले चाहेको धुन वा गीतलाई छनौट गरी कलर रिंगब्याक टोनको रूपमा राख्न सक्दछन्। यसरी राखिएको गीत वा धुन कल गर्ने ग्राहकले कल नउठ्दासम्म सुन्न सक्दछन्।

अन्य मनोरञ्जनात्मक कन्टेन्ट सेवा

ग्राहकको चाहना अनुरूपका गीत संगीत, खेलकुद, भिडियो जस्ता सेवाहरूलाई समेत भ्यालु एडेड सेवाको रूपमा संचालन गरेको छ। मोबाइलको ब्यालेन्सबाट सेवा शुल्क काटिने गरी उपलब्ध गराईएका यस्ता सेवामा ग्राहकहरूको निकै रुचि देखिदै आएको छ। भविष्यमा ग्राहकहरूको चाहनालाई मध्यनजर गर्दै विभिन्न किसिमका सेवाहरू थप गर्दै लैजाने उद्देश्य लिइएको छ। हाल संचालनमा रहेका मनोरञ्जनात्मक सेवाहरू तल उल्लेख गरिएका छन्:-

- Music: Daami Music
- Video on Demand:
  - Hungama Music
  - Hungama Play
- Wow Time
- Education Contents: MiDas Education

M2M Service

कम्पनीले व्यवसायीक रुपमा आफ्नो मोबाइल नेटवर्क Machine to Machine (M2M) सेवाको लागि पनि उपलब्ध गराएको छ। नेपाल विद्युत प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग लगायतका GPS र POS मेसिन प्रयोग गर्ने विभिन्न कम्पनीहरुलाई M2M सिम मार्फत सेवा प्रदान गर्दै आएको छ र हाल यसको मागमा उल्लेख्य वृद्धि भएको छ।

NT सूचनाको संसार सेवा

कम्पनीले भियामो (Viamo) कम्पनीसँग साझेदारी गरी शुरु गरेको "NT सूचनाको संसार" सेवालाई निरन्तरता दिएको छ। यो एक प्रकारको आईभीआर सिस्टम हो, जसमा नेपाल टेलिकमको मोबाइल मार्फत कल गरेर कृषि, स्वास्थ्य, समाचार, मौसम, प्राकृतिक प्रकोप सम्बन्धी विभिन्न जानकारी हाललाई निःशुल्क रूपमा प्राप्त गर्न सकिन्छ। नेपाल टेलिकमको मोबाइल मार्फत ३२१०० मा कल गरेर निर्देशन पालना गरी नेपाली भाषामै यो सेवा उपयोग गर्न सकिन्छ।

अन्य सेवाहरू

कम्पनीले आफुले प्रदान गरेका विभिन्न सेवा सुविधाहरूको बारेमा ग्राहकसंग प्रत्यक्ष सम्बन्ध बनाई राख्न र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन सोधपुछ तथा गुनासो दर्ता सेवा उपलब्ध गराईरहेको छ।

सोधपुछ तथा गुनासो दर्ता सेवा

क) फोन कल मार्फत उपलब्ध हुने

- १४९८: मोबाइल सम्बन्धी सोधपुछ तथा गुनासो व्यवस्थापन
- १९७: स्थानीय टेलिफोन (PSTN) नम्बर सोधपुछ

ख) आइभीआर मार्फत उपलब्ध हुने

- १६०६ (PSTN Bill Enquiry)
- १६०७ (GSM And CDMA Bill Enquiry)
- १९८ (PSTN Phone, ADSL, Leased Line, FTTH Complain)
- १८८ (VOIP Call Complain)

ग) एक्सेस कोड १४२४ मार्फत सस्तो दरमा अन्तर्राष्ट्रिय कल सेवा

- एक्सेस कोड १४२४ मार्फत कम्पनीका विभिन्न सेवाहरू (PSTN, CDMA, GSM, VSAT) बाट सस्तो दरमा अन्तर्राष्ट्रिय कल गर्न सकिने।
- यो सेवा प्रयोग गर्नका लागि १४२४ (०० को सट्टामा) पछि Country Code र एरिया कोड सहितको फोन वा मोबाइल नम्बर राखेर कल गर्नु पर्दछ।

अन्तरआवद्धता तथा अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा

अन्तर्राष्ट्रिय दूरसञ्चार सेवाप्रदायकहरूसँग अन्तरआवद्धता

कम्पनीले Singapore र Hong Kong मा स्थापना गरेका POP (Point of Presence) मार्फत विभिन्न अन्तर्राष्ट्रिय दूरसञ्चार सेवाप्रदायकहरूसँग अन्तरआवद्धता गरी भ्वाइस कल आदानप्रदान गर्ने गरेको छ। अन्तर्राष्ट्रिय रोमिङ सेवा तर्फ ९२ वटा मुलुकमा रहेका १८६ वटा सेवा प्रदायकहरूसँग Postpaid Roaming सेवा तथा ८ वटा मुलुकमा रहेका ११ वटा सेवा प्रदायकहरूसँग Prepaid Roaming सेवाका लागि सम्झौता गरी Standard र Discounted दर रेटमा कल आदानप्रदान गर्दै आएको छ।

विदेशबाट नेपालमा कल गर्न महशुल दर परिमार्जन

कम्पनीले अन्तर्राष्ट्रिय बजारको अवस्था तथा आफ्नो व्यापार प्रवर्द्धनको कार्ययोजना अनुसार समय-समयमा महसुल दर परिमार्जन गर्ने गरेको छ। यसै क्रममा नेपालीहरू वैदेशिक रोजगारीको लागि जाने मुलुकहरु लगायत अन्य मुलुकका सेवा प्रदायकहरूसँग सहकार्य गरी कम्पनीले ती मुलुकहरूबाट सहुलियत दरमा नेपालमा कल गर्न सक्ने व्यवस्था मिलाएको छ। यसबाट नेपालमा कल गर्दा ती मुलुकमा रहेका नेपालीहरुलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने गरेको छ।

अन्तर्राष्ट्रिय लिज्ड लाइन सेवा

मुलुक भित्र रहेका कुटनीतिक निकाय लगायत व्यापारिक प्रतिष्ठानहरू र तिनै संस्थाहरूका मुलुक बाहिर रहेका सम्बन्धित निकायहरू बिच अन्तरआवद्धताको लागि कम्पनीले अन्तर्राष्ट्रिय सेवा प्रदायकहरूसँगको सहकार्यमा आफ्नो नेटवर्क मार्फत अन्तर्राष्ट्रिय लिज्ड लाइन सेवा प्रदान गर्दै आइरहेको छ। हाल भारत र चीनमा रहेका विभिन्न निकायहरूले सो सेवा उपयोग गरिरहेका छन्।

कल बाइपास नियन्त्रण

कल बाइपास नियन्त्रण गर्नका लागि कम्पनीको राजस्व निगरानी समितिको समन्वयमा केन्द्रीय अनुसन्धान ब्युरोसँग सहकार्य गर्ने गरेको छ। अनाधिकृत अन्तर्राष्ट्रिय कलबाइपास लगायतका अवैध क्रियाकलापहरू निरन्तर निगरानी गर्न कम्पनीले आन्तरिक Detection Tool र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध Automated System प्रयोग गर्ने गरेको छ। प्रविधिमा आधारित निगरानीका अतिरिक्त आवश्यक थप विश्लेषण गरी त्यस्ता अवैध क्रियाकलापहरु नियन्त्रण गर्ने प्रयासलाई निरन्तरता दिइएको छ। यी प्रयासहरुबाट कम्पनीको अन्तर्राष्ट्रिय सेवाको गुणस्तर वृद्धि हुनुका अलावा राजश्व वृद्धिमा समेत सकारात्मक प्रभाव परेको छ।



संस्थागत सामाजिक उत्तरदायित्व

बृहत् आर्थिक सामाजिक लक्ष्य प्राप्तिको लागि कम्पनीले पुऱ्याउदै आएको व्यावसायिक योगदानका अलावा एक जिम्मेवार राष्ट्रिय निकायको रूपमा सामाजिक उत्तरदायित्वका कार्यहरू समेत कम्पनीले प्राथमिकतामा राख्दै आएको छ। सबै व्यावसायिक क्रियाकलापहरूमा कम्पनीले सामाजिक उत्तरदायित्व प्रतिको प्रतिबद्धता व्यक्त गर्दै आएको छ। यस आ.व. मा पनि सोसँग सम्बन्धित पुराना कार्यक्रमहरूलाई निरन्तरता दिनुका साथै थप कार्यहरू गरेको छ । कम्पनीले सामाजिक लक्ष्य प्राप्ति गर्न र आफ्नो उत्तरदायित्व बहन गर्न विशेषगरी निम्न लिखित क्षेत्रहरूलाई प्राथमिकतामा राख्दै आएको छः-

खेलकुद क्षेत्र

कम्पनीले खेलकुद क्षेत्रको विकासको लागि विभिन्न खेलकुद प्रतियोगिता तथा टोलीलाई प्रायोजन गर्दै आएको छ । यसै क्रममा नेपालमा फुटबल खेलको विकास तथा खेलाडीहरूको व्यावसायिकतालाई सहयोग पुगोस् भन्ने उद्देश्यले नेपालको ए डिभिजन फुटबलको विभागीय टिम नेपाल पुलिस क्लबको महिला तथा पुरुष टोलीलाई वि.सं.२०६८ साल देखि २०७८ असार मसान्तसम्म नियमित प्रायोजन गर्दै आइरहेको छ।

यसरी गरिने प्रायोजनबाट खेलाडीहरूको मनोबल उच्च बनाउन तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न सहयोग पुग्नुका साथै खेल क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। साथै, यस किसिमका प्रायोजनसँग कम्पनीको नाम जोडिँदा, खेलाडीहरूले यस कम्पनीको नाम तथा लोगो अंकित पोशाक लगाउंदा तथा सञ्चार माध्यमहरूबाट प्रचार प्रसार हुँदा कम्पनीको व्यावसायिक छवि तथा सामाजिक प्रतिष्ठा समेत वृद्धि हुने देखिन्छ।

शिक्षा क्षेत्र

कम्पनीले विगतदेखिनै देशका विभिन्न शैक्षिक संस्थाहरूको क्षमता अभिवृद्धि गर्नको लागि भौतिक तथा प्राविधिक सहयोग गर्दै आईरहेको छ। यसै गरी यस आ.व. मा कम्पनीले देशका विभिन्न स्थानमा रहेका शैक्षिक संस्थाहरूलाई सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यार्थी र शैक्षिक संस्थाहरूको क्षमता अभिवृद्दि गर्नको लागि निम्न कार्यहरु गरेको छ :

- भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाका माध्यमिक विद्यालयहरुलाई फर्निचर उपलब्ध गराईएको।
- सातै प्रदेशका विद्यालयलाई शैक्षिक सामाग्री (कपि, झोला आदि) उपलब्ध गराईएको।
- कोभिड १९ ले शैक्षिक गतिविधिलाई शुन्य प्राय बनाएको अवस्थामा देश भरिका सबै तहका विद्यार्थी, शिक्षक तथा अभिभावकहरूलाई अनलाईन अध्ययन गर्न सजिलो होस भनि निःशुल्क पाठशाला सियूजी सिमका साथै अत्यन्तै सस्तो डाटा प्याक, ई-शिक्षा प्याक, ह्याप्पी लर्निङ्ग प्याक संचालनमा ल्याएको ।
- SEE दिएर बसेका विद्यार्थीहरुलाई निःशुल्क सिम वितरण गरिएको।
- दोलखा जिल्लाको ४ वटा विद्यालयलाई ६ महिनासम्मको लागि निःशुल्क 4G LTE wireless internet र त्यसमा लाग्ने उपकरणहरु निःशुल्क प्रदान गरिएको।

यसबाट ती शैक्षिक संस्थाहरूको शैक्षिक वातावरणमा समय सापेक्ष सुधार हुने र अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

वातावरण क्षेत्र

बढ्दो सहरीकरण, औद्योगिक विकास, सहर केन्द्रित बसाई सराई आदिले गर्दा वातावरणमा पर्न गएको नकारात्मक असरलाई केही हदसम्म भए पनि न्यूनीकरण गर्न कम्पनीले देशका विभिन्न स्थानहरूमा सामाजिक उत्तरदायित्व अन्तर्गत विविध कार्यहरू गर्दै आईरहेकोमा यस आ.व. मा कागजरहित वातावरणको सिर्जना गर्न USSD, MPoS तथा अन्य Pinless रिचार्ज प्रवर्द्धन गरिएको छ।

स्वास्थ्य क्षेत्र

यस कम्पनीले क्यान्सर सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम क्यान्सर परिषद नेपालसंगको सहकार्यमा प्रदेश १, मधेश प्रदेश, काठमाडौं, भक्तपुर र हेटौडामा संचालन गरेको छ। साथै, समय समयमा विभिन्न स्वास्थ्य सम्बन्धी जानकारी SMS मार्फत प्रदान गर्ने, काठमाडौं लगायत देशभरका विभिन्न अस्पतालहरूमा

आउने सेवाग्राही तथा कुरुवाहरूलाई सहयोग पुग्ने गरी मोबाइल चार्जिङ्ग स्टेशन उपलब्ध गराएको छ।

निःशुल्क कलको व्यवस्था

तल उल्लिखित नम्बरहरुमा कम्पनिका ग्राहकहरुलाई निःशूल्क कलको व्यवस्था गरिएको छ।

- १००: प्रहरी सेवा
- १०१: दमकल सेवा
- १०२: एम्बुलेन्स सेवा
- १०३: ट्राफिक प्रहरी सेवा
- १०४: बालबालिका खोजतलास समन्वय केन्द्र
- १०५: नेपाली सेना
- १०६: केन्द्रीय सैनिक प्रहरी
- १०९८: CWIN हेल्पलाइन
- ११११: हेलो सरकार
- १११४: सशस्त्र प्रहरी बल
- ११४४: पर्यटक प्रहरी एकाई



Kathmandu Team Championship Corporate Badminton
प्रतियोगीतामा प्रथम स्थान भै प्राप्त Trophy का साथ

निःशुल्क एसएमएस प्रवाह

कम्पनीले गणतन्त्र दिवस, संविधान दिवस लगायतका पर्व, अभियान, सम्मेलन र प्राकृतिक विपदका समयमा सूचना तथा अन्य जानकारी मूलक सन्देशहरू निःशुल्क Bulk SMS मार्फत प्रवाह गर्दै आएको छ। निःशुल्क एसएमएस प्रवाह गरिएका केही सन्दर्भहरू यस प्रकार रहेका छन्:-

- कोरोना सम्बन्धी विभिन्न सूचना तथा जानकारीमुलक सन्देशहरू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य सम्बद्ध अन्य निकायहरूबाट प्राप्त सन्देशहरू
- संविधान दिवस २०७८
- प्रजातन्त्र दिवस २०७८
- नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २०७८
- राष्ट्रिय बाल दिवस २०७७
- राष्ट्रिय क्षय रोग नियन्त्रण केन्द्रको क्षयरोग सम्बन्धी सन्देश


लाङटाङ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई नेपाल टेलिकमद्वारा शैक्षिक सामग्री वितरण

कोभिड-१९ महामारीको समयमा कम्पनीबाट भएका मुख्य कार्यहरू

- **Thank you Healthcare worker Offer**

  कोभिडको महामारीमा अनवरत रुपमा विरामीको सेवामा लागि परेका स्वास्थ्यकर्मीहरुलाई सम्मान स्वरुप २०७८ साल जेठ १० देखि यस कम्पनीले निःशुल्क भ्वाईस सेवा संचालनमा ल्याएको थियो । नेपाल मेडिकल परिषद, नेपाल नर्सिङ्ग परिषद, आयुर्वेद चिकित्सक परिषद–नेपाल, नेपाल स्वास्थ्य व्यवसायी परिषद, नेपाल फार्मेसी परिषदका जम्मा ५९,५६४ जना स्वास्थ्यकर्मीलाई लगातार एक महिनासम्म निःशुल्क भ्वाईस सेवा प्रदान गरिएको थियो ।



कोभिडको महामारीमा स्वास्थ्यकर्मीहरुलाई एक महिनासम्म निःशुल्क भ्वाईस सेवा उपलब्ध गराउन सम्झौता गर्दै

- **CRBT (Caller Ring Back Tone)**

  कोभिड -१९ को लकडाउन अवधिभरी कोभिड सम्बन्धी relevant CRBT ringtone संचालन गरी स्वास्थ्य मापदण्ड पालना गर्न जनचेतना प्रवाह गरिएको ।

- महामारीको समयमा अपनाउनु पर्ने स्वास्थ तथा सूचना मूलक सन्देशहरू Caller RingBack Tone (CRBT) तथा SMS मार्फत प्रसारण गरी सर्वसाधारणलाई सुसूचित गराईएको ।

- दोस्रो लकडाउन अवधिमा विदेशबाट फर्कने नागरिकहरूको Contact Tracing तथा संचार सुविधाका लागि नेपाल सरकारको निर्देशन बमोजिम देशभरिका Holding Centre तथा Quarantine Center हरूमा रहेका नेपाली नागरिकहरूलाई कम्पनीले निःशुल्क प्रिपेड सिमकार्ड उपलब्ध गराएको । उक्त योजना अन्तर्गत हालसम्म करिव एक लाख पचास हजार सिम कार्ड वितरण गरिएको ।

- महामारीका कारण नियमित पठन पाठन हुन नसकेको समयमा वैकल्पिक माध्यमबाट सिकाईलाई सहयोग पुऱ्याउन विभिन्न विश्वविद्यालय, स्कुल, कलेजका शिक्षक, विद्यार्थी, कर्मचारीहरूलाई सहुलियत दरमा इन्टरनेट प्याकेजहरू (जस्तैः Stay Connected Packages, Happy learning package, E-shikshya Package आदि) उपलब्ध गराईएको ।

- इन्टरनेटको पहुँचमा नरहेका विद्यार्थीहरूलाई वैकल्पिक सिकाईमा सहयोग पुऱ्याउन पाठशाला CUG सेवा शुरू गरिएको । यस

योजना अन्तर्गत सम्पूर्ण सरकारी तथा सामुदायिक विद्यालयका विद्यार्थी, शिक्षक तथा विद्यार्थीका परिवारको कुनै एक सदस्यलाई आवश्यकता अनुसार "पाठशाला CUG सिम" प्रिपेड सिमकार्ड निःशुल्क उपलब्ध गराईएको। साथै Closed User Group (CUG) मा समावेश भएका नम्बरहरूले मासिक ९९ रूपैयाँ कर बाहेकमा आफ्नो ग्रुप भित्र असीमीत कुराकानी गर्नसकिने भ्वाइस सेवा, शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेबसाइट https://learning.cehrd.edu.np) चलाउन ९ जिबी डाटा सेवा र (CUG) मा समावेश भएका सम्पूर्ण नम्बरहरूमा आफ्नो विद्यालयबाट पठाउनु पर्ने सूचना तथा जानकारी बल्क एसएमएस मार्फत पठाउन सकिने सुविधा समेत उपलब्ध गराइएको।

- महामारीको समयमा संचार सम्पर्कका लागि विभिन्न स्वास्थ्य संस्थाहरूलाई निःशुल्क Short Code उपलब्ध गराईएको।



व्यापार प्रवर्द्धन सम्बन्धी कार्यहरू

व्यापार प्रवर्द्धन सम्बन्धी कार्यहरू

विगतमा जस्तै कम्पनीले विभिन्न कार्यक्रमहरू, मेला, महोत्सव, खेलकुद, सेमिनार, कन्फरेन्स आदिमा सहभागिता जनाई आफ्नो सेवाहरूको व्यापार प्रवर्द्धन कार्य गर्दै आएको छ। समसामयिक चासोका तथा सर्वसाधारणको उच्च सहभागिता रहने विविध किसिमका कार्यक्रमहरूमा आफ्नो सशक्त उपस्थिति सहित कम्पनीको ब्राण्ड एवं व्यापार प्रवर्द्धनको सिलसिलालाई समीक्षा अवधिमा पनि जारी राखिएको छ। व्यापार प्रवर्द्धन सम्बन्धी केही महत्वपूर्ण कार्यक्रमहरू यस प्रकार रहेका छन्:-


मधेश प्रदेशमा निःशुल्क सिम वितरण कार्यक्रम

- Hult Prize 2020/21
- 5th ICT Awards 2020
- 2ND KITAB JATRA 2077
- Nepal Patrakar Mahasang Annual Meeting
- 15th Miss Newa 1141/2021
- STAR CRICKET 2021
- Rupandehi Super League 2077
- SXC CYCLE RALLY 2021
- MARATHON 2077
- MAHASHIVA RATRI BISHESH KARYAKRAM 2077
- PYC INTER COLLEGE CRICKET 2021
- 10TH NEFTA FILM AWARDS 2077
- KARNALI UTSAV: KUDA KARNALIKA

शप व्यापार प्रवर्द्धन सम्बन्धी कार्यहरू

- उपहार/प्रवदनात्मक सामाग्रीहरु (टोपी, टिसर्ट, कि रिङ्ग, झोला, कप, कलम, छाता आदी) देशैभरीका कार्यालय मार्फत वितरण गरिएको।
- डायरी तथा क्यालेण्डर हरु वितरण गरिएको।
- तराई क्षेत्रलाई लक्षित गरी करिव ४० हजार सिम निःशुल्क वितरण गरिएको जसमा दैनिक दश मिनेट भ्वाईस र २०० एम बि डाटा उपलब्ध गराईएको।
- सार्वजनिक स्थानहरुमा मोबाइल चार्जर जडान गरिएको।
- Hoarding Board (normal and digital) संचालन गरिएको।
- नियमित रुपमा TV, Online portal, FM Radio हरुमा विज्ञापन गरिएको।

राष्ट्रको सञ्चार

नेपाल टेलिकम

NEPAL TELECOM



BEST TELECOMMUNICATION BRAND AWARD

Nepal 2021

Global
Business Outlook



नेपाल टेलिकम
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

SMS, IVR, USSD Code मार्फत प्राप्त हुने नेपाल टेलिकमका सुविधाहरू :

1. SMS Short Code मार्फत प्राप्त हुने सुविधाहरु:

Service (Mobile)	Syntax (SMS)
Outstanding Balance Query	Type “CB” and send to 1415
Data Volume Query	Type “VL” and send to 1415
Free Resource Query	Type “FR” and send to 1415
Friends and Family (FNF) Service subscription	Type “FNFSUB*MDN” and send to 1415
Friends and Family (FNF)add member	Type “FNFADD*and send to 1415 Note: 1 MDN at a time
Friends and Family (FNF)modify member	Type “FNFMOD*oldMDN*newMDN” and send to 1415
Friends and Family (FNF) delete member	Type “FNFDEL*MDN” and send to 1415
Friends and Family (FNF) member inquiry	Type “FNFINQ” and send to 1415
Different package subscription (Voice, Data, SMS etc.)	Type sub_code and send SMS to 1415 (Visit NT website to view different sub_code.)
Caller Ring Back Tone Service	Type Sub and send SMS to 1455 to START service. Type Unsub and send SMS to 1455 to STOP service
SEE Result Inquiry	Type SEE Symb. No. and Send SMS to 1600
Missed Call Alert Service (Free Seevice)	Type Sub and send SMS to 1400 to START service. Type Unsub and send SMS to 1400 to STOP service
Security Code	Type SCODE and Send SMS to 1415
Namaste Credit (Prepaid Only)	Type START & Send SMS to 1477 to START Type STOP & Send SMS to 1477 to STOP Type STATUS & Send SMS to 1477 to Check STATUS

Note: MDN = NT Phone Number (PSTN, GSM)

2. IVR मार्फत प्राप्त हुने सुविधाहरु:

IVR Number	Charge	Service
1412	Free	Bill payment by using NT Recharge Card
1415		Balance query/ credit limit query/ recharge/ missing claim/ cancel missing claim/ first call activation/ PUK query/ data volume query
1607	Airtime	PUK number Enquiry
191/1498	Free	General Enquiry
192	Free	Fault Handling
197	Free	Number Enquiry
198	Free	Line Maintenance (PSTN,ADSL,VSAT& FTTH)
1600	Airtime	SEE Result Inquiry
1455	Airtime	Caller Ring Back Tone Service

3. USSD (Mobile) मार्फत प्राप्त हुने सुविधाहरु:

GSM Mobile Balance & Validity Inquiry	Dial *400#
4G/VoLTE Activation	Dial *444# (If SIM Card Change is required to upgrade to 4G, Please visit nearest NT Office)
Data, Voice & SMS Package Subscription	*1415# (For Subscription of various offers provided by NT)
GSM Mobile Recharge (from Recharge card)	Dial *412*Pin Number#
Balance Transfer (Prepaid)	Dial *422* security_code *Mobile Number*Amount #
New Prepaid Simcard Activation	Dial *1414#
Remaining Volume & Validity Inquiry	Dial*1415*55#

Postpaid मा **ISD** सुविधा सुचारु गर्न : #331*0000# Dial गर्ने
Postpaid मा **ISD** सुविधा हटाउन : *331*0000# Dial गर्ने
Prepaid Roaming सुविधा सुचारु गर्न : *1415*7# Dial गर्ने
आफ्नो मोबाइल नम्बर थाहा पाउनः *9# Dial गर्ने।
आफ्नो मोबाइल नम्बर कस्को नाममा छ भन्ने थाहा पाउनः *922# Dial गर्ने।
आफ्नो Android मोबाइल सेटको IMEI नम्बर थाहा पाउनः *06# Dial गर्ने।

4. Mobile App मार्फत उपलब्ध सेवाहरु :

Download 'Nepal Telecom' Mobile App from Playstore or iOS App store.

Services on NT Mobile App	· Recharge · Balance Transfer · Balance Query · Package Subscription · Volume Query · Gift Packages to others · Bill payment · Usage History · Others

5. Website (www.ntc.net.np) मार्फत उपलब्ध सेवाहरु :

Self Care Account Register	Use ***"Self Care"*** option on website
Recharge	
Package Subscription	
Balance Query	
Balance Transfer	
Volume Query	
Additional Service	
Pin Recovery Of NT Recharge Card	https://pinrecovery.ntc.net.np/
PSTN,CDMA,GSM Postpaid Mobile Bill	https://gsmbl.ntc.net.np/

Nepal Telecom App

Scan to Download

प्रयोग गर्ने तरिका

Nepal Telecom App बाट उपलब्ध गराईएका सुविधा उपयोग गर्न गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट नेपाल टेलिकम (Nepal Telecom) एप डाउनलोड गर्नुपर्ने हुन्छ। तत्पश्चात Register गरी प्रयोग गर्नु पर्दछ।

रजिष्टर गर्ने तरिका

- Playstore तथा iOS App store बाट Nepal Telecom APP इन्स्टल गर्नुहोस्।
- पहिलो पटक डाउनलोड गर्ने ग्राहकले तल उल्लेखित विधि अपनाई रजिस्टर गर्नु पर्ने हुन्छ।
- एप खोल्दा तल देहाय बमोजिमको Register Option सेलेक्ट गरी तल उल्लेखित विवरणहरु राखी Registration गर्नुहोस्।
  - Name (नाम)
  - Email Address (इमेल)
  - Mobile Number (नेपाल टेलिकमको मोवाइल नम्बर)
  - Password (आफ्नो इच्छा अनुरुपको)
  - Date of Birth (जन्ममिति)
  - Gender (लिङ्ग)
- I agree to all the Terms and Condition Select गर्नुहोस्।
- Register Option सेलेक्ट गर्नुहोस् Nepal Telecom बाट तपाईको मोबाईलमा Confirmation Code प्राप्त हुनेछ। उक्त कोड राखी Submit गर्नुहोस्।
- Nepal Telecom App को Login पेजमा गई Mobile Number र आफुले माथि राखेको Password प्रयोग गरी Login गर्नुहोस्।
- यसरी नेपाल टेलिकमको मोबाइल नम्बर मार्फत रजिष्टर गरे पछि यो एप चलाउन सकिन्छ।
- यो एप चलाउँदा मोबाइल डाटाको शुल्क लाग्ने छैन।
- त्यसै गरी यो एपमार्फत नेपाल टेलिकमको website खोल्दा पनि मोबाईल डाटाको शुल्क लाग्ने छैन।

Nepal Telecom App मार्फत प्राप्तहुने मुख्य सुविधाहरु

- नेपाल टेलिकमका विभिन्न नयाँ नयाँ प्याकेजहरु हेर्न तथा खरिद गर्न (Latest Offers)
- नेपाल टेलिकमले उपलब्ध गराएका अन्य विभिन्न प्याकेजहरु खरिद गर्न (Buy Packs)
- कुन प्याकेज खरिद गरेको र के, कति र कहिले सम्म बाँकी छ सो जानकारी सहजरुपमा प्राप्त गर्न र मोबाइल ब्यालेन्स हेर्न (Graphical Display)
- ब्यालेन्स ट्रान्सफर सहजै गर्न (Balance Transfer)
- आफ्नो नम्बर वा अन्य नम्बरमा रिचार्ज गर्न (Recharge Now)
- आफन्त वा साथीलाई विभिन्न प्याकेजहरु पठाउन (Gift Packs)
- फ्रेन्ड्स एण्ड फेमिलि सेवा निःशुल्क रुपमा सुचारु गरी आफुले चाहेका ५ वटा नेपाल टेलिकमका मोवाईल तथा ल्याण्डलाईन नम्बरमा सस्तो दरमा कल गर्न (F&F)
- 4G सेवा सुचारु गर्न तथा अन्य विभिन्न उपयोगी सेवाहरु प्रयोग गर्न(Utilities)
- आफुले प्रयोग गरेको सेवाको विवरण हेर्न (Usage History)
- नेपाल टेलिकमका विभिन्न सेवाहरु सम्बन्धि जानकारी लिन(Service)
- नेपाल टेलिकमका विभिन्न सेवाहरुको दर रेट बुझ्न (Tariff)
- विभिन्न भ्यालु एडेड सेवाहरु प्रयोग गर्न (VAS)
- नेपाल टेलिकमका विभिन्न सेवाहरुमा समस्या आएमा गुनासो गर्न (Complain)
- नेपाल टेलिकमका विभिन्न सेवाहरुको बिल तिर्न(Bill Payment)

केही झलकहरू













वित्तीय विवरणहरू



P.J.P.N. & Co.
Chartered Accountants
Kamalpokhari, Kathmandu, Nepal

P. Anand & Associates
Chartered Accountants
Chakupat, Lalitpur, Nepal

Independent Auditor's Report

To the Shareholders of

Nepal Doorsanchar Company Limited (Nepal Telecom)

REPORT ON THE AUDIT OF THE CONSOLIDATED FINANCIAL STATEMENTS

QUALIFIED OPINION

We have audited the Consolidated Financial Statements of Nepal Doorsanchar Company Limited ("Nepal Telecom"/"the Company") and its subsidiary (the company and its subsidiary together referred as "the Group") which comprise the Consolidated Statement of Financial Position as at Ashadh 31, 2078 (July 15, 2021), and Consolidated Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Consolidated Statement of Changes in Equity and Consolidated Statement of Cash Flows for the year then ended, and Notes to the Consolidated Financial Statements, including a Summary of Significant Accounting Policies.

In our opinion, *except for* the effects of the matter described in the *Basis for Qualified Opinion* section of our report, the accompanying Consolidated Financial Statements read with the significant accounting policies and explanatory notes present fairly, in all material respects, the consolidated financial position of the Group as at 31 Ashadh, 2078 (15 July 2021), and of its consolidated financial performance and its consolidated cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards.

BASIS FOR QUALIFIED OPINION

a. The company has policy of capitalizing the property, plant and equipment based on *"available for use"* basis. However, the company has delayed capitalization of the plant and equipment amounting to NPR 2,249,045,204 and not charged the depreciation on the same based on available for use basis as required by Nepal Accounting Standard (NAS) 16.
b. In case of 4G/LTE projects, additional 1504 sites were "on air" - *available for use* during the financial year ended 31 Ashad 2078. Based on this, the company has capitalized 4G/LTE equipment amounting to NPR 6,069,034,118 during the year, of which 1469 sites amounting to NPR 6,047,920,652 based on provisional acceptance certificates and 35 sites amounting to NPR 21,113,466 without obtaining required documents for capitalizations like testing acceptance certificates, work completion reports and statement of expenses including invoices. Additional costs incurred till final acceptance certificate will have impact on the cost of each asset capitalized and depreciation charged.
c. Other projects totaling of NPR 498,075,097 has been capitalized without obtaining required documents for capitalizations like testing acceptance certificates, work completion reports and statement of expenses including invoices incurred for each project/asset impacting the cost of each asset capitalized and depreciation charged. The audit opinion on the financial statements for the year ended 31 Ashad 2077 (15 July 2020) was also modified on the same basis amounting to NPR 1,587,131,115. Our opinion on the current years financial statements is also modified

the possible effect of this matter on the comparability of the current period's figure and corresponding figures.

d. The company has policy of de-recognizing property plant and equipment, on disposal or when no future economic benefits are expected from its use or disposal. However, assets disposed of during the year amounting to NPR 469,515,020 has not been derecognized. Cost and accumulated depreciation on these assets could not be ascertained. The company has identified assets with original cost of NPR 6,056,746,971 and accumulated depreciation of NPR 6,007,235,432 not in existence or damaged or dismantled (not reusable). These assets have not been derecognized as per accounting policy and NAS 16, thus cost and accumulated depreciation have been overstated to that extent.

e. Capital Work in Progress (CWIP) includes capital equipment/inventories balance on financial year end date amounting to NPR 4,685,724,887 (previous year NPR 5,604,599,772) imported in the name of company as per terms of contract with vendors based on turnkey project. Risk on these inventories lies with the vendor until it is installed who have full control and in their custody for the purpose of getting used in installation or construction. The liability for these inventories are to be recognized only when services are performed, installation is complete and assets are available for use (*on-air*). These capital inventories have also not been confirmed from vendor to ensure their existence, status and value. As such, CWIP and current liabilities have been overstated to that extent.

   CWIP is also overstated as it includes advance to suppliers and contractors amounting to NPR 1,969,718,704 instead of Advances & non- financial assets.

f. As per NAS 21 read with IFRIC 22, the date of recognition of asset arising from the payment or receipt of advance consideration in foreign currency shall be the date when such payments are made irrespective of when assets are booked. However, the company has recognised assets using foreign currency rate at the time of recognising the assets instead of recognising cost of assets considering the rates of foreign currency on the date of the transactions for advance payments. As a result, plant and equipment has been over/understated by NPR 62,232,580 (loss) and NPR 16,217,241 (gain) respectively with corresponding under/overstatement in CWIP.

g. The company has recorded software under the Property, Plant and Equipment considering the software to be integral to an item of hardware equipment as its accounting policy. Software costs which are clearly identifiable amounting to NPR 1,046,425,756 have not been recognised under intangible assets as required by NAS 38.

h. Expenses of NPR 527,120,620 have been recognized by the company as lease expense during the year for which effect of future increments as provided in the lease agreement, has not been ascertained as required by NAS 17 and the accounting policy of the company.

i. Additional bonus paid to employees in FY 2076/77 amounting to NPR 465,311,200 for which no provision was made in the audited financial statements of FY 2074/75 was claimed as deductible expense in the year of payment. This amount was paid with the approval of Ministry of Communication and Information Technology and Ministry of Finance. Based on its nature of non-deductibility, income tax expense was understated by NPR 86,963,908 with the corresponding overstatement in retained earnings. The audit opinion on the financial statements for the year ended 31 Ashad 2077 was modified in this respect. Our opinion on the current year's financial

statements is also modified because of the possible effect of this matter on the comparability of the current year's figure and corresponding figures.

j. The Company has made significant investment to bring into operation nationwide 4G/LTE network, to strengthen and expand its business that is entirely dependent on successful completion of the project within the agreed time and quality. Separate contracts have been signed for Core, Radio Access Network (RAN) I and II totaling NPR 19.68 billion (NPR equivalent) excluding duties and taxes, for which purchase orders as per contract have been issued on different dates. The project was initially scheduled to be completed in 12 months (February 2020), which has not been completed yet. No decision has been taken on such significant delays including liquidated damage of maximum ten percent of total price of the respective phase as per the contract terms nor the decision has been made for extension of timeline. Delay in project completion has significant impact on the business and revenue generation of the company.

We have conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditors Responsibilities for the Audit of the Financial Statements* section of our Report. We are independent of the Company in accordance with the ICAN's *Handbook of Code of Ethics for Professional Accountants* together with ethical requirements that are relevant to our audit of the financial statements and we have fulfilled our other ethical responsibilities and ICAN's *Handbook of Code of Ethics for Professional Accountants.* We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our qualified opinion.

OTHER MATTERS

a. We did not audit the financial statement of subsidiary namely Nepal Digital Payments Company Ltd. The financial statements and other financial information have been audited by other auditor whose report has been furnished to us by the management. Our opinion on the financial statements so far as it relates to the accounts and disclosures included in respect of the subsidiary is based solely on the report of other auditor.

b. The Company has book value of Property Plant and Equipment excluding land and motor vehicles at balance date of NPR 28.44 billion, of which assets worth NPR 12.76 billion only have been insured where risks like strike, riot, terrorism etc. are not covered. All inventories of the Company are not insured at all. The risk management system including the data and system security are inadequate.

c. The Company has not complied with the provisions of Labor Act, 2074 and Labor Regulation, 2075 relating to contractual employees, labor audit and requirements of Social Security Act 2075; Bonus Act and Regulations relating to maintenance and operation of Employees Welfare Fund and Interconnection Guidelines 2076 relating to international and domestic usage charges.

KEY AUDIT MATTERS

Key audit matters are those matters that, in our professional judgment, were of most significance in audit of the consolidated financial statements. These matters were addressed in the context of our audit of the consolidated financial statements as a whole, and in forming our opinion thereon, but we do not provide a separate opinion on these matters. For each matter below, our description of how our audit addressed

the matter is provided in that context. In addition to the matters described in the *Basis for Qualified Opinion* section, we have determined the matters described below to be the key audit matters to be communicated in our report.

Key Audit Matter	How our audit addressed the matter
Revenue Recognition We considered accuracy of revenues relating to the voice and data services provided as a key audit matter due to the complexity of the IT systems, significance of volumes of data processed by the IT systems and the impact of changing pricing models (tariff structures, incentive arrangements and discounts, etc.). The amount of revenue involved in the financial statement is material to the financial statements and due to complexity of the system, processes and product /services used to record revenue having multiple software used, reliance on automated processes and controls. The Company has used billing system which capture, values and records the revenue data generated from various software, which are heavily reliant on IT systems with processes and controls over the transactions. Disclosures relating to revenue recognition can be found at note 15.	We evaluated the design and operating effectiveness of key controls over the capture and measurement of revenue transactions across all significant revenue streams, including evaluating the relevant IT systems with supporting evidence such as service detail records and evidence of customer payment. We obtained understanding of nature of various services provided by the company comprising prepaid, postpaid, international and fixed line services. The accuracy and completeness of revenue amounts recorded is an inherent risk. Our audit procedures included amongst the following: - System recorded transactions: real time test of recording of transactions in the system, subsequently recorded to accounting system. Information are processed in a separate directorate independent of accounting directorate resulting in additional control overbilled records and accounted records - Manual control over transactions: testing the design and implementation of various operating effectiveness of manual control over initiation, authorization, and testing of revenue transactions. These included testing of tariff rates, packages, treatment related to discounts and recording to ERP including major contracts - Performing substantive testing including analytical procedures over major streams of revenue generation - Testing of manual journal entries and end to end reconciliation from data records to billing systems and accounting ledgers. - Testing the delivery of goods and service rendered for recording of revenue from advance/deposits received. Based on the result of the sample testing and mix use of manual and automated controls that are in place, we have relied on the information generated by the system and process followed by the Company for revenue recognition.
	RAN उपकरण (BSC,BTS,BTS Van,Node B,RRU,BBU etc)	७
	Core उपकरण (MSC, HLR, OMC, VLR, IN, RSN, MGW, SMSC, USSD, PS, CS, WGW, IP Clock etc)	७
	प्रसारण उपकरण (Satellite, Microwave etc.)	७
	पावर-व्याट्री	४
	पावर-अन्य	६
	टुल्स (subscribers equipment, Planning/Testing/Loose tools etc.)	५
	अन्य	५
अन्य	ताप, प्रकाश, ए.सी.	५
	फर्निचर र फिक्स्चर	५
	कार्यालय उपकरण	५
	सवारी साधन (मोटरसाइकल/कार/जिप/ट्रक)	१०
	सवारी साधन (ट्राइसाइकल, साइकल र अन्य)	५

फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जाहरू जडित प्लाण्ट र उपकरणहरूको हकमा त्यस्ता पार्टपुर्जाहरूको आ-आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ। कुनैपनि पार्टपुर्जाहरूको प्रयोगयोग्य अवधि मुख्य उपकरणहरूको भन्दा बढी हुने गरी देखाइएको छैन।

अपलेखन

जायजेथा, प्लाण्ट र उपकरणहरूको कुनै एकाइको खुद निसर्ग मुल्य र तिनीहरूको बाँकी रकम बिचको फरक मुल्यलाई त्यस्ता सम्पत्तिहरू विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानिएको छ।

नोक्सान मुल्याङ्कन

जायजेथा, प्लाण्ट र उपकरणहरूको बाँकी रकम तिनीहरूको असुलीयोग्य रकम भन्दा बढि हुन आएमा सम्भव भएसम्म नगद आर्जन गर्ने इकाईको आधारमा र सो नभएमा सम्पत्तिको छुट्टाछुट्टै प्रकारको आधारमा नोक्सानीको मुल्याङ्कन गरिएको छ।

पुनर्मुल्याङ्कन

कम्पनीको नाममा रहेको जग्गालाई आवधिक पुनर्मुल्याङ्कनको आधारमा वास्तविक मुल्यमा कायम गरिएको छ। पुनर्मुल्याङ्कनबाट बृद्धि भएको सम्पत्तिको मुल्यलाई विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरि संचित ईक्वीटीमा पुनर्मुल्याङ्कन बृद्धि शिर्षकमा देखाइएको छ। तर यस अघिको नाफा नोक्सान हिसाबमा पुनर्मुल्याङ्कन ह्रास (कमि) को लेखाङ्कन गरिएको कुनै सम्पत्ति छ भने

त्यति मुल्य बराबरको हालको पुनर्मुल्याङ्कन बृद्धिलाई हालको नाफा नोक्सान हिसाबमा समायोजन गरिएको छ।

पुनर्मुल्याङ्कनबाट कमि भएको सम्पत्तिको मुल्यलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ। तर अघि पुनर्मुल्याङ्कन बृद्धि शिर्षकमा देखाइएको कुनै सम्पत्तिको त्यति मुल्य बराबरका हालको पुनर्मुल्याङ्कन कमिलाई भने विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरिएको छ। विस्तृत आम्दानी विवरणमा देखिएको कमिलाई संचित ईक्वीटीमा पुनर्मुल्याङ्कन बृद्धि शिर्षकबाट घटाइ देखाइएको छ।

पुनर्मुल्याङ्कन गरिएका भवन तथा भौतिक संरचनाहरुको कूल सम्पत्ति मुल्यमा संचित ह्रासको हिसाब हटाई पुनर्मुल्याङ्कनबाट प्राप्त खुद पुनर्मुल्याङ्कित सम्पत्ति मुल्य लेखाङ्कन गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

जग्गा

स्वामित्व सम्बन्धी मान्य प्रमाणपत्रहरू भएका जग्गा जमिनलाई सम्पत्ति पहिचान मापदण्ड को आधारमा Principle of substance over form माथि पनि विचार गरी लेखाङ्कन गरिएको छ। यस्ता सम्पत्तिहरूको वास्तविक मुल्य प्रचलित बजार मुल्य र सरकारी दरलाई आधार मानि निर्धारण गरिएको छ। सबै जग्गा जमिनलाई वास्तविक मुल्यमा हुने गरी पुनर्मुल्याङ्कन गरिएको छ।

अचल सम्पत्तिको घरजग्गा बजार मुल्य नभएको र सोही प्रकृती तथा स्थानको जग्गाजमिनको वास्तविक मुल्य प्राप्त नभएको अवस्थामा त्यस्ता जग्गाजमिनहरूको मुल्य निर्धारण नेपाल वित्तीय प्रतिवेदन मान १३ को स्तर २ ले औंल्याएको आवश्यकताको आधारमा गरिएको छ।

कम्पनीले यस्ता जग्गाजमिनहरूलाई लामो अवधिसम्म आफ्नो स्वामित्वमा राखि व्यवसायीक प्रयोजनको लागि उपयोग गर्ने आधारलाई विचार गरी प्रचलित बजारमुल्य तथा जग्गा करको लागि सरकारले निर्धारण गर्ने मुल्यको आधार लिइ सो को ६०-४० प्रतिशत भारित मुल्यमा लेखाङ्कन गरिएको छ।

Substance Over Form

आफ्नो स्वामित्वको प्रमाण नभएका कतिपय जग्गाजमिनहरू पनि कम्पनीले भोगचलन गरिरहेको छ। प्रयोगको निरन्तरता र आर्थिक लाभमा स्पष्ट अवरोध नहुने उपर्युक्त जग्गाहरूलाई कम्पनीको सम्पत्तिमा लेखाङ्कन गरिएको छ। त्यस्ता जग्गाहरूको विवरण निम्नानुसार रहेको छ।

आफ्नो स्वमित्वमा नरहेको तर कम्पनीले प्रयोग गरिरहेको जमिनको विवरण

क्र.सं.	जमिन तथा भवन	अवस्थित संख्या	क्षेत्रफल (बर्ग मि.)	रकम (रु.)
१	जमिन	२३८	४,८२,५४९.६१	उपलब्ध छैन
	क) जंगल भित्र रहेको टावर संरचना अवस्थित जमिन	९७	१,३२,२९५.३६	
	ग) नेपाल सरकारको मातहतमा रहेको जमिन	१०३	२,१९,०१८.३८	
	घ) नेपाल सरकारको अन्य कार्यालयको नाममा दर्ता भएको जमिन	१९	६५,२४०.८७	
	ङ) नेपाल टेलिकमको स्वामित्वमा आउने क्रममा रहेको जमिन (नेपाल सरकारबाट स्वामित्व हस्तान्तरण गर्ने निर्णय भैसकेको)	१२	३६,५६२.२१	
२	भवन		उपलब्ध छैन	१६,४९,४६,७७०

भवन तथा भौतिक संरचना

भौतिक पूर्वाधारहरू तथा संरचनाहरूलाई आर.सी.सी., भारवहन क्षमता, ढुङ्गाको गाह्रो, टहरा तथा अन्य निर्माण बनोटको आधारमा वर्गीकरण गरिएको छ। त्यस्ता भौतिक पूर्वाधारहरूलाई तिनीहरूको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट संचित ह्रास कट्टी गरी नेपाल वित्तीय प्रतिवेदन मानअनुसार वित्तीय स्थितीको विवरणको प्रारम्भ मितिमा सम्पत्तिमा लेखाङ्कन गरिएको छ।

कम्पनीले भवन तथा अन्य भौतिक संरचनाहरुको पुनर्मुल्याङ्कन विधि अपनाई वर्तमान मुल्य कायम गरेको छ। पुनर्मुल्याङ्कन गरिएका भवन तथा भौतिक संरचनाहरुको कूल सम्पत्ति मुल्यमा संचित ह्रासको हिसाब हटाई पुनर्मुल्याङ्कनबाट प्राप्त खुद पुनर्मुल्याङ्कित सम्पत्ति मुल्य लेखाङ्कन गरिएको छ।

वित्तीय विवरणमा समायोजन गरिएको रकम वा मुल्याङ्कनबाट कुल मुल्यमा भएको घटि बढीको कारण हटाइएको संचित ह्रास रकमलाई कम्पनीको लेखा नीति अनूसार उचित लेखाङ्कन गरिएको छ।

कम्पनीले आफ्नो स्वामित्वमा रहेका जग्गाजमिन, भवन तथा अन्य भौतिक संरचानाहरुको मिति २०७६ आषाढ ३१ (July 16, 2019) मा स्वतन्त्र मुल्याङ्कनकर्ताबाट पुनर्मुल्याङ्कन गराएको छ।

कम्पनीका स्वामित्वमा नभएका जग्गाजमिनमा निर्माण गरिएका भवन तथा भौतिक संरचनाहरूलाई Substance Over Form को आधारमा लेखाङ्कन गरिएको छ।

निर्माण गरिएका भौतिक संरचनाहरूको सम्बन्धित निकायबाट स्वीकृत नक्शा तथा निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त नभएको अवस्थामा समेत रहेको र नियामक निकायबाट यस्ता संरचना निर्माण उपर जरिवाना लगाउने वा भत्काउन लगाउन सक्ने जोखिम कम्पनीसँग रहन्छ।

पुनर्मुल्याङ्कन संचिति

भवन र भौतिक संरचनाहरुको पुनर्मुल्याङ्कन मुल्यलाई त्यसता सम्पत्तिहरुको बाँकी प्रयोग अबधिको हिसाबले ह्रास कट्टि गरि लेखाङ्कन गरिएको छ। पुनरमुल्यांकित ह्रास कट्टि रकम रु. २,६७,४४,३४७ पुनर्मुल्याङ्कन संचितीबाट ईक्वीटिमा सारिएको छ।

प्लाण्ट र उपकरणहरू

प्लाण्ट र उपकरणहरू लाई व्यवस्थापनको अनुमानको आधारमा निर्धारण गरिएको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट संचित ह्रास कट्टी गरी मुल्य निर्धारण गरिएको छ। भौतिकरुपमा नभएका वा कार्य सञ्चालनमा नरहेका प्लाण्ट र उपकरणहरूको यकिन गरी नेपाल वित्तीय प्रतिवेदन मानको अवधारणअनुसार लेखाङ्कनबाट हटाइएको छ। वाइम्याक्स तथा सि.डि.एम.ए. आयोजानासंग सम्बन्धित प्लाण्ट र उपकरणहरूलाई नेपाल लेखामान ३६ को अवधारणा अनुसार Impairment गरि देखाइएको छ। (टिप्पणी २३)

फर्निचर, फिक्स्चर र अन्य अफिस सामग्री

फर्निचर, फिक्स्चर र अन्य अफिस सामग्रीहरूलाई व्यवस्थापनको अनुमानको आधारमा निर्धारण गरिएको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट संचित ह्रास कट्टी गरी मुल्य निर्धारण गरिएको छ।

सवारी साधन

सवारी साधनहरूलाई व्यवस्थापनको अनुमानको आधारमा निर्धारण गरिएको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट संचित ह्रास कट्टी गरी मुल्य निर्धारण गरिएको छ।

जायजेथा, प्लाण्ट र उपकरण

रुपैयामा

समुह									
विवरण (आ.व.२०७७/७८)	जमिन	भवन	Leasehold Assets	प्लान्ट र मेसिनरी	ताप प्रकाश र ए.सि.	फर्निचर र फिक्स्चर	कार्यालय उपकरण	सवारी साधन	जम्मा
वास्तविक लागत (रु)									
आषाढ ३१, २०७७ मा									
विगत वर्ष समायोजन पूँजीकरण									
परिमार्जित समायोजन									
आषाढ ३१, २०७७ मा	**२१,२४३,६६४,७२०**	**३,६०४,०२६,०८३**	**-**	**६४,५०७,१५५,२२८**	**४३१,८३९,१३५**	**३९०,०८७,६६७**	**१,७४२,२३२,२४१**	**१,००६,२६४,१८९**	**९२,९२५,२६९,२६४**
वर्ष भरिमा थप	२,१४२,०००	२३५,४२६,९९६		७,७९५,७७१,००६,१६	३०,४९०,०५८	१६,६३८,७८९	९५,४०४,११९,०५	२७३,५३९	८,१७६,१४६,५०७
चालु वर्षको निसर्ग	-	-		-	-	-	(१,२६३,६९९)	-	(१,२६३,६९९)
परिमार्जित समायोजन	०	०	-	-	-	-	-	-	-
आषाढ ३१, २०७८ मा	**२१,२४५,८०६,७२०**	**३,८३९,४५३,०८०**	**-**	**७२,३०२,९२६,२३४**	**४६२,३२९,१९३**	**४०६,७२६,४५६**	**१,८३६,३७२,६६१**	**१,००६,५३७,७२८**	**१०१,१००,१५२,०७२**
ह्रास कट्टी र Impairment (Rs.)									
आषाढ ३१, २०७७ मा	**-**	**४९६,३३२,९७१**	**-**	**४०,६३२,१६९,६०३**	**२९०,१३७,२९१**	**३२२,७२६,५६६**	**१,५५९,६९४,९५२**	**८३९,३०७,४१३**	**४४,१४०,३६८,७९६**
विगत वर्ष ह्रास कट्टी समायोजन									
संचित Impairment नोक्सान आषाढ ३१, २०७७ मा				६९७,३१६,८७७					६९७,३१६,८७७
संचित Impairment नोक्सान समायोजन (write back) up to previous year				-					-
चालू वर्षको ह्रासकट्टि	-	१३१,३३९,६९५		५,७४१,५३४,३७४	४७,९४३,०६५	२७,७९५,३३९	७१,००८,१७०	४४,०६६,०५३	६,०६३,६८६,६९७
चालू वर्षको Impairment Loss				४४,८६२,२३६					४४,८६२,२३६
चालू वर्षको निसर्गमा ह्रास कट्टी फिर्ता				-			(१,०६९,०५१)		(१,०६९,०५१)
पुनर्मुल्याङ्कन समायोजन		-							-
आषाढ ३१, २०७८ मा	-	६२७,६७३,७६९	-	४७,२७८,१६८,६०१	३३८,०८०,३५६	३५०,५२१,९०५	१,६२९,६३४,०७२	८८३,३७३,४६६	५१,१०७,४५२,१६९
Net Block									
आषाढ ३१, २०७८ मा	**२१,२४५,८०६,७२०**	**३,२९१,७७९,३११**	**-**	**२५,०२४,७५७,६३३**	**१२४,२४८,८३७**	**५६,२०४,५५१**	**२०६,७३८,५८९**	**१२३,१६४,२६२**	**४९,९९२,६९९,९०३**
आषाढ ३१, २०७७ मा (परिमार्जित)	-	-	-	-	-	-	-	-	-

कम्पनी								
विवरण (आ.व.२०७७/७८)	जमिन	भवन	प्लान्ट र मेसिनरी	ताप प्रकाश र ए.सि.	फर्निचर र फिक्स्चर	कार्यालय उपकरण	सवारी साधन	जम्मा
वास्तविक लागत (रु)								
परिमार्जित आषाढ ३१, २०७७ मा	**२१,२४३,६६४,७२०**	**३,६०३,१६३,७९४**	**६२,३६९,५८४,७९८**	**४३१,८३९,१३५**	**३९०,०८७,६६७**	**१,७४२,२३२,२४१**	**१,००६,२६४,१८९**	**९०,७८६,८३६,५४४**
विगत वर्ष समायोजन पूँजीकरण	-	८६२,२८९	२,१३७,५७०,४३०	-	-	-	-	२,१३८,४३२,७२०
परिमार्जित समायोजन								-
परिमार्जित आषाढ ३१, २०७७ मा	२१,२४३,६६४,७२०	३,६०४,०२६,०८३	६४,५०७,१५५,२२८	४३१,८३९,१३५	३९०,०८७,६६७	१,७४२,२३२,२४१	१,००६,२६४,१८९	९२,९२५,२६९,२६४
वर्ष भरिमा थप	२,१४२,०००	२३४,८५०,८६६	७,६१९,५३६,८४६।१६	२९,७१८,३६६	१३,५०६,७१९	९२,९३५,०१०।१२	२७३,५३९	७,९९२,९६३,३४६
चालु वर्षको निसर्ग			-			(१,२६३,६९९।०२)		(१,२६३,६९९)
परिमार्जित समायोजन		-		-	-	-	-	-
आषाढ ३१, २०७८ मा	**२१,२४५,८०६,७२०**	**३,८३८,८७६,९४९**	**७२,१२६,६९२,०७४**	**४६१,५५७,५०१**	**४०३,५९४,३८६**	**१,८३३,९०३,५५२**	**१,००६,५३७,७२८**	**१००,९१६,९६८,९१०**
ह्रास कट्टी र Impairment (Rs.)								
परिमार्जित आषाढ ३१, २०७७ मा	**-**	**४९६,३३२,९७१**	**४०,६३२,१६९,६०३**	**२९०,१३७,२९१**	**३२२,७२६,५६६**	**१,५५९,६९४,९५२**	**८३९,३०७,४१३**	**४४,१४०,३६८,७९६**
अघिल्लो वर्ष सम्मको मुल्यह्रास समायोजन		१,१०२	१६२,२८५,५११	-	-	-	-	१६२,२८६,६१३
असार ३१, २०७७ को संचित हानि नोक्सानी (Restated)			६९७,३१६,८७७					६९७,३१६,८७७
Adjustment of Impairment loss (write back) up to previous year			-					-
चालू वर्षको ह्रासकट्टि	-	१३१,२९३,४८३	५,७३५,३८९,५९७	४७,८६२,३६२	२७,५८०,६४९	७०,८८२,८१७	४४,०६६,०५३	६,०५७,०७४,९६१
अघिल्लो वर्ष सम्मको हानि नोक्सानीको समायोजन			४४,८६२,२३६					४४,८६२,२३६
Written back on disposals			-			(१,०६९,०५१)		(१,०६९,०५१)
परिमार्जित समायोजन		-						-
आषाढ ३१, २०७८ मा	-	६२७,६२७,५५६	४७,२७२,०२३,८२४	३३७,९९९,६५३	३५०,३०७,२१५	१,६२९,५०८,७१८	८८३,३७३,४६६	५१,१००,८४०,४३३
Net Block								
आषाढ ३१, २०७८ मा	**२१,२४५,८०६,७२०**	**३,२११,२४९,३९३**	**२४,८५४,६६८,२५०**	**१२३,५५७,८४८**	**५३,२८७,१७१**	**२०४,३९४,८३४**	**१२३,१६४,२६२**	**४९,८१६,१२८,४७७**
परिमार्जित आषाढ ३१, २०७७ मा	**२१,२४३,६६४,७२०**	**३,१०७,६९२,०१०**	**२३,०१५,३८३,२३७**	**१४१,७०१,८४४**	**६७,३६१,१०१**	**१८२,५३७,२८९**	**१६६,९५६,७७६**	**४७,९२५,२९६,९७७**

४. पूँजीगत कार्य प्रगति (Capital Work in Progress)

लेखा नीतिहरू

निर्माणाधीन सम्पत्तिहरूमा जम्मा Impairment Loss रकम घटाई लागत मुल्यमा लेखाङ्कन गरिएको छ। यस्ता सम्पत्तिहरूमा उद्देश्यअनुसार प्रयोग गर्न योग्य भएपछि मात्र ह्रास कट्टी गर्न शुरु गरिएको छ।

नयाँ प्रणाली तथा उपकरणहरूको प्राप्ति र जडान खर्चहरूलाई कार्य सञ्चालनमा आउनुअघिसम्म वा सिभिल सम्बन्धी कार्यहरू समाप्त नभएको मितिसम्म पूँजीगत कार्य प्रगतिमा लेखाङ्कन गरिएको छ। पूँजीगत कार्य प्रगति मुल्य भित्र निर्माणसँग सम्बन्धित स्टोरमा रहेका जिन्सी मौज्दात, ओसारपसारमा रहेका जिन्सी सामग्री, कम्पनीको नाममा आयात गरि बिक्रेताको जिम्मा वा गोदाममा रहेका उपकरणहरु वा ठेकेदार र आपूर्तिकर्तासँगको बाँकी मुल्य तथा प्राप्त गर्न बाँकी उपकरणका मुल्यहरू संलग्न छन्। उपकरणहरू कार्य सञ्चालनमा आएपछि तथा सिभिल सम्बन्धी कार्यको कार्य सञ्चालन योग्य भई हस्तान्तरण भएपछि पूँजीकरण गर्ने गरिएको छ।

जडानको क्रममा पूँजीगत सामाग्रीहरुमा अप्रचलित सामाग्रीहरुको मुल्य घटाई प्रस्तुत गरिएको छ। अप्रचलित सामाग्रीहरुको घटाइएको मुल्य त्यस्ता सामाग्रीहरुबाट खुद प्राप्त हुने मुल्यको आधारमा अनुमान गरिन्छ। जिन्सी मौज्दातहरूको मुल्य समायोजन गर्दा व्यवस्थापनबाट निर्धारित अन्तिम प्रयोग भएको अवधिको आधारमा अप्रचलित (५ वर्षभन्दा बढि), गैर-चल्ती (२-५ वर्ष), कम चल्ती (१-२ वर्ष) गरी वर्गीकरण गरेको आधारलाई लिइएको छ। तर Turnkey आयोजना (4G/LTE) को भने अन्तिम प्रयोग अवधि १ वर्ष भन्दा बढी भएका सामाग्रीहरुलाई पनि व्यवस्थापनले नियमित सामाग्रीहरुको रुपमा निर्धारण गरिएको छ।

जिन्सी मौज्दात	प्रयोग अवधि	छुट दर (प्रतिशत)
नियमित	१ वर्ष अवधिभित्र	-
कम चल्ती	१-२ वर्ष	२५
गैर-चल्ती	२-५ वर्ष	५०
अप्रचलित	५ वर्षभन्दा बढी	१००

व्याख्यात्मक टिप्पणीहरू

रुपैयामा

समुह				
पूँजीगत कार्य प्रगति	पूँजीगत कार्य	जडान गरिएका पूँजीगत मौज्दात सामग्री	ठेकेदार तथा आपूर्तिकर्ता पेश्की	जम्मा
पूँजीगत कार्य प्रगति आषाढ मसान्त २०७७ को जम्मा मौज्दात	**१,३६९,८५६,८३९**	**७,९५२,७९९,७७१**	**२,८२२,७९८,४६२**	**१२,१४५,४५५,०७२**
खुद थप/(स्थानान्तरण) २०७७/७८	(५९५,२२७,६३९)	२९६,७७८,७४९	(७५९,६९५,०७५)	(१,०५८,१४३,९६४)
पूँजीगत कार्य प्रगति आषाढ मसान्त २०७८ को जम्मा मौज्दात	**७७४,६२९,२००**	**८,२४९,५७८,५२०**	**२,०६३,१०३,३८८**	**११,०८७,३११,१०८**
				-
आषाढ मसान्त २०७७ को संचित Impairment	-	**५२८,४६१,७८५**	**९३,३८४,६८४**	**६२१,८४६,४६९**
आ.ब. २०७७/७८ को Impairment	५४,५८७,०६१	९९,७४८,३३४	-	१५४,३३५,३९५
आषाढ मसान्त २०७८ को संचित Impairment	**५४,५८७,०६१**	**६२८,२१०,११९**	**९३,३८४,६८४**	**७७६,१८१,८६४**
				-
३१ आषाढ २०७८ को खुद मौज्दात	**७२०,०४२,१३९**	**७,६२१,३६८,४०१**	**१,९६९,७१८,७०४**	**१०,३११,१२९,२४४**
३१ आषाढ २०७७ को खुद मौज्दात	-	-	-	-

रुपैयामा

कम्पनी				
पूँजीगत कार्य प्रगति	पूँजीगत कार्य	जडान गरिएका पूँजीगत मौज्दात सामग्री	ठेकेदार तथा आपूर्तिकर्ता पेश्की	जम्मा
पूँजीगत कार्य प्रगति आषाढ मसान्त २०७७ को जम्मा मौज्दात	**१,६०१,०३२,७६३**	**९,५६५,८००,८१४**	**३,११७,०५४,२१५**	**१४,२८३,८८७,७९२**
विगत वर्ष समायोजन	(२३१,१७५,९२४)	(१,६१३,००१,०४३)	(२९४,२५५,७५२)	(२,१३८,४३२,७२०)
	१,३६९,८५६,८३९	७,९५२,७९९,७७१	२,८२२,७९८,४६२	१२,१४५,४५५,०७२
खुद थप/(स्थानान्तरण) २०७७/७८	(५९५,२२७,६३९)	२९६,७७८,७४९	(७५९,६९५,०७५)	(१,०५८,१४३,९६४)
पूँजीगत कार्य प्रगति आषाढ मसान्त २०७८ को जम्मा मौज्दात	**७७४,६२९,२००**	**८,२४९,५७८,५२०**	**२,०६३,१०३,३८८**	**११,०८७,३११,१०८**
				-
३१ आषाढ २०७७ को परिमार्जित Impairment	-	**५२८,४६१,७८५**	**९३,३८४,६८४**	**६२१,८४६,४६९**
आ.ब. २०७७/७८ का Impairment	५४,५८७,०६१	९९,७४८,३३४	-	१५४,३३५,३९५
आषाढ मसान्त २०७८ को संचित Impairment	**५४,५८७,०६१**	**६२८,२१०,११९**	**९३,३८४,६८४**	**७७६,१८१,८६४**
				-
३१ आषाढ २०७८ को खुद मौज्दात	**७२०,०४२,१३९**	**७,६२१,३६८,४०१**	**१,९६९,७१८,७०४**	**१०,३११,१२९,२४४**
३१ आषाढ २०७७ को परिमार्जित खुद मौज्दात	१,३६९,८५६,८३९	७,४८८,४७२,५८७	२,७२९,४१३,७७९	११,५८७,७४३,२०४

५) एसोसियट्समा लगानी (Investment in Associates)

लेखा नीतिहरू

"एसोसियट्स" भन्नाले कम्पनीको बाहुल्यता रहने तर कम्पनीको सहायक कम्पनी वा संयुक्त लगानी नभएको संस्था हो। बाहुल्यता भन्नाले वित्तीय र सञ्चालन नीतिसम्बन्धी निर्णय प्रक्रियामा भाग लिन सक्ने तर नीतिहरूमाथि नियन्त्रण वा संयुक्त नियन्त्रण भने नरहने अवस्था हो।

कुनै कम्पनीको खुद वास्तविक रकममा प्राप्त शेयर तथा एसोसियट्सका स्पष्ट पहिचान भएका सम्पत्ति, दायित्वहरू वा आकस्मिक दायित्वहरू प्राप्त गर्दा हुन आउने थप लागतलाई प्राप्त मितिमा ख्यातिको रुपमा लेखाङ्कन गरी लगानीको शुरु रकममा जोडिएको छ।

एसोसियट्ससंगका त्यस्ता सम्पत्ति र दायित्वहरूलाई इक्विटी बिधिबाट लेखाङ्कन गरी वित्तीय विवरणहरूमा समावेश गरिएको छ। इक्विटी बिधिमा कुनैपनि एसोसियट्समा भएको लगानीलाई वित्तीय स्थितीको विवरणमा प्राप्तिपछि एसोसियट्ससँगको खुद सम्पत्ति हिस्सामा भएको परिवर्तनहरूको समायोजन तथा कुनै इम्पेरमेन्ट भए सो घटाई लागत मुल्यमा देखाइएको छ भने कम्पनीको शेयरमा भएको करपछिको नाफा वा नोक्सानलाई वित्तीय विवरणहरुको नाफा वा नोक्सान विवरणमा देखाइएको छ। एसोसियट्सको नोक्सान कम्पनीले एसोसियट्सबाट प्राप्त गर्ने लाभ भन्दा बढी छ भने कम्पनीको एसोसियट्ससँगको कानूनी तथा अन्य श्रृजित दायित्वहरू सम्मको रकम वा एसोसियट्सको तर्फबाट भुक्तानी गरेसम्मको रकमलाई लेखाङ्कन गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

रुपैंयामा

एसोसियट्समा लगानी	समुह		कम्पनी	
	चालू वर्ष २०७७/७८	विगत वर्ष २०७६/७७	चालू वर्ष २०७७/७८	विगत वर्ष २०७६/७७ (परिमार्जित)
त्रिशुली ३ बी मा लगानी				
लागत	७४१,०००,०००		७४१,०००,०००	७४१,०००,०००
इक्विटीमा समायोजन	(६७,७५८,३९५)		(६७,७५८,३९५)	(५१,७८३,६३०)
माथिल्लो तामाकोशी जलविद्युत् कम्पनी लिमिटेड				
लागत	६३५,४००,०००		६३५,४००,०००	६३५,४००,०००
इक्विटीमा समायोजन	(५०,४५३,६९०		(५०,४५३,६९०)	(४२,७०७,६३८)
नागरिक स्टक डिलर कम्पनी लिमिटेड				
लागत	४५०,०००,०००		४५०,०००,०००	२२५,०००,०००
इक्विटीमा समायोजन	३०,४८४,४७६		३०,४८४,४७६	(९६३,७६०)
जम्मा	१,७३८,६७२,३९२		१,७३८,६७२,३९२	१,५०५,९४४,९७२
एसोसियट्सको शेयरबाट आम्दानी/(खर्च)	७,७२७,४१९		७,७२७,४१९	(४३,६७१,३९८)

कम्पनीले त्रिशुली जलबिद्युत कम्पनी लिमिटेडको शेयर लगानीलाई मिति २०७६ श्रावण ७ गते त्रिशुली ३ बी जलबिद्युत आयोजनाको मुख्य वित्तीय लगानीकर्ता रहेको नबिल बैंक लिमिटेडसंग Consortium परियोजना वित्तपोषणको लागि प्रतिज्ञा (pledge) गरेको छ।

त्रिशूली ३ बी जलविद्युत् आयोजनाको पृष्ठभूमि

माथिल्लो त्रिशूली ३ बी जलविद्युत् आयोजना रसुवा र नुवाकोट जिल्लामा अवस्थित रन-अफ-रिभर जलविद्युत् परियोजना हो। माथिल्ला त्रिशूली ३ ए जलविद्युत् आयोजना (६० मेगावाट) को Cascade आयोजनाको रुपमा रहेको यस आयोजनाको क्षमता ३७ मेगावाट रहेको छ। यस आयोजनाको Gross Head ९० मि., सूरुङ्ग मार्ग ३८०५.४८ मि. र सरदर अनुमानित वार्षिक उत्पादन क्षमता २९२.५८ GWh रहेको छ।

यस आयोजनाबाट उत्पादित पावरलाई ३ कि.मि. लामो १३२ के.भि. प्रशारण लाइन मार्फत निर्माणधिन त्रिशूली ३ बी हबको सब स्टेशनमा लगिएको छ।

आयोजनाको व्याजसहितको जम्मा निर्माण खर्च रु ८ अर्व २२ करोड छ जस्मा ३० प्रतिशत ईक्विटी लगानी र ७० प्रतिशत ऋण लगानी छ।

माथिल्लो तामाकोशी जलविद्युत आयोजना

माथिल्लो तामाकोशी जलविद्युत् कम्पनी लिमिटेडले ४५६ मेघावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माण कार्य गरिरहेको छ।

माथिल्लो तामाकोशी जलविद्युत आयोजना नेपालका संचालनोन्मुख आयोजनाहरुमा सबैभन्दा ठूलो आयोजना हो। नेपालमा हालसम्म पनि बिद्यमान बिद्युत संकटको समाधानको लागि यो आयोजनाको शिघ्र संचालन देशकै प्रमुख प्राथमिकतामा रहेको छ। यो आयोजना उच्च हिमालयको फेदिमा कोशी नदीको सहायक नदी तामाकोशीको किनारमा अवस्थित छ। आयोजनाको मुख्य पावर प्लाण्ट तिब्बतको सिमाना देखि ६ कि.मि. दक्षिण तथा दोलखा सदरमुकाम चरिकोट देखि ३२ कि.मि. उत्तरपूर्वमा अवस्थित लामाबगरमा रहेको छ।

४५६ मेघावाट क्षमताको यो आयोजना रन-अफ-रिभर जलविद्युत् परियोजना हो जसको Gross head of Project ८२२ मि., वहाव ६६ क्युविक मिटर प्रति सेकेण्ड तथा वार्षिक औषत शक्ति उत्पादन २२८० GWh रहेको छ।

नागरिक स्टक डिलर कम्पनी लिमिटेड

नेपाल धितोपत्र बोर्डबाट निर्धारित नियमन तथा दिशानिर्देशन अनुसार पूँजीबजारमा धितोपत्र कारोवार गर्ने उद्देश्यले स्थापना गरिएको नागरिक स्टक डिलर कम्पनी लिमिटेडको प्रोमोटर शेयर अंश ९ प्रतिशत रहेको छ।

६) सहायक कम्पनीमा लगानी (Investment in Subsidiaries)

लेखा नीति

एकिकरणको आधार (Basis of Consolidation)

एकीकृत वित्तीय विवरणहरूमा मुख्य कम्पनी र यसका सहायक कम्पनीहरू तथा सहयोगीहरूको असार ३१, २०७८ सम्मको वित्तीय विवरणहरू समावेश छन्। सहायक कम्पनी भन्नाले कम्पनीको नियन्त्रणमा रहेका सबै अन्य संस्थाहरू हुन्। नियन्त्रण तव प्राप्त हुन्छ जब कम्पनीको त्यस्ता कम्पनीहरूमाथि प्रभुत्व रहन्छ वा लगानीकर्तासँगको संलग्नताबाट प्राप्त बहुप्रतिफलहरूमा अधिकार हुन्छ र लगानीकर्तामाथि आफ्नो शक्ति मार्फत प्रतिफलहरूमा प्रभाव पार्ने क्षमता राख्दछ। विशेष रूपमा, समूहले लगानीकर्तालाई निम्न अवस्थाहरुमा नियन्त्रण गर्दछ यदि समूहसँगः

- लगानीकर्तामाथिको प्रभुत्व रहन्छ (अर्थात् विद्यमान अधिकार जसले वर्तमान कम्पनीलाई लगानीकर्तासंग सम्बन्धित गतिविधिहरू निर्देशित गर्ने क्षमता राख्दछ)
- लगानीकर्तासँगको संलग्नताबाट प्रतिफलहरूमा अधिकार रहन्छ, र
- आफ्नो प्रतिफललाई प्रभाव पार्न लगानीकर्तामाथि आफ्नो शक्ति प्रयोग गर्ने क्षमता राख्दछ। यदि तथ्य र परिस्थितिहरूले माथि सूचीबद्ध नियन्त्रणहरू मध्ये एक वा बढीमा परिवर्तनहरू छन् भनी संकेत गरेमा समूहले लगानीकर्तालाई नियन्त्रण गर्छ वा गर्दैन भनेर पुनः मुल्याङ्कन गर्छ। समूहले सबै सान्दर्भिक तथ्यहरू र परिस्थितिहरूलाई मुल्याङ्कन गर्न यसको लगानीकर्तामाथि प्रभुत्व छ कि छैन भनि निम्न तथ्यहरुमाथि विचार गर्दछः
  - समूहको मतदान अधिकारको आकार;
  - समूहको सम्भावित मतदान अधिकार;
  - अन्य अनुबन्धित व्यवस्थाबाट उत्पन्न हुने अधिकारहरू

समुहको सहायक कम्पनी माथि नियन्त्रण रहँदासम्म मात्र एकिकृत वित्तीय विवरण तयार गरिन्छ।

एकिकृत वित्तीय विवरणहरू समान परिस्थितिहरूमा भएका कारोवार र अन्य घटनाहरूको लागि समान लेखा नीतिहरू प्रयोग गरी तयार गरिन्छ। यदि समूहको सदस्यले समान परिस्थितिमा भएका कारोवार र अन्य घटनाहरूको लागि एकिकृत वित्तीय विवरणहरूमा अपनाइएका लेखा नीतिहरू बाहेक अन्य लेखा नीतिहरू प्रयोग गर्दछ भने, समूहको लेखा अनुरूप भएको सुनिश्चित गर्न एकिकृत वित्तीय विवरणहरू तयार गर्दा समूह सदस्यको वित्तीय विवरणहरूमा उपयुक्त समायोजन गरिन्छ। नीतिहरू एकीकरणको उद्देश्यका लागि प्रयोग गरिएका सबै संस्थाहरूको वित्तीय विवरणहरू असार ३१ मा समाप्त हुने मूल कम्पनीको प्रतिवेदन मितिमा तयार गरिएको छ।

एकीकरण प्रक्रिया (Consolidation Process)

(क) मुल कम्पनीका सम्पत्ति, दायित्व, पूँजी, आम्दानी, खर्च र नगद प्रवाहको विवरणहरु सहायक कम्पनीका सम्बन्धित विवरणहरूसँग मिलाइएको छ। यस उद्देश्यका लागि, सहायक कम्पनीको आय र व्ययहरू प्राप्ति मितिमा एकिकृत वित्तीय विवरणहरूमा पहिचान गरिएका सम्पत्ति र दायित्वहरूमा आधारित हुन्छन्।

(ख) सहायक कम्पनीमा भएको मुल कम्पनीको लगानीको अंश रकम र पूँजीको अंशलाई अफ सेट गरिएको।

(ग) समूहका निकायहरू बीचको लेनदेन सम्बन्धी सम्पूर्ण अन्तर-समूह सम्पत्ति र दायित्वहरू, पूँजी, आम्दानी, खर्च र नगद प्रवाहहरू हटाइएको छ।

गैर-नियन्त्रण स्वार्थ

गैर-नियन्त्रण स्वार्थले कुल बृहत् आम्दानी र सहायक कम्पनीहरूको शुद्ध सम्पत्तिको अंशलाई प्रतिनिधित्व गर्दछ जुन स्वार्थहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, मुल कम्पनीको स्वामित्वमा भने हुँदैनन्।

व्याख्यात्मक टिप्पणीहरू

कम्पनीले "नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड (NDPC)" को नाममा सहायक कम्पनी संचालनमा ल्याएको छ। कम्पनीले राष्ट्रिय बाणिज्य बैंक लिमिटेडसंगको सहकार्यमा सर्वसाधारणको लागि मोबाइल फाइनान्स सेवा उपलब्ध गराउनको लागि यो सहायक कम्पनी संचालनमा ल्याएको हो। नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको जारी र चुक्ता पूँजी ४० करोड

रहेको छ। सहायक कम्पनीको शेयर संरचनालाई प्रमुख संस्थापक समूहको लागि ९०% र सर्वसाधारणको लागि १०% हुने गरि निर्धारण गरिएको छ। सहायक कम्पनीको संचालक समितिमा बहुमत सदस्यहरुको प्रतिनिधित्वको आधारमा हाल कम्पनीको शेयर अंश ६२.२२ प्रतिशत रहेको छ।

रुपैयामा

	कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
सहायक कम्पनीमा लगानी		
नेपाल डीजिटल पेमेन्ट्स कम्पनीमा लगानी	२४८,८८८,९००	-
	२४८,८८८,९००	-

७. जिन्सी मौज्दात (Inventory)

लेखा नीतिहरू

जिन्सी मौज्दातहरूलाई खुद असुलयोग्य रकम वा लागत मध्ये जुन कम हुन आउँछ सोही मुल्यमा लेखाङ्कन गर्ने गरिएको छ।

यस्तो मुल्यमा जिन्सी मौज्दातहरूको सम्पूर्ण खरीद लागत, परिवर्तन गर्दा लाग्ने लागत र सामग्रीहरू वर्तमान स्थान र अवस्थामा ल्याउँदा लाग्ने लागतहरू समावेश गरिएका छन्। लागतलाई पहिलो प्राप्ति पहिलो निष्काशन (FIFO) को आधारमा लेखाङ्कन गरिएको छ। खुद असुलयोग्य रकम सामान्य व्यापारिक हिसाबले अनुमानित बिक्रि मुल्यबाट अनुमानित कार्य सम्पन्न लागत र आवश्यक अनुमानित खर्चहरू घटाई अनुमान गरिएको छ।

जिन्सी मौज्दातहरूलाई अप्रचलित सामग्रीहरूको मुल्यबाट उपयुक्त छुट/नोक्सानीहरू घटाई लेखाङ्कन गरिएको छ। बिक्रियोग्य सामाग्रिहरुको मुल्याङ्कन तिनिहरुको न्यूनतम मुल्य वा प्राप्तियोग्य मुल्य अनुसार गरिएको छ। अन्य वस्तुहरूको लागत सेवाहरू प्रदान गर्दा असुली हुनेछ भन्ने व्यवस्थापनको अनुमान छ। जिन्सी मौज्दातहरूको मुल्य समायोजन गर्दा अन्तिम प्रयोग भएको अवधिको आधारमा अप्रचलित (५ वर्षभन्दा बढि), गैह्र-चल्ती (२-५ वर्ष), कम चल्ती (१-२ वर्ष) गरी वर्गीकरण गरिएको छ।

जिन्सी मौज्दात	प्रयोग अवधि	छुट दर (प्रतिशत)
नियमित	१ वर्ष अवधिभित्र	-
कम चल्ती	१-२ वर्ष	२५
गैह्र-चल्ती	२-५ वर्ष	५०
अप्रचलित	५ वर्षभन्दा बढी	१००

व्याख्यात्मक टिप्पणीहरू

जिन्सी मौज्दातहरूमा मुख्य रुपमा नगद कार्डहरू, टेलिफोन सेटहरू (मोबाइल र अन्य), ग्राहकहरुको परिसरमा जडित उपकरणहरु जस्तै सी.पीं.ई., फाइवर केबल, ड्रप वायर, अन्य सहायक सामग्रीहरू र पूँजीकरण गर्न नमिल्ने जगेडा सामग्रीहरू समावेश गरिएका छन्।

रुपैयामा

जिन्सी मौज्दात	समूह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित))
कुल मौज्दात				
टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा	३०१,९१३,२३६		३०१,९१३,२३६	७५,४८०,१७३
क्यास कार्डहरू	१२९,०८६,२५३		१२९,०८६,२५३	६६,००९,१७५
स्पेयर्स् र अन्य	५०२,५०५,६७०		५०२,५०५,६७०	५५५,५५३,१९७
	९३३,५०५,१५९		**९३३,५०५,१५९**	**६९७,०४२,५४५**
Allowance Adjustments				
टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा	६९,३४६,५२४		६९,३४६,५२४	६३,६९४,२५७
क्यास कार्डहरू	२२,८३९,९४०		२२,८३९,९४०	२२,४१७,९२१
स्पेयर्स् र अन्य	२८२,८५९,७३९		२८२,८५९,७३९	३५३,०६८,६२८
	३७५,०४६,२०३		**३७५,०४६,२०३**	**४३९,१८०,८०५**
Inventory net of allowances				
टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा	२३२,५६६,७११		२३२,५६६,७११	११,७८५,९१६
क्यास कार्डहरू	१०६,२४६,३१३		१०६,२४६,३१३	४३,५९१,२५५
स्पेयर्स् र अन्य	२१९,६४५,९३१		२१९,६४५,९३१	२०२,४८४,५६९
जम्मा	५५८,४५८,९५५	-	५५८,४५८,९५५	२५७,८६१,७४०

८. अग्रिम भुक्तानी, अन्य गैरवित्तीय सम्पत्ति तथा दायित्वहरु (Pre-Payments, Non- Financial Assets and Liabilities)

८.१ अग्रिम भुक्तानी, अन्य गैरवित्तीय सम्पत्ति

लेखा नीतिहरू

भुक्तानी गरिएका र भविष्यसँग सम्बन्धित भुक्तानीहरूलाई अग्रिम भुक्तानी शिर्षकहरूमा देखाइएको छ, जसलाई वित्तीय विवरणहरूमा सम्बन्धित अवधिको नाफा वा नोक्सानको विवरणमा भार पारिएको छ। अन्य गैह्र वित्तीय सम्पत्तिहरुमा स्पेयर पार्ट्स र आपुर्तिकर्ता, कर्मचारी तथा अन्य कार्यको लागि गरिएका अग्रिम भुक्तानीहरु पर्दछन जुन कम्पनीले आफ्नो व्यवसाय संचालनको लागि भविष्यमा प्राप्त गर्ने बस्तु तथा सेवाहरुको लागि भुक्तानी गर्दछ। अग्रिम खर्च र अन्य गैर-वित्तीय सम्पत्तिहरूलाई कम्पनीले क्रेडिट मुल्याङ्कन योग्यता र १२ महिना भन्दा बढी अवधिको हिसाबको आधारमा खराब र शंकास्पद रकम घटाई लेखाङ्कन गरेको छ।

व्याख्यात्मक टिप्पणीहरू

अग्रिम भुक्तानी तथा अन्य गैरवित्तीय सम्पत्तिहरू रुपैयामा

	समुह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
अग्रीम खर्च	७१,७०३,५५६		७०,९८१,४१२	१०१,८३८,६४१
सम्भाव्य हानीको ब्यबस्था	(१,३५५,९९४)		(१,३५५,९९४)	(१,३५५,९९४)
अन्य गैरवित्तीय सम्पत्तिहरू	१८६,१२७,०४२		१८६,१२७,०४२	२२६,४०५,५६९
सम्भाव्य हानीको ब्यबस्था	(३८,८३७,८७६)		(३८,८३७,८७६)	(३८,८३७,८७६)
स्थगन कर्मचारी खर्च	१,५२०,७४९,५०२		१,५२०,७४९,५०२	१,९९७,३११,३८३
जम्मा	१,७३८,३८६,२३०	-	१,७३७,६६४,०८६	२,२८५,३६१,७२२

८.२ गैरवित्तीय दायित्वहरु

लेखा नीतिहरू

गैह्र वित्तीय दायित्वहरुमा कम्पनीले आफ्नो व्यवसाय संचालनको लागि वैधानिक शर्त बमोजिम भुक्तानी गनुपर्ने वैधानिक दायित्वहरु पर्दछन जस अन्तरगत कम्पनीले आफ्ना ग्राहकहरुलाई प्रदान गर्न प्रतिज्ञा गरेका सेवाहरु वापत अग्रिम प्राप्त रकम वा दायित्वहरु, कानूनी प्रावधान तथा कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धित विनियमावली अनुसार कर्मचारीहरुलाई भुक्तानी दिनुपर्ने बोनस तथा टेलिकम भत्ताका प्रावधानहरु समावेश हुन्छन्।

व्याख्यात्मक टिप्पणीहरू

अन्य गैरवित्तीय दायित्वहरू रुपैयामा

	समुह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
भुक्तानी बाँकी मू.अ.कर	५१,६९४,८७८		५१,६९४,८७८	९६४,२४९
भुक्तानी बाँकी आय.कर	९२९,६०२,६०८		९२९,६०२,६०८	११९,६०८,६४४
तिर्न बाँकी अन्य शुल्क	४०८,०५६,७४७		४०८,०५६,७४७	३७३,४९०,९३३
रोयल्टी तथा ग्रामिण दूरसञ्चार विकास कोषमा योगदान	२,१२९,४४७,१७९		२,१२९,४४७,१७९	२,०८४,०००,०७७
ग्राहकबाट अग्रिम प्राप्त रकम	७७२,००६,९४७		७७२,००६,९४७	६३१,३९३,८४२
Unearned नगद कार्ड बिक्री	९२३,७९५,२००		९२३,७९५,२००	७०३,५८६,५१५
भुक्तानी बाँकी टेलिकम भत्ता	८६७,९८०,६५६		८६७,९८०,६५६	९१२,०३७,५७४
भुक्तानी बाँकी कर्मचारी बोनश	१,३१२,९२५,८१४		१,३१२,९२५,८१४	१,७४२,५४४,३२३
जम्मा	७,३९५,५१०,०२९	-	७,३९५,५१०,०२९	६,५६७,६२६,१५६

९. वित्तीय उपकरणहरू

लेखा नीतिहरू

कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान ९ "वित्तीय उपकरणहरू" लागु गर्ने लेखा नीति लिएको छ। यसबाट वित्तीय विवरणहरुको

प्रयोगकर्तालाई रकम, समय तथा भविष्यमा हुने नगद प्रवाहको अनिश्चितता सम्बन्धमा थप भरपर्दो तथा सान्दर्भिक जानकारीमा पहुँच उपलब्ध हुन्छ।

९.१ वित्तीय सम्पत्तिहरू

क. वर्गीकरण

कम्पनीले आफ्नो वित्तीय सम्पत्तिहरूलाई निम्नानुसार वर्गीकरण गरेको छ।

- पछि वास्तविक मुल्यमा (fair value) मापन गरिने।
  १. अन्य विस्तृत आम्दानी विवरण मार्फत वा
  २. नाफा वा नोक्सानको विवरणबाट
- परिशोधित लागतमा मापन गरिने।

यी वर्गीकरणहरु वित्तीय सम्पत्ति र सोको सम्झौता अनुसार नगद प्रवाह व्यवस्थापनको लागि कम्पनीको व्यावसायिक मोडेलमा निर्भर रहन्छ।

वास्तविक मुल्यमा मापन गरिएको सम्पत्तिको लाभ तथा नोक्सानलाई नाफा वा नोक्सानको विवरण वा अन्य विस्तृत आम्दानी मार्फत लेखाङ्कन गरिनेछ। ऋण उपकरणहरूमा गरिएको लगानी, संस्थाले लगानी सम्बन्धी अबलम्बन गरेको व्यावसायिक मोडेलमा निर्भर हुन्छ। शेयर उपकरणमा गरिएको लगानीको वास्तविक मुल्यलाई शुरू लेखाङ्कन गर्ने समयमा अपरिवर्तनीय विकल्प छनोट गरेको अवस्थामा अन्य विस्तृत आम्दानी विवरण मार्फत लेखाङ्कन गरिएको छ। कम्पनीले ऋण उपकरणहरूको पुनःवर्गीकरण आफ्नो सम्पत्तिहरू व्यवस्थापनको व्यावसायिक मोडेल परिवर्तन भएको खण्डमा मात्र गर्दछ।

ख. मापन (Measurement)

कम्पनीले शुरूमा नाफा वा नोक्सानको विवरण मार्फत वास्तविक मुल्यमा मापन नहुने वित्तीय सम्पत्तिहरूलाई वास्तविक मुल्यमा सम्पत्ति ग्रहण गर्दाको प्रत्यक्ष कारोबार लागत जोडेर मापन गरेको छ। नाफा वा नोक्सानको विवरण मार्फत मापन गर्न सकिने वित्तीय सम्पत्तिको कारोबारको लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ।

लगानी तथा अन्य वित्तीय सम्पत्तिहरू

ऋण उपकरणहरू (Debt Instrument)

ऋण उपकरणहरूको पछिल्लो मापन कम्पनीको सम्पत्ति तथा सम्पत्तिको नगद प्रवाहलाई व्यवस्थापन गर्ने व्यावसायिक मोडेलमा निर्भर गर्दछ। कम्पनीले मुख्यतयाः तीन मापन वर्गमा आफ्नो ऋण उपकरणलाई वर्गीकरण गर्दछ।

क) परिशोधित लागत (Ammortized Cost)

सम्झौता बमोजिमको नगद प्रवाह संकलनको लागि राखिएको सम्पत्तिहरुबाट केवल सावाँ तथा ब्याजको मात्र भुक्तानी हुन्छ भने उक्त नगद प्रवाहलाई परिशोधित लागतमा मापन गरिएको छ। पछि परिशोधित लागतमा मापन गरिएको र Hedging सम्बन्धको हिस्सा नभएका ऋण उपकरण सम्पत्तिहरु अपलेखन गर्दा वा हानि भएको अवस्थामा हुन जाने लाभ तथा नोक्सानलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावी ब्याज दर विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिएको छ।

ख) अन्य विस्तृत आम्दानी विवरण मार्फत बजार मुल्य (FVoCI)

सम्झौता बमोजिमको नगद प्रवाह संकलन तथा वित्तीय सम्पत्ति बिक्रिको लागि राखिएको सम्पत्तिहरुबाट केवल सावाँ तथा ब्याजको मात्र भुक्तानी हुन्छ भने उक्त नगद प्रवाहलाई अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मुल्यमा मापन गरिएको छ। नाफा वा नोक्सानी विवरणमा लेखाङ्कन गरिएको इम्पेयरमेन्टको लाभ वा नोक्सानी, ब्याज आम्दानी र विदेशी मुद्राको दर परिवर्तनको कारण भएको नाफा नोक्सान बाहेकको कारणले बाँकी सम्पत्तिको मुल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानी विवरणमा देखाइएको छ। कुनै वित्तीय सम्पत्तिको अपलेखन गर्दा उक्त सम्पत्तिको अघिल्लो अन्य विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरिएको संचित नाफा वा नोक्सानलाई पूँजीबाट नाफा वा नोक्सानमा पुनः वर्गीकरण गरी अन्य नाफा वा नोक्सानको रूपमा लेखाङ्कन गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावी ब्याज दर विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिएको छ।

ग) नाफा वा नोक्सानको विवरण मार्फत बजार मुल्य (FVtPL):

परिशोधित लागत वा अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मुल्यको मापदण्ड पूरा नगरेका सम्पत्तिहरूको वास्तविक मुल्यलाई नाफा वा नोक्सानको विवरणमा मापन गरिनेछ। नाफा वा नोक्सानको विवरण मार्फत वास्तविक मुल्यमा मापन गरिएको र Hedging सम्बन्धको हिस्सा नभएका ऋण लगानीमा नाफा तथा नोक्सानलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरि खुद रकमलाई सम्बन्धित अवधिको नाफा वा नोक्सान विवरणमा अन्य नाफा वा नोक्सानको रुपमा प्रस्तुत गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई वित्तीय आम्दानीको रूपमा राखिएको छ।

इक्विटी उपकरणहरू

कम्पनीले सबै इक्विटी उपकरणहरूलाई वास्तविक मुल्यमा मापन गरेको छ। कम्पनीको व्यवस्थापनले पूँजीगत लगानीको वास्तविक बजार मुल्यमा भएको लाभ वा नोक्सानलाई अन्य विस्तृत आम्दानी विवरणमा प्रस्तुत गर्ने निर्णय गरेको अवस्थामा त्यसपछि नाफा वा नोक्सानको विवरण देखाइएको वास्तविक मुल्यको लाभ तथा नोक्सानलाई पुनः वर्गीकरण गरिने छैन। कम्पनीले उक्त लगानीहरूबाट आर्जन हुने लाभांशलाई सो रकम प्राप्त गर्ने अधिकार श्रृजना हुनासाथ निरन्तर रुपमा नाफा वा नोक्सान विवरणमा अन्य आम्दानीको रूपमा लेखाङ्कन गर्दछ।

नाफा वा नोक्सानको विवरणमार्फत वास्तविक मुल्य मापन गर्ने वित्तीय सम्पत्तिको बजार मुल्यमा भएको परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा अन्य लाभ तथा नोक्सानको रूपमा लेखाङ्कन गरिएको छ। अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मुल्यमा मापन हुने पूँजीगत लगानीहरूमा इम्पेयरमेन्ट हानी (वा इम्पेयरमेन्ट हानी फिर्ता) लाई अन्य वास्तविक मुल्यको परिवर्तन भन्दा छुट्टै प्रस्तुत गरिएको छैन।

वित्तीय सम्पत्तिको अपलेखन

वित्तीय सम्पत्तिबाट नगद प्रवाहको लागि अनुबंधित अधिकार समाप्त हुँदा, वा वित्तीय सम्पत्तिको स्थानान्तरण गर्दा र स्थानान्तरण अपलेखनको लागि योग्य हुँदा वित्तीय सम्पत्ति अपलेखन गरिन्छ। वित्तीय सम्पत्तिको पूर्ण रूपमा अपलेखन गर्दा अपलेखन भएको मितिमा मापन गरिएको रकम र प्राप्त रकमको भिन्नतालाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ।

ग. वित्तीय सम्पत्तिहरूको इम्पेयरमेन्ट

कम्पनीले परिशोधित लागत तथा अन्य विस्तृत आम्दानी विवरणमार्फत वास्तविक मुल्यमा मापन हुने सम्पत्तिको अनुमानित ऋण जोखिमलाई अगाडी बढ्ने आधारमा मुल्याङ्कन गरेको छ। सम्पत्तिको इम्पेयरमेन्ट कार्यान्वयन विधि सोमा भएको ऋण जोखिमको उल्लेखनिय बृद्धिमा निर्भर हुन्छ। कम्पनीले कसरी ऋणको जोखिममा भएको उल्लेखनिय बृद्धिलाई निर्धारण गर्छ भन्ने सम्बन्धमा नोट २३ मा विस्तृत विवरण प्रस्तुत गरेको छ।

व्यावसायिक प्राप्य र अनुबन्धित सम्पत्तिको लागि मात्रै कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान ९ अनुसार Simplified approach को आधारमा उक्त सम्पत्तिहरुको अवधिभरको अनुमानित हानीलाई मापन गरी पहिचान गरेको छ।

कम्पनीसँग नेपाल वित्तीय प्रतिवेदन मान ९ अनुसारको अनुमानित Credit Loss Model लागु हुने तीन प्रकारका वित्तीय सम्पत्तिहरू रहेका छन्। कम्पनीले यी सम्पत्तिहरूको वर्गको लागी नेपाल वित्तीय प्रतिवेदन मान ९ अनुसार आफ्नो इम्पेयरमेन्ट विधी संशोधन गर्न आवश्यक रहेको छ।

(अ) **व्यवसायीक र अन्य प्राप्यहरु**

नेपाल वित्तीय प्रतिवेदन मान ९ अनुसार Simplified approach को आधारमा अनुमानित Credit Loss अनुसार उक्त सम्पत्तिहरुको अवधिभरको अनुमानित हानीलाई मापन गरी पहिचान गरिएको छ।

(आ) **मुद्दती निक्षेप र ऋणपत्रहरूमा लगानी**

यी परिशोधित लागतमा रहेका ऋण लगानीहरू न्यून जोखिम रहेको मानिएको छ तसर्थ यसको इम्पेयरमेन्ट व्यवस्था १२ महिनाको अनुमानित ऋण जोखिमको आधारमा गरिएको छ।

(इ) **ऋण लगानी**

यी परिशोधित लागतमा रहेका ऋण लगानीहरू न्यून जोखिम रहेको मानिएको छ तसर्थ यसको इम्पेयरमेन्ट व्यवस्था १२ महिनाको अनुमानित ऋण जोखिमको आधारमा गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

रुपैयामा

वित्तीय सम्पत्तिहरू (आ.ब. २०७७/७८)	FVtPL	FVtOCI		परिशोधित लागत	जम्मा
		ऋण	इक्विटी		
इक्विटीमा लगानी			१३०,०००,०००		१३०,०००,०००
कर्मचारी ऋण	४,०४३,३०६,४६३				४,०४३,३०६,४६३
प्रोदभावि रकम, पेश्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम	२७७,४१३,२३३				२७७,४१३,२३३
ब्यवसायिक तथा अन्य प्राप्तीयोग्य रकम				२,३०४,३१४,२३३	२,३०४,३१४,२३३
मुद्दती निक्षेप तथा ऋणपत्रहरुमा लगानी				४२,०३८,५२१,०००	४२,०३८,५२१,०००
ऋण लगानी				१३,३१९,१३१,५८३	१३,३१९,१३१,५८३
नगद वा नगद सरह	१०,७१४,४६२,६६८				१०,७१४,४६२,६६८
जम्मा	**१५,०३५,१८२,३६४**		**- १३०,०००,०००**	**५७,६६१,९६६,८१६**	**७२,८२७,१४९,१८०**

रुपैयामा

वित्तीय सम्पत्तिहरू (आ.ब. २०७६/७७) (परिमार्जित)	FVtPL	FVtOCI		परिशोधित लागत	जम्मा
		ऋण	इक्विटी		
इक्विटीमा लगानी			१३०,०००,०००		१३०,०००,०००
कर्मचारी ऋण	३,५०६,२५८,८४४				३,५०६,२५८,८४४
प्रोदभावि रकम, पेश्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम	३५१,४७४,२९२				३५१,४७४,२९२
ब्यवसायिक तथा अन्य प्राप्तीयोग्य रकम				२,२५५,२०९,८६२	२,२५५,२०९,८६२
मुद्दती निक्षेप तथा ऋणपत्रहरुमा लगानी				४३,०९५,२०८,०००	४३,०९५,२०८,०००
ऋण लगानी				१०,८७७,८६१,८४३	१०,८७७,८६१,८४३
नगद वा नगद सरह	११,९१२,३८२,७२८				११,९१२,३८२,७२८
जम्मा	**१५,७७०,११५,८६४**		**- १३०,०००,०००**	**५६,२२८,२७९,७०५**	**७२,१२८,३९५,५६९**

९.१.१ शेयरमा लगानी

लेखा नीति

कम्पनीले शेयरमा गरेको लगानीलाई नेपाल वित्तीय प्रतिवेदन मान ९ "वित्तीय उपकरण" अनुसार वास्तविक मुल्यमा लेखाङ्कन गरिएको छ। यी लगानीहरू व्यापार प्रयोजनको लागि नभएको हुनाले अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मुल्यमा मापन गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

इक्विटी लगानी

रुपैयामा

	समुह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
बिद्युत उत्पादन कम्पनी लिमिटेड	१३०,०००,०००		१३०,०००,०००	१३००००००
	१३०,०००,०००	-	१३०,०००,०००	१३०,०००,०००

कम्पनीले बिद्युत उत्पादन कम्पनी लिमिटेडमा दीर्घकालिन लगानी रणनीति अनुरूप लगानी गरेको छ। उक्त संस्थामा कम्पनीको संस्थापक शेयरहोल्डिङ्ग रहेको छ र हालसम्म पनि राजस्व आर्जन गर्ने गरी पूर्ण रूपमा सञ्चालनमा आएको छैन। तर कम्पनीले यस्तै प्रकृतीका बजारका अन्य लगानीहरूलाई मध्यनजर गर्दा यी लगानीबाट दीर्घकालिन रूपमा आय तथा यसको भविष्य मुल्यले यसमा गरिएको लगानीको लागतलाई धान्ने विश्वास लिएको छ। यो लगानीको लागतले वास्तविक मुल्यलाई प्रतिनिधित्व गर्दछ।

९.१.२ कर्मचारी ऋण

लेखा निती

कर्मचारीलाई प्रदान गरिएको ऋणहरु Fair Value मा लेखाङ्कन गरिएको छ। प्रभावी ब्याजदरको आधारमा लेखाङ्कन गर्दा ऋणको Fair Value मा भएको परिवर्तनलाई नाफा नोक्सानमा देखाइएको छ।

व्याख्यात्मक टिप्पणीहरु

कम्पनीले कर्मचारीहरुलाई सुबिधाको रुपमा ऋण उपलब्ध गराएको छ। यसरी उपलब्ध गराइएको ऋण रकम परिपक्व अवधिसम्म कायम गरी उक्त अबधीमा साँवा, ब्याज र बोनस रकम समेतबाट असुल गर्ने गरिएको छ। कम्पनीले ब्याज रकम शुरुमा ऋण रकम उपलब्ध गराउदाँ र साँबा रकम बाँकी समयको भुक्तानी तालिका अनुसार नियमित रुपमा असुल उपर गर्ने गरिएको छ। बीमा सहितको ऋणको हकमा कर्मचारीहरुले बार्षिक रुपमा बीमाशुल्क भुक्तानी गर्ने र बीमा अबधीको समाप्ती पछि बीमा कम्पनीबाट प्राप्त रकमबाट साँबा रकम र बोनस रकमको पुर्बसहमती वमोजिमको अनुपातिक रुपमाकट्टा गरी अन्तिम हिसाब राफसाफ गरीनेछ।

ब्याजदरमा भएको परिवर्तन र Fair Value मा भएको परिवर्तनलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गरिएको छ र बाँकी साँवा रकमलाई Fair Value मा प्रस्तुत गरिएको छ। यस्ता ऋणहरुको भुक्तानी अबधी १ बर्ष देखि १९ बर्ष सम्म रहेको छ। वास्तविक मुल्य गणना प्रयोजनको लागी प्रयोग गरिएको औषत व्याज दरलाईनै आधारमानी कर्मचारीको करयोग्य आय गणना गरिएको छ। कर्मचारीहरुलाई भुक्तानी गर्नु पर्ने रकमहरु, सेवा कालिन सुबिधाहरु , अवकाश सुबिधाहरु र बीमा योजना वापत प्राप्त हुने रकमहरुबाट सहजै असुल उपर गर्न सकिने हुँदा उक्त लगानी सुरक्षित रहेको छ।

कर्मचारी ऋण

रुपैंयामा

	समुह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
Gross Disbursement and Outstanding	५,५६९,९०२,१५३		५,५६९,९०२,१५३	५,५७९,३४८,८६१
Fair Value समायोजन	(१,५२६,५९५,६९०)		(१,५२६,५९५,६९०)	(२,०७३,०९०,०१७)
Fair Value मा कुल कर्मचारी ऋण	**४,०४३,३०६,४६३**	-	**४,०४३,३०६,४६३**	**३,५०६,२५८,८४४**
कर्मचारी ऋण - चालु	७४,७३८,६४७		७४,७३८,६४७	९६,७९३,८१४
कर्मचारी ऋण - गैर-चालू	३,९६८,५६७,८१६		३,९६८,५६७,८१६	३,४०९,४६५,०३०
जम्मा कर्मचारी ऋण	४,०४३,३०६,४६३	-	४,०४३,३०६,४६३	३,५०६,२५८,८४४

९.१.३ उपार्जन, अग्रिम भुक्तानी र अन्य प्राप्यहरू

लेखा नीति

यसमा आर्जित ब्याज, कर्मचारी पेश्की, आपूर्तिकर्तालाई अग्रिम भुक्तानी र अन्य समावेश छन्। यी दावीहरूको एक वर्षको अवधि भित्र सामान्य सञ्चालनको क्रममा व्यवस्थित हुने अपेक्षा गरिन्छ। यी शुरुमा लागतमा र पछि नाफा वा नोक्सान मार्फत Fair Value मा पहिचान गरिन्छ।

व्याख्यात्मक टिप्पणीहरु :

आर्जित व्याज

आर्जित ब्याजले डिबेन्चरको अवधिसँग सम्बन्धित तर रिपोर्टिङ मितिभन्दा बाहिरको भुक्तानी समयलाई प्रतिनिधित्व गर्छ। प्राप्त नहुने जोखिम न्यून रहेको छ।

आपूर्तिकर्ता र अन्यसंग दावि :

यसमा ठेकेदार, आपूर्तिकर्ता र अन्य पक्षहरूबाट कुनै निहित वित्त शुल्क बिना प्राप्त हुने दाबीहरू समावेश छन्। यी दावीहरूको एक वर्षभित्रको सञ्चालनको सामान्य अबधिमा राफसाफ गर्ने अपेक्षा गरिन्छ। लागतमा Fair Value को प्रतिनिधित्व हुनेगरि अभिलेख राखिन्छ।

कर्मचारीसंग दावी:

यसमा कुनै निहित वित्त शुल्क बिना कर्मचारीहरूबाट प्राप्त हुने दावीहरू समावेश छन्। यी दावीहरूको एक वर्षभित्रको सञ्चालनको सामान्य अबधिमा राफसाफ गर्ने अपेक्षा गरिन्छ। लागतमा Fair Value को प्रतिनिधित्व हुनेगरि अभिलेख राखिन्छ।

प्रोदभावी रकम, पेश्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम रुपैंयामा

	समुह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
उपार्जित ब्याज	२२६,१३३,५३४		२२६,१३३,५३४	५७,७१६,३२४
सम्भावित हानि को व्यवस्था	(१३४,१८२,६२६)		(१३४,१८२,६२६)	-
अन्यसंग पेश्कि तथा दावी	१७५,०६६,५१३		१७५,७०८,४०२	२५६,५७७,५८३
सम्भाब्य नोक्सानीको ब्यबस्था	(५९,१८३,१०४)		(५९,१८३,१०४)	(५०,८८८,६०१)
कर्मचारीसंग पेश्कि तथा अन्य दावी	६९,०३५,७४३		६९,०३५,७४३	८८,१६७,७०२
सम्भाब्य नोक्सानीको ब्यबस्था	(९८,७१६)		(९८,७१६)	(९८,७१६)
जम्मा	२७६,७७१,३४३	-	२७७,४१३,२३३	३५१,४७४,२९२

९.१.४ व्यवसायीक र अन्य प्राप्यहरू

लेखा नीति

व्यवसायीक प्राप्य:

व्यवसायीक प्राप्यहरूमा IFRS १५ अनुसार ग्राहकहरूले कम्पनीलाई तिरेको रकम समावेश गरिन्छ। ग्राहकहरूसँगको सम्झौता अनुसार कम्पनीले उपलब्ध गराएको PSTN/ VSAT सेवाहरूबाट प्राप्त हुने राजस्वमा पन्ध्र दिनको क्रेडिट अवधिमा हुने सबै रकमहरु पर्दछन। व्यवसायीक प्राप्यहरूमा कुनै ब्याज लगाइदैन। यस्ता रकमहरु शुरुमुल्यमा लेखाङ्कन गरिन्छ र पछि बाँकी रकममा हानि नोक्सानी घटाई मापन गरिन्छ। कम्पनीले यी उपकरणहरूमा हानिको रूपमा Expected Credit Loss (ECL) अनुमान गर्दछ।

व्यवस्थापनले असूल हुन नसक्ने ठहर गरेका व्यक्तिगत तथा व्यवसायीक प्राप्यहरूलाई अपलेखन गर्दछ। कतिपय अवस्थामा व्यवसायीक प्राप्यहरूको अपलेखन कम्पनीले यस अघि गरेका Allowances हरुको रकमबाट गर्दछ।

अनुबन्ध सम्पत्ति:

IFRS १५ अनुसार अनुबंध सम्पत्तिमा संस्थाले ग्राहकहरूसँगको सम्झौताबाट पहिले नै प्रदान गरिसकेका सामान वा सेवाहरूको बदलामा राजस्व प्राप्त गर्ने अधिकार स्थापित हुने तर कम्पनीको व्यवसायीक नीति अनुसार भुक्तानीका शर्तहरु कायमै रहने सम्पत्तिहरु पर्दछन्।

Impairment

व्यवसायीक प्राप्य र अनुबंध सम्पत्तिहरूमा क्रेडिट जोखिम रहने हुनाले Impairment निर्धारण आवश्यक पर्दछ। Simplified approach को आधारमा अनुमानित Credit Loss अनुसार उक्त सम्पत्तिहरुको अवधिभरको अनुमानित हानीलाई मापन गरी पहिचान गरिएको छ।

Simplified approach को आधारमा Provision Matrix को प्रयोग गरि अनुमानित Credit Loss को गणना गरिन्छ। Provision Matrix ले व्यवसायीक प्राप्यहरुमा हुन सक्ने अनुमानित नोक्सानदरहरूलाई आधार मान्दछ।

व्याख्यात्मक टिप्पणीहरु :

वायरलेस, फिक्स्ड लाइन, इन्टरकनेक्सन सेवाहरू - अन्तर्राष्ट्रिय र घरेलु ग्राहकहरूको आधारमा समूह बनाई Provision Matrix लागु गरिएको छ। यसरी Provision Matrix लागु गर्दा समान क्रेडिट जोखिम विशेषताहरूमा आधारित उपयुक्त उप समूहहरू समावेश गरिएको छ। कम्पनीले अबधिभर Expected Credit Loss अनुमान गर्न विगतको अनुभवको आधारमा Portfolio Approach प्रयोग गर्दछ।

कम्पनीको व्यवसायीक प्राप्यहरु पुरा अवधिभरको Expected Credit Loss घटाई लेखाङ्कन गरिन्छ। व्यवसायीक प्राप्यहरुको गैर-पुनःप्राप्ति जोखिमको अतिरिक्त, जुन कम्पनीले प्रदान गरेको व्यबस्थाद्वारा पर्याप्त रूपमा कभर गरिएको विश्वास गर्दछ, यी सम्पत्तिहरू मुद्राको समय मुल्य र मुद्रास्फीतिको अवमुल्यनका कारण यी खाताहरूमा कुनै ब्याज नलाग्ने कारणले मुल्य घट्ने विषय हो।

Impairment

कोभिड-१९ महामारीको प्रभावका कारण बेरोजगारी दरमा वृद्धि र कुल गार्हस्थ्य उत्पादनमा आएको गिरावटले सान्दर्भिक थ्रेसहोल्डहरू नाघ्ने अपेक्षा गरिएको छ। तसर्थ, अपेक्षित कर्जा नोक्सान अनुमान गर्दा हामीले ग्राहकहरुबाट पूर्वनिर्धारित व्युत्पन्न ऐतिहासिक घाटा दरको अतिरिक्त अपेक्षित घाटा दरमा दस प्रतिशतसम्म समग्र आर्थिक समायोजन समावेश गरिएको छ । फलस्वरूप, COVID–19 महामारीले ल्याएका जोखिम र अनिश्चितताहरू प्रतिबिम्बित गर्न Expected Credit Loss को लागि व्यबस्था (provision) बढाइएको छ। भविष्यमा बृहत् आर्थिक अनुमानहरू परिवर्तन भएमा कम्पनीले आगामी वर्षहरूको लागि गरेको Expected Credit Loss को व्यवस्थामा प्रभाव पर्न सक्छ।

व्यवसायी प्राप्यहरु रुपैयामा

	समुह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
कूल आसामी बांकी तथा अन्य अन्य प्राप्तीयोग्य				
वायरलेस	८९२,००२,४७१		८९२,००२,४७१	८८८,०४३,६९४
आधारभुत टेलिफोन	१,६९२,२११,०३८		१,६९२,२११,०३८	१,६९५,१८७,५९४
अन्तर्राष्ट्रिय अन्तरआबद्धता	१,१८९,३६६,१४७		१,१८९,३६६,१४७	१,२७४,३५५,७१७
राष्ट्रिय अन्तरआबद्धता	२६३,३४८,६७०		२६३,३४८,६७०	२५३,१७०,३४५
करार सम्पत्ती	२१५,७६९,३०५		२१५,७६९,३०५	९२,८३५,९१०
	४,२५२,६९७,६३०		**४,२५२,६९७,६३०**	**४,२०३,५९३,२५९**
अपेक्षित उधारो नोक्सानी				
वायरलेस	४३५,०७९,७२२		४३५,०७९,७२२	४२६,०२५,६०८
आधारभुत टेलिफोन	१,०२७,८३१,४५५		१,०२७,८३१,४५५	१,०८८,११६,४३४
अन्तर्राष्ट्रिय अन्तरआबद्धता	१३५,८१५,८२८		१३५,८१५,८२८	१४३,९३६,६४६
राष्ट्रिय अन्तरआबद्धता	२६३,३४८,६७०		२६३,३४८,६७०	२५३,१७०,३४५
करार सम्पत्ती	८६,३०७,७२२		८६,३०७,७२२	३७,१३४,३६४
जम्मा	**१,९४८,३८३,३९७**		**१,९४८,३८३,३९७**	**१,९४८,३८३,३९७**
खूद आसामी बांकी Net of impairment				
वायरलेस	४५६,९२२,७४९		४५६,९२२,७४९	४६२,०१८,०८६
आधारभुत टेलिफोन	६६४,३७९,५८२		६६४,३७९,५८२	६०७,०७१,१६०
अन्तर्राष्ट्रिय अन्तरआबद्धता	१,०५३,५५०,३१९		१,०५३,५५०,३१९	१,१३०,४१९,०७१
राष्ट्रिय अन्तरआबद्धता				
करार सम्पत्ती	१२९,४६१,५८३		१२९,४६१,५८३	५५,७०१,५४६
जम्मा	२,३०४,३१४,२३३	-	२,३०४,३१४,२३३	२,२५५,२०९,८६२

९.१.५ मुद्दती निक्षेप र ऋणपत्रमा लगानी:

लेखा निती

कम्पनीले डिबेन्चर , **मुद्दती** निक्षेप र लगानीलाई शुरुमा Fair Value मा र पछि Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गर्दछ। कम्पनीले यी लगानीहरू परिपक्व अवधिसम्म राख्ने गरेको छ। कम्पनीको व्यवसायीक स्वरुप हेर्दा यस्ता लगानीहरूमा साँवा र ब्याज प्राप्त गर्ने उद्देश्य मात्र देखिन्छ।

मुद्दती निक्षेप:

बैंकहरूमा गरिएको **मुद्दती** निक्षेपहरू र डिबेन्चर लगानीहरू निश्चित कुपन ब्याज दरमा गरिएको हुन्छ र Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गरिन्छ। कम्पनीको व्यवसायीक स्वरुप हेर्दो यी वित्तीय सम्पत्तिहरूबाट कम्पनीले अन्य कुनै लागत वा प्रिमियम/छुटहरू बाहेक केवल अनुबंधात्मक नगद प्रवाहहरू मात्र प्राप्त गर्दछ। तसर्थ, Intrinsic

कुपन दरलाई नै सबै **मुद्दती** निक्षेप र डिबेन्चरमा लगानीका लागि Effective Interest को रूपमा लिइन्छ। निक्षेपको परिपक्व अवधिको आधारमा यी वित्तीय सम्पत्तिहरुलाई चालु सम्पत्तिहरूको रूपमा वर्गीकृत गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरु :

कम्पनीले नेपालका सरकारी तथा 'क' वर्गका वाणिज्य बैंकहरुको मुद्दती निक्षेप तथा ऋणपत्रमा मात्र लगानी गर्छ। यी बैंकहरू नेपालको केन्द्रीय बैंकको नियमन तथा कडा निगरानीमा रहेका छन्। त्यसकारण, यी उपकरणहरूमा गरिएको लगानी पुनः प्राप्ति नहुने जोखिम न्यून रहेको छ। यसको अतिरिक्त कुनै अन्य वृद्धिशील लागतहरू नभएको अवस्थामा यी उपकरणहरूमा निहित ब्याज दर, ऋण जोखिम र पैसाको समय मुल्य समायोजन सहितको Effective Interest Rate हो।

कम्पनीले ३.५ अर्ब रुपैयाँ र १ करोड अमेरिकी डलरको मुद्दती निक्षेपलाई बैंकले जारी गरेको प्रतितपत्रको लागि धितो राखेको छ।

डिबेन्चरमा सावित्र निक्षेप र लगानी: रुपैयामा

	समुह		कम्पनी	
	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
सरकारी तथा संस्थागत ऋणपत्र				
नेपाल राष्ट्र बैंकबाट "क" बर्गको इजाजत प्राप्त वाणिज्य बैंकहरुमा	२,११५,१६१,०००		२,११५,१६१,०००	१,४०४,४८८,०००
वाणिज्य बैंकहरु संग अवधि निक्षेप				
बैदेशिक मुद्रा (US$)	७,०२३,३६०,०००		७,०२३,३६०,०००	६,७४०,७२०,०००
नेपाली मुद्रा	३३,२४०,०००,०००		३२,९००,०००,०००	३४,९५०,०००,०००
	४२,३७८,५२१,०००		**४२,०३८,५२१,०००**	**४३,०९५,२०८,०००**
चालू	४०,२६३,३६०,०००		३९,९२३,३६०,०००	४१,६९०,७२०,०००
गैर चालू	२,११५,१६१,०००		२,११५,१६१,०००	१,४०४,४८८,०००
जम्मा	**४२,३७८,५२१,०००**	-	**४२,०३८,५२१,०००**	**४३,०९५,२०८,०००**

९.१.६ ऋण लगानी

कम्पनीले ऋण लगानीलाई शुरुमा Fair Value मा र पछि परिशोधित लागतमा Effective Interest Rate को प्रयोग गरी लेखाङ्कन गर्दछ। कम्पनीले यी लगानीहरू परिपक्व अबधिसम्म कायम राख्दछ। साँवा र ब्याज प्राप्त गर्ने उद्देश्यले मात्र यी लगानीहरू राख्नु कम्पनीको व्यवसायीक उदेश्य हो।

व्याख्यात्मक टिप्पणीहरु :

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडलाई प्रदान गरिएको कर्जा लगानीमा रु १,०७३,५०७,६२१ (स्रोतमा कर कट्टी पछिको खुद ब्याज) रकम ऋण सम्झौता अनुसार पूँजीकरण गरिएको छ। शुरु मौज्दात ब्यालेन्स, वर्षको अतिरिक्त कर्जा लगानी र वर्षको अन्त्यमा पूँजीकृत ब्याज र सेवा शुल्क सहित कुल बक्यौता रु १४,०२०,१३८,५०८ छ।

अपर तामाकोशी हाइड्रोपावरको ऋण लगानीमा Expected Credit Loss (ECL):

Impairment नीति:

यी न्यून जोखिम भएको परिशोधित लागतमा ऋण लगानीहरू हुन् त्यसैले १२ महिनाको Expected Credit Loss लाई आधार मानी Impairment निर्धारण गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरु :

४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना (UTKHEP) लाई नेपाल विद्युत प्राधिकरणको कर्पोरेट ग्यारेन्टी सहितको ऋणको रुपमा विकास गर्न माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडमा ऋण लगानी गरिएको हो। माथिल्लो

तामाकोशी हाइड्रोपावर लिमिटेडको हाल र भविष्यमा स्वामित्वमा रहेको जग्गा, सम्पत्ति, प्लान्ट र उपकरण नेपाल दूरसंचार कम्पनी लिमिटेड, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको नाममा धितो राखेर ऋण लिएको छ। यी संस्थाहरूको ऋण लगानीको पुनःप्राप्ति परियोजनाको शुरुवातमा सम्पन्न भएको विद्युत खरिद सम्झौता (पीपीए) अन्तर्गत नेपाल विद्युत प्राधिकरणलाई ऊर्जा बिक्रीबाट प्राप्त हुने नगद प्रवाहबाट सुरक्षित हुन्छ। आयोजनाले २०७८ भाद्र २५ गतेबाट पूर्ण रूपमा व्यावसायिक सञ्चालन शुरु गरेको र आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रैमासिकको अन्तरिम वित्तीय प्रतिवेदनमा सकारात्मक नगद प्रवाह रहेको छ। आयोजना सम्पन्न गर्न कम्पनीले यो आर्थिक वर्षमा १ अर्ब ५० करोड रुपैयाँ थप ऋण लगानी उपलब्ध गराएको छ।

उपर्युक्त कारणहरुले गर्दा माथिल्लो तामाकोशी जलविद्युत आयोजनामा गरिएको ऋण लगानीमा हुन सक्ने ऋण जोखिम प्रारम्भ देखि खासै वृद्धि भएको छैन। त्यसैले १२ महिनाको Expected Credit Loss लाई आधार मानेर Impairment निर्धारण गरिएको छ। कम्पनीले ऋण लगानीको परिशोधित लागतमा ५% Expected Credit Loss (ECL) उपलब्ध गराएको छ।

ऋण लगानी

रुपैयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडमा ऋण लगानी	१४,०२०,१३८,५०८		१४,०२०,१३८,५०८	११,४५०,३८०,८८७
Less: Expected Credit Loss	(७०१,००६,९२५)		(७०१,००६,९२५)	(५७२,५१९,०४४)
खुद लगानी	**१३,३१९,१३१,५८३**	-	**१३,३१९,१३१,५८३**	**१०,८७७,८६१,८४३**

९.१.७ नगद र नगद सरहका सम्पत्ती

लेखा निती

नगद र नगद सरहका सम्पत्तिहरुमा शुरुमा Fair Value मा र पछि नाफा वा नोक्सान मार्फत Fair Value मा लेखाङ्कन गरि मौज्दात मुल्यमा प्रस्तुत गरिएका छ्। नगद र नगद सरहको मौज्दात रकम तिनीहरूको Fair Value समान छ।

व्याख्यात्मक टिप्पणीहरु :

नगद वा नगद सरह

रुपैयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
बैंक मौज्दात				
ब्याज आर्जन हुने	१०,८८६,३२५,०७१		१०,८६९,८६९,४२०	११,३९९,९४१,६११
ब्याज आर्जन नहुने	१०,२४३,६१८		१०,२३५,६१८	१०,२३५,६१८
नगद मौज्दात	१४,१७६		१३,०४१	३७,८८४
	१०,८९६,५८२,८६४		**१०,८८०,११८,०७९**	**११,४१०,२१५,११३**
नगद वा नगद सरहमा सटही दर परिवर्तनको प्रभाव	(१६५,६५५,४११)		(१६५,६५५,४११)	५०२,१६७,६१६
जम्मा	**१०,७३०,९२७,४५३**	-	**१०,७१४,४६२,६६८**	**११,९१२,३८२,७२८**

नगद र नगद सरहको परिपक्व अवधि तीन महिना भन्दा कम छ जसले कम्पनीलाई अल्पकालिन तरलता आवश्यकताहरू पूरा गर्न सक्षम बनाउँछ। कम्पनीको अधिकांश नगद र नगद सरहका सम्पत्तिहरुमा वाणिज्य बैंकहरूसँग ब्याज प्राप्त हुने गरि गरिएका कल निक्षेपहरू समावेश छन् जसमा मुल्य परिवर्तनको जोखिम नगण्य रहेको छ्। यसमा नगद मौज्दात र चेकहरू समेत समावेश छन्।

नगद र नगद सरहको रुपमा बैंकहरूमा रहेको विदेशी मुद्राको मौज्दातलाई विवरण प्रस्तुत गरिएको वर्षको अन्तिम विनिमय दरहरूको आधारमा कम्पनीको कारोवार मुद्रामा रूपान्तरण गरि हुन आउने विदेशी विनिमय लाभरहानी लाई नाफा वा नोक्सान खातामा मा लेखाङ्कन गरिएको छ।

नगद र बैंक ब्यालेन्समा पैसाको समय मुल्य र मुद्रास्फीति अवमुल्यनको जोखिम रहन्छ जुन जोखिम बैंक निक्षेपहरूबाट प्राप्त ब्याजबाट मात्र पूर्ण रूपमा पूर्ती गर्न सकिदैन।

९.२ वित्तीय दायित्वहरू

(i) **वर्गीकरण**

कम्पनीले निम्नानुसार बाहेकका सबै वित्तीय दायित्वहरूलाई पछि परिशोधित लागतमा मापन गर्ने गरि वर्गीकरण गरेको छ :

- Fair Value मा नाफा वा नोक्सानमा भार पारिएका वित्तीय दायित्वहरू। त्यस्ता दायित्वहरू तथा दायित्वका डेरिभेटिभहरू समेत पछि Fair Value मा मापन गरिनेछ।
- वित्तीय ग्यारेन्टी अनुबंधहरू

वित्तीय दायित्व Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गरिएको छ। कम्पनीले भविष्यको भुक्तानी र परिशोधित लागतको गणनाको लागि छुट दरलाई आधार लिएको छ। Effective Interest को रकमलाई नाफा वा नोक्सानमा देखाइएको छ।

(ii) **मापन**

सबै वित्तीय दायित्वहरू तिनीहरूको शुरुवाती लेखाङ्कन Fair Value मा गरिएको छ भने पछिको मापन वित्तीय दायित्वहरूको वर्गीकरणमा निर्भर गर्दछ।

(iii) **वित्तीय दायित्वको अमान्यता**

वित्तीय दायित्वहरु समाप्त गर्दा वा रद्द वा म्याद सकिएको अवस्थामा अमान्य गरिन्छ। विद्यमान वित्तीय दायित्वलाई एउटै ऋणदाताबाट फरक सर्तहरूमा प्रतिस्थापन गरिन्छ, वा सर्तहरू प्रयाप्त रूपमा परिमार्जन गरिन्छ भने यस्तो सट्टपट्टा वा परिमार्जनलाई दायित्व मानी विद्यमान वित्तीय दायित्वलाई अमान्य गरिन्छ। नयाँ दायित्व र सम्बन्धित शीर्षकको फरक रकमलाई नाफा वा नोक्सानको विवरणमा उल्लेख गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरु :

कम्पनीको वित्तीय दायित्वहरू Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा प्रस्तुत गरिएको छ।

रुपैंयामा

वित्तीय दायित्वहरू (आ.व.२०७७.७८)	FVtPL	Amortised cost	जम्मा
ग्राहक धरौटी		२,१४९,२९२,२६१	२,१४९,२९२,२६१
GSM लाईसेन्स नवीकरण शुल्क		७,०६५,६५१,५७८	७,०६५,६५१,५७८
चालू दायित्वहरू		१३,२११,९४७,५४१	१३,२११,९४७,५४१
ब्यवसायीक भुक्तानीयोग्य		१,६०१,५५७,८२०	१,६०१,५५७,८२०
जम्मा	-	२४,०२८,४४९,२००	२४,०२८,४४९,२००

रुपैंयामा

वित्तीय दायित्वहरू (आ.व.२०७६.७७)	FVtPL	Amortised cost	जम्मा
ग्राहक धरौटी		२,२६१,५१३,५०२	२,२६१,५१३,५०२
GSM लाईसेन्स नवीकरण शुल्क		१०,२१०,९७३,६८३	१०,२१०,९७३,६८३
चालू दायित्वहरू		१४,०१२,१३१,०५१	१४,०१२,१३१,०५१
ब्यवसायीक भुक्तानीयोग्य		७३३,३८९,५४०	७३३,३८९,५४०
जम्मा	-	२७,२१८,००७,७७६	२७,२१८,००७,७७६

९.२.१ ग्राहक धरौटी

व्याख्यात्मक टिप्पणीहरु:

ग्राहक धरौटीहरू भन्नाले कम्पनीको सेवा नीतिहरू बमोजिम ग्राहकहरुलाई प्रदान गरिने सेवाहरूको लागि लिइने धरौटीहरु हुन्

जसमा ग्राहकहरूले उपलब्ध गराइएका सेवाहरूको लागि प्रदान गरिने क्रेडिट सीमा र लिइएका ग्राहक धरौटीहरु समावेश हुन्छन। कम्पनीले धरौटीमा ३ प्रतिशत मात्र ब्याज भुक्तानी गर्दछ। त्यस्ता धरौटीमा स्वीकृत मापदण्ड अनुसार लाग्ने ब्याजलाई वित्तीय लागतको रूपमा नाफा वा नोक्सानको विवरणमा उल्लेख गरिन्छ।

ग्राहक धरौटी

रुपैयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
ग्राहक धरौटी र उधारो सिमा	२,१४९,२९२,२६१		२,१४९,२९२,२६१	२,२६१,५१३,५०२
जम्मा	२,१४९,२९२,२६१	-	२,१४९,२९२,२६१	२,२६१,५१३,५०२

सामान्यतया ग्राहकहरुद्वारा सेवा बन्द गरे पश्चात केवल नाममात्रको ग्राहक धरौटी धरौटी मुल्यबाट घटाइन्छ। धरौटीको सम्भावित भविष्यको भुक्तानी अनुमान गर्न नसकिने हुँदा सम्पूर्ण ग्राहक धरौटी गैर-चालु धरौटीमा वर्गीकृत गरि लेखाङ्कन गरिएको छ।

९.२.२ जीएसएम लाइसेन्स नवीकरण शुल्कको दायित्व

व्याख्यात्मक टिप्पणीहरु :

जी. एस. एम. लाइसेन्स दोस्रो नवीकरण दायित्व

कम्पनीको जीएसएम लाइसेन्सको दोस्रो नवीकरण शुल्क वापत रु. २० अर्ब (पहिले नै भुक्तानी गरेको रकम रु १८९ मिलियन कट्टा गरी बाँकी रकम) तिर्नुपर्ने दायित्व थियो। तर, नेपाल सरकारले दोस्रो नवीकरण शुल्कको बाँकी रकम रु ३,९६२,२०० हजार प्रति किस्ताको दरले पाँच वर्षमा तिर्नुपर्ने गरि समय निर्धारण गरेको छ। नवीकरण शुल्कको दायित्वलाई Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गरिएको छ। कम्पनीले भविष्यको भुक्तानी र परिशोधित लागतको गणनाको लागि ८% छुट दर प्रयोग गरेको छ। Effective Interest रकमलाई नाफा वा नोक्सान खातामा प्रस्तुत गरिएको छ।

जि.एस.एम.नबिकरण दस्तुर दायित्व

रुपैयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
कुल रकम	७,९२४,४००,०००		७,९२४,४००,०००	११,८८६,६००,०००
छुट	(८५८,७४८,४२२)		(८५८,७४८,४२२)	(१,६७५,६२६,३१७)
	७,०६५,६५१,५७८		७,०६५,६५१,५७८	१०,२१०,९७३,६८३

रुपैयामा

चालु अंश	३,९६२,२००,०००		३,९६२,२००,०००	३,९६२,२००,०००
गैह् चाल अंश	३,१०३,४५१,५७८		३,१०३,४५१,५७८	६,२४८,७७३,६८३
जम्मा जि.एस.एम. नबिकरण दस्तुर दायित्व	७,०६५,६५१,५७८	-	७,०६५,६५१,५७८	१०,२१०,९७३,६८३

९.२.३ व्यावसयीक भुक्तानी बाँकी

व्यवसायीक भुक्तानीले आर्थिक बर्षको अन्त्य हुनु अघि अन्तरआबद्ध टेलिकम अपरेटरबाट प्राप्त सेवाहरू वापतको भुक्तानी बाँकी दायित्वहरूको प्रतिनिधित्व गर्दछ। प्रतिवेदन अवधि पछि १२ महिना भित्र भुक्तान बाँकी नभएसम्म व्यापार भुक्तान योग्यहरूलाई हालको दायित्वको रूपमा वर्गीकृत गरिन्छ। अन्यथा, तिनीहरू गैर-वर्तमान दायित्वहरूको रूपमा प्रस्तुत हुन्छन्। व्यापारिक भुक्तानीयोग्यहरू शुरुमा Fair Value मा पहिचान गरिन्छ र पछि Effective Interest Rate प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरु

ब्यापारिक भुक्तनीयोग्य रुपैंयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
ब्यान्डविथ सेवाको लागि भुक्तान योग्य	१,१७४,५६५,२७६		१,१७४,५६५,२७६	५७७,१७१,७१६
इन्टरकनेक्शन सेवाको लागि भुक्तान योग्य	४२६,९९२,५४४		४२६,९९२,५४४	१५६,२१७,८२४
जम्मा	१,६०१,५५७,८२०	-	१,६०१,५५७,८२०	७३३,३८९,५४०

९.२.४ चालु दायित्व

चालु दायित्व र अन्य भुक्तानीहरू लागतमा रेकर्ड गरिएका छन् । उनीहरुलाई व्यवसायको सामान्य अबधि १२ महिना भित्रमा राफसाफ गर्ने अपेक्षा गरिएको छ। यसमा बाँकी रकमले परिशोधित लागतलाई प्रतिनिधित्व गर्दछ।

व्याख्यात्मक टिप्पणीहरु

चालु दायित्वहरु रुपैंयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
आपुर्तिकर्ताहरु	१२,१०३,९४५,०९९		११,९६६,४७०,२४२	१२,४४७,५०६,५२८
आयसंग सम्बन्धित अग्रिम कार्य	९८२,०१४,७३४		९८२,०१४,७३४	१,३३४,४००,९०९
अन्य दायित्वहरु	२६३,६२३,१९७		२६३,४६२,५६५	२३०,२२३,६१४
जम्मा	१३,३४९,५८३,०३०	-	१३,२११,९४७,५४१	१४,०१२,१३१,०५१

९.३ वित्तीय उपकरणहरूको समायोजन:

वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू समायोजन गरी खुद रकम वित्तीय विवरणमा प्रस्तुत गरिएको छ। यदि रकम समायोजन गर्न मान्यता प्राप्त अधिकार छ भने क्रमश सम्पत्ती तथा दायित्वहरु एकै साथ खुदको आधारमा समायोजन गरिन्छ।

९.४ वित्तीय ग्यारेन्टी सम्झौताहरु:

वित्तीय ग्यारेन्टी सम्झौताहरु ग्यारेन्टी जारी भएको समयमा वित्तीय दायित्वको रूपमा मान्यता प्राप्त गर्दछन् । दायित्व शुरुमा Fair Value मापन गरिन्छ। वित्तीय ग्यारेन्टी सम्झौताको Fair Value, ऋण उपकरण अन्तर्गत आवश्यक खुद अनुबंधीय नगद प्रवाह र ग्यारेन्टी बिना आवश्यक हुने खुद अनुबंधात्मक नगद प्रवाह बीचको भिन्नताको वर्तमान मुल्य हो । वर्तमान मुल्य जोखिम मुक्त ब्याज दर प्रयोग गरेर गणना गरिन्छ।

प्रत्येक पछिल्ला रिपोर्टिङ अवधिको अन्त्यमा वित्तीय ग्यारेन्टीहरू निम्न अवस्था मध्येको उच्च रकममा मापन गरिन्छः
- हानि वापतको व्यवस्था को रकम र
- उपयुक्त भएसम्म शुरुमा पहिचान गरिएको रकममा संचयी परिशोधन घटाई

प्रत्येक पछिको रिपोर्टिङ अवधिमा नोक्सान वापत व्यवस्था रकम प्रारम्भमा १२ महिनाको Expected Credit Loss बराबर हुन्छ। यद्यपि, ऋणीले सम्झौतामा पूर्वनिर्धारित सर्तहरुको पालना गर्न नसक्ने जोखिममा उल्लेख्य वृद्धि भएको छ भने यस्तो गणना आजीवन Expected Credit Loss बराबर हुन्छ।
वित्तीय ग्यारेन्टी सम्झौताको लागि Expected Credit Loss भनेको नगद प्रवाहको लागि विशिष्ट जोखिमहरूद्वारा समायोजित नगद कमी हो।
नगद अभावहरू निम्न बीचको भिन्नता हो-
क्रेडिट हानिका धारकलाई क्षतिपूर्ति गर्न अपेक्षित भुक्तानीहरू र
कुनै पनि रकम जुन एक संस्थाले धारक, ऋणी वा अन्य कुनै पक्षबाट प्राप्त गर्ने अपेक्षा गर्दछ

व्याख्यात्मक टिप्पणीहरू:

कम्पनीले त्रिशूली ३ बी जलविद्युत परियोजनाको वित्तपोषणका लागि आफ्नो सहायक कम्पनी त्रिशूली जलविद्युत कम्पनी लिमिटेडको इक्विटी शेयर लगानी नबिल बैंक लिमिटेडलाई वित्तीय ग्यारेन्टी दिएको प्रतिज्ञा गरेको छ।

९.५ वित्तीय जोखिम व्यवस्थापन

कम्पनीको व्यापार गतिविधिहरूले विभिन्न वित्तीय जोखिमहरू निम्त्याउछ : क्रेडिट जोखिम, तरलता जोखिम, बजार जोखिम (विदेशी मुद्रा जोखिम, ब्याज जोखिम) जसको कारणले कम्पनीको वित्तीय उपकरणहरूको Fair Value लाई प्रतिकूल असर पार्न सक्छ। जोखिम व्यवस्थापन अप्रत्याशित वित्तीय हानिमा केन्द्रित हुन्छ र कम्पनीको कार्यसम्पादनमा पर्न सक्ने सम्भावित प्रतिकूल प्रभावलाई कम गर्न खोज्दछ।

कम्पनीको जोखिम व्यवस्थापनको स्थापना र निरीक्षण गर्न कम्पनीको बोर्ड र उच्च व्यवस्थापनको मुख्य जिम्मेवारी रहन्छ। कम्पनीको जोखिम व्यवस्थापन नीतिहरू कम्पनीले सामना गर्ने जोखिमहरू पहिचान गर्न, विश्लेषण गर्न, उपयुक्त जोखिम सीमा र नियन्त्रणहरू निर्धारण गर्न, जोखिमहरू र सीमाहरूको पालनाको अनुगमन गर्न स्थापना गरिन्छ।

जोखिम व्यवस्थापन नीति, अभ्यास र प्रणालीहरू, बजार अवस्था र कम्पनीका गतिविधिहरूमा हुने परिवर्तनहरू प्रतिबिम्बित गर्न नियमित रूपमा समीक्षा गरिन्छ। कम्पनीको व्यवस्थापनद्वारा कम्पनीको वित्तीय जोखिमयुक्त गतिविधिहरूलाई उपयुक्त अभ्यास र प्रक्रियाहरू अबलम्बन गरी कम्पनीको उद्देश्यहरू अनुसार पहिचान, मापन र व्यवस्थापन हुन्छ भन्ने प्रत्याभुती दिन जोखिमहरुको व्यवस्थापन गरिन्छ।

ऋण जोखिम :

ऋण जोखिम भनेको काउन्टरपार्टीबाट वित्तीय उपकरणहरूमा उत्पन्न हुने वित्तीय नोक्सानको जोखिम हो। यदि पार्टीले सम्झौताका सर्तहरू वा दायित्वहरू अनुसार ऋण चुक्ता गर्न वा सेवा दिन असफल भयो भने ऋण जोखिम उत्पन्न हुन्छ। क्रेडिट जोखिमले पूर्वनिर्धारितको प्रत्यक्ष जोखिम र ऋणको योग्यतामा ह्रासको जोखिम साथै Concentration जोखिम दुवैलाई जनाउँछ।

मुख्यतया क्रेडिट जोखिमको केन्द्रिकृतताको अधीनमा रहने वित्तीय उपकरणहरूमा ऋण उपकरणहरूमा लगानी, ब्यापारिक प्राप्य, आवधिक निक्षेप, अग्रिम भुक्तानी, अन्य प्राप्य र कर्मचारीहरूलाई दिइएको ऋण समावेश हुन्छन । बैंकहरूमा रहेको मुद्दती निक्षेपहरूले क्रेडिट जोखिमहरू प्रति बिशेष ध्यानआकर्षण गराउँदछ ।

कम्पनीको ऋण जोखिम मुख्यतया वित्तीय साधनमा संलग्न प्रत्येक प्रतिपक्षको व्यक्तिगत विशेषताहरूद्वारा प्रभावित हुन्छ। ब्यवसायीक प्राप्यहरूको जोखिम नियन्त्रणको उद्देश्यका लागि, प्रत्येक ग्राहकको क्रेडिट सीमा र निक्षेपहरू स्थापना गरिन्छ, जसमा क्रेडिट सीमाले एक बिल चक्रको लागि अधिकतम रकमको प्रतिनिधित्व गर्दछ। कर्जा लगानीका लागि हाल र भविष्यमा स्वामित्व हुने प्लान्ट तथा उपकरण धितो राखी संस्थागत ग्यारेन्टी लिइएको छ।

तरलता जोखिम

तरलता जोखिम भनेको अस्वीकार्य नोक्सान नगरीकन कम्पनीले आफ्नो वित्तीय दायित्वहरू पूरा गर्न सक्षम नहुने अवस्था हो। तरलता जोखिम व्यवस्थापनको उद्देश्य पर्याप्त तरलता कायम राख्नु र आवश्यकता अनुसार प्रयोगको लागि कोष उपलब्ध छ भनी सुनिश्चित गर्नु हो। कम्पनीले अस्वीकार्य हानिको सामना नगरी सबै दायित्वहरू पूरा गर्न पर्याप्त तरलता सुनिश्चित गर्न तरलता व्यवस्थापन गर्दछ। कार्यशील पूँजी र ऋण प्रतिबद्धता सहितका अन्य परिचालन आवश्यकताहरू पुरा गर्न छुट्याइएको रकम बाहेक लगानीमा प्रतिफल अधिकतम बनाउन कुनै पनि छोटो अवधिको बचतलाई नगद र नगद समतुल्य (आवश्यक हदसम्म) को रूपमा राखिन्छ र कुनै पनि अतिरिक्त ब्याज वहन गर्ने आवधिक निक्षेपहरूमा लगानी गरिएको छ।

बजार जोखिम:

बजार जोखिम भनेको बजार मुल्यमा हुने परिवर्तनसँग सम्बन्धित जोखिम हो, जस्तै ब्याजदर, विदेशी विनिमय दर र अन्य आर्थिक परिदृश्यहरु हुन। बजार जोखिम व्यवस्थापनको उद्देश्य स्वीकार्य मापदण्डहरू भित्र रही बजार जोखिम व्यवस्थापन र नियन्त्रण गर्नु हो।

I) **ब्याज दर जोखिम**

ब्याजदर जोखिम भनेको बजार ब्याज दरमा भएको परिवर्तनको कारणले वित्तीय साधनको Fair Value वा भविष्यको नगद प्रवाहमा उतारचढाव हुने जोखिम हो। वजार दरहरूमा कुनै पनि गतिविधीले कम्पनीको नगद प्रवाह र लागतहरूमा प्रभाव पार्न सक्छ।

कम्पनीको राजस्व विभागले ब्याजदरको उतारचढावको परिणाम स्वरूप वित्तीय प्रभाव कम गर्न ब्याजदर जोखिम व्यवस्थापन गर्दछ। कम्पनीले लगानीको अनुगमन गर्न र लगानी विविधीकरण प्रयासलाई सहजीकरण गर्न नीति तथा कार्यविधि बनाएको छ।

कम्पनीसंग नगद र नगद बराबर, आवधिक निक्षेप, ऋण लगानी र ऋणपत्रमा लगानी जस्ता परिवर्तनशील ब्याज दर वहन गर्ने सम्पत्तिहरू छन्। कम्पनीको ब्याजदर जोखिम मुख्यतया वित्तीय सम्पत्तिसँग सम्बन्धित छ।

II) **विदेशी मुद्रा जोखिम:**

कम्पनीले आफ्नो संचालन मुद्रा NPR बाहेक अन्य मुद्रामा कारोवारहरु गर्दा विदेशी मुद्रा जोखिम रहन्छ। मुद्रा जोखिमहरू बढाउने दुई प्रमुख मुद्राहरू यूएस डलर (USD) र यूरो (EURO) हुन्। यद्यपि, कम्पनीले त्यस्ता जोखिमहरूलाई कम गर्न कुनै पनि Forward Contracts गरेको छैन तसर्थ कम्पनी जोखिमको अधीनमा छ। विदेशी मुद्रा मुल्यमा हुने परिवर्तनहरूले कम्पनीको अन्तरआवद्धता लेनदेनहरू, USD Term deposit, वस्तुहरूको आयात, प्लान्ट तथा उपकरण र सेवाहरू सम्बन्धी कारोवारहरुलाई प्रभाव पार्दछ। कम्पनीले विनिमय दरमा भएका परिवर्तनहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न बजारको आर्थिक गतिविधि र बजारमा मुद्राको उतार-चढावलाई नजिकबाट निगरानी गर्ने गरेको छ।

१० प्रावधानहरू

लेखा नीति

विगतका घटनाहरुको परिणाम स्वरुप सिर्जना भएका कम्पनीका वर्तमान कानूनी वा रचनात्मक दायित्वहरुलाई प्रावधानको रुपमा लेखाङ्कन गरिन्छ। यस्ता दायित्वहरुलाई बहिर्गमित स्रोतहरुबाट प्राप्त आर्थिक लाभबाट फरफारक गर्न सम्भव हुनुको साथै विश्वसनीय रुपमा दायित्वको रकम अनुमान गर्न सकिन्छ।

व्याख्यात्मक टिप्पणीहरू:

व्यवस्थाहरू भनेको भुक्तानी समय तथा रकमको अनिश्चितता भएको दायित्वको रकम हो। यसको भुक्तानीमा कम्पनीको कानूनी तथा श्रृजित दायित्व (Constructive Obligation) हुने गर्दछ। व्यवस्थाहरूको गणना कानूनी व्यवस्था तथा कम्पनीको विनियमावली अनुसार गरिन्छ। यसको भुक्तानी समय तथा रकमको लागि थप स्वीकृती आवश्यक पर्ने हुन सक्छ। कम्पनीले यी दायित्वहरू १२ महिनाको अवधिमा राफसाफ हुने अनुमान गरेको छ, तसर्थ यसमा कुनै डिस्काउन्टिङ गरिएको छैन। यसको बाँकी मुल्यले यसको परिशोधित लागतको प्रतिनिधित्व गर्दछ।

व्यवस्थाको रकम लेखाङ्कन यी दायित्व राफसाफ गर्न प्रतिवेदन मितिमा आवश्यक पर्ने व्यय रकम व्यवस्थापनको उत्तम अनुमानमा आधारित छ। व्यवस्थापनले व्यवस्था रकमलाई प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गर्ने गर्दछ र उत्तम अनुमान प्रस्तुत गर्न समायोजन समेत गर्ने गर्दछ। यदि दायित्व राफसाफ गर्न कुनै वित्तीयश्रोतहरुको हस्तान्तरण आवश्यक नपर्ने अवस्था आएमा व्यवस्थालाई उल्ट्याउने गरिन्छ।

व्यवस्थाहरू रुपैयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
GSM नबिकरण दस्तुरको व्यवस्था	८,७२३,२८७,६७१		८,७२३,२८७,६७१	४,७२३,२८७,६७१
जम्मा	८,७२३,२८७,६७१	-	८,७२३,२८७,६७१	४,७२३,२८७,६७१

२०७६/१०/२८ मा बाँकी रहेको GSM लाइसेन्सको तेस्रो नवीकरणशुल्क अझै अनिश्चित छ र स्पष्ट हुन बाँकी छ। नेपाल सरकारको २०७६/०२/१० को निर्णय बमोजिम कम्पनीले आर्थिक वर्ष २०७५-७६ मा १८ करोड ९० लाख रुपैयाँ भुक्तानी

गरि लाइसेन्स नवीकरण गरेको थियो। विगतको दायित्वका आधारमा चालु आर्थिक वर्षको अन्त्यसम्मको व्यवस्था गरिएको छ।

११ सम्पत्ति र दायित्वहरूको वास्तविक मुल्य मापन

नेपाल वित्तीय प्रतिवेदन मान १३ अनुसार कम्पनीले आफ्नो सम्पत्ति तथा दायित्वहरूलाई Fair Value प्रयोग गरी तीन तहहरूमा विभाजन गरेको छ। सम्पत्ति तथा दायित्व जसलाई तह १ मा वर्गीकरण गरिएको छ, त्यसलाई Quoted Market Price को आधारमा मुल्याङ्कन गरिएको छ र त्यसकारण Fair value निर्धारणमा न्यून अनुमानको प्रयोग गरिएको छ। तर सम्पत्ति तथा दायित्वको Fair value तह २ तथा तह ३ मा निर्धारण गरिएको खण्डमा नगद प्रवाहलाई डिस्काउन्टिङ गरी विश्लेषण वा अन्य मुल्याङ्कन मोडेलबाट मुल्याङ्कन गरिएको छ। यस लगायत सुरक्षण नभएको सम्पत्तिमा बजारको अभ्यासअनुसार कम्पनीले क्रेडिट, डेविट तथा कोष मुल्याङ्कन समायोजन गरी सहि मुल्य निर्धारण गर्ने गरेको छ। यी समायोजनको विवरण तल प्रस्तुत गरिएको छ।

यी मुल्याङ्कन विधिमा सम्पत्ति वा दायित्व निर्धारणको जटिलता तथा बजार निरीक्षण सूचनाको उपलब्धताको समेत विचार गरि व्यवस्थापनको निर्णय तथा अनुमानहरु समावेश गरिन्छ। तह २ को सम्पत्ति तथा दायित्वहरूको मुल्याङ्कन विधिमा बजार निरीक्षण सूचनालाई Input को रूपमा प्रयोग गरिन्छ। तह ३ को सम्पत्ति तथा दायित्वमा सम्पत्ति तथा दायित्वको मुल्याङ्कनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तर अवलोकनयोग्य बजार सूचनाको आधार नभएको कम्तीमा एउटा Input रहन्छ। तह ३ को सम्पत्ति तथा दायित्वमा प्रयोग गर्ने उपयुक्त पूर्वधारणा निर्धारणको लागी व्यवस्थापनको महत्वपूर्ण निर्णय आवश्यकता पर्दछ। कम्पनीको तह ३ को सम्पत्ति तथा दायित्वको विवरण तथा सो को मुल्याङ्कनको संवेदनशिलता लगायत सम्भावित विकल्प पूर्वधारणा प्रयोग गरी Fair value निर्धारण गर्दाको प्रभाव लागु भएको ठाँउमा खुलाइएको छ।

११.१ वित्तीय सम्पत्ति र दायित्वहरूको Fair value मापन

सम्पत्ति तथा दायित्वहरूलाई Fair value वा जसको लागि Fair value खुलाइएको छ, त्यसलाई संख्या तथा प्रयोग गरिएको सूचनाको विश्वसनीयताको आधारमा Fair value निर्धारणको लागि ३ तहहरूमा वर्गीकरण गरिएको छ।

तह १

तह १ Fair value मापनहरू सक्रिय बजारबाट समान सम्पत्ति वा दायित्वहरूको प्राप्त असमायोजित Quoted Price को आधारमा निकालिएको छ। तह १ मा वर्गीकरण गरिएको कुराहरू विशेष गरि साधारण शेयर, ट्रेजरी विलहरू तथा नेपाल सरकारबाट जारी गरिएको धितोपत्रहरू छन्।

तह २

तह २ मुल्याङ्कन जसका लागि आवश्यक Quoted Price बजार मुल्यहरू उपलब्ध छैन। उदाहरणको लागि कुनै उपकरणको विनिमय हुने बजारलाई सक्रिय मानिएको छैन वा Fair Value निर्धारण गर्ने मुल्याङ्कन विधिलाई मानिएको छैन र यी विधिहरूले प्रयोग गर्ने Input प्रमुख गरी निरीक्षण बजार सूचनामा आधारित रहने गर्दछ। यी उपकरणहरूको उदाहरणमा Over the Counter Derivative, वित्तीय संस्थाले जारी गरेको धितोपत्र, निक्षेपको प्रमाणपत्र तथा सम्पत्तिको सुरक्षणमा रहेको धितोपत्रलाई जनाउँदछ।

तह ३

तह ३ को सम्पत्ति तथा दायित्व जसमा कम्तीमा एक Input बजार निरीक्षण सूचनाको आधारमा हुदैन तर सम्पत्ति तथा दायित्वको मुल्याङ्कनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तह ३ को सम्पत्ति तथा दायित्व मुल्याङ्कनमा प्रयोग गर्ने उपयुक्त पूर्वधारणा निर्धारणको लागी आर्जन तथा अनुमानित भविष्यको नगद प्रवाहको सम्बन्धमा व्यवस्थापनको महत्वपूर्ण निर्णय आवश्यकता पर्दछ।

रुपैंयामा

सम्पत्ती तथा दायित्वहरु आ.व.२०७७.७८	अ.ल्या. (वास्तविक मुल्य)	उद्धृत बजार मुल्य (लेभल १)	अवलोकनयोग्य थपहरु (लेभल २)	अवलोकन नहुने थपहरु (लेभल ३)
जमिन	२१,२४५,८०६,७२०		२१,२४५,८०६,७२०	
भवन	३,२११,२४९,३९३		३,२११,२४९,३९३	
नगद वा नगद सरह	१०,७१४,४६२,६६८	१३,०४१	१०,८८०,१०५,०३८	
जम्मा	**३५,१७१,५१८,७८१**	**१३,०४१**	**३५,३३७,१६१,१५१**	-

रुपैयामा

सम्पत्ती तथा दायित्वहरु आ.व.२०७६.७७ (परिमार्जित)	अ.ल्या.	उद्धृत बजार मुल्य	अवलोकनयोग्य थपहरु	अवलोकन नहुने थपहरु
	(वास्तविक मुल्य)	(लेभल १)	(लेभल २)	(लेभल ३)
जमिन	२१,२४३,६६४,७२०		२१,२४३,६६४,७२०	
भवन	३,१०७,६९२,०१०		३,२६४,८५५,३३३	
नगद वा नगद सरह	११,९१२,३८२,७२८	३७,८८४	११,४१०,१७७,२२९	
जम्मा	**३६,२६३,७३९,४५८**	**३७,८८४**	**३५,९१८,६९७,२८२**	-

जग्गालाई Fair value मा प्रस्तुत गर्नको लागि जग्गाको पूनर्मूल्यांकन आवधिक रूपमा गरिएको छ। जग्गाको Fair value निर्धारणमा समान प्रकारको नजिकको स्थानमा अवस्थित जग्गाको मुल्यलाई आधार लिइएको छ। (नोट २)

भवन तथा भौतिक संरचनाहरुको Fair value मा विवरण प्रस्तुत गर्न कम्पनीले आवधिक रुपमा पुनर्मुल्याङ्कन गर्ने गरेको छ। भवन तथा भौतिक संरचनाहरुको Fair value निर्धारणको लागि Depreciated Replacement Cost (DRC) को प्रयोग गरिएको छ।

नगद तथा नगद सरहलाई पनि Fair value मा प्रस्तुत गरिएको छ। नगद मौज्दात उल्लिखित मुद्राको Quoted Price हो। कम्पनीले वाणिज्य बैंकहरूमा लगानी गरेको अल्पकालिन निक्षेपमा Fair value प्रस्तुत गरेको मानेको छ।

११.२ परिशोधित लागतमा लिइएको वित्तीय सम्पत्ति र दायित्वहरूको Fair value

परिशोधित लागत (Amortised Cost) मा लेखाङ्कन गरिएका वित्तीय सम्पत्ति तथा दायित्वहरूले तिनीहरूको Fair value लाई जनाउँदछ। क्रियाशिल बजारमा उपलब्ध नभएका र स्पष्ट रुपले देखिने गरी छुट्याउन नसकिने वित्तीय सम्पत्ति तथा दायित्वहरूलाई नेपाल वित्तीय प्रतिवेदन मान १३, तह ३ को अवधारणा अनूसार व्यवस्थापनले छुट नगद प्रवाहको आधारमा Fair value अनूमान गर्दछ।

१२. कर्मचारी सुविधा

लेखा नीति

कर्मचारीहरूबाट सेवा प्रदान गरेको वर्षमा नै प्रदान गरिने अल्पकालिन सेवा सुविधाहरू जस्तैः तलव भत्ता, बिदा सुविधा, अन्य भत्ता कर्मचारीहरूबाट सेवा प्रदान गरेको वर्षमा प्रदान गरिने व्यवस्था रहेको छ। साथै कम्पनीले अन्य सेवा निवृत कर्मचारीहरूको लागि परिभाषित सुविधाहरू र परिभाषित योगदानमा आधारित सेवा सुविधाहरू पनि उपलब्ध गराउने व्यवस्था गरिएको छ।

१. परिभाषित सुविधा योजना अन्तर्गत कम्पनीको सेवाबाट सेवा निवृत कर्मचारीहरूको लागि निवृत्तिभरण, उपदान, संचित बिदाको भुक्तानी लगायतका भुक्तानी समावेश हुन्छन्। उल्लिखित सुविधा कर्मचारीको सेवा अवधि, उमेर र तलब सुविधाको आधारमा निर्धारण हुन्छ।
२. परिभाषित योगदानमा आधारित निवृत्तिभरण यस्तो योजना हो जसमा कम्पनीले निश्चित रकम योगदान गरेको हुन्छ, सो बाहेक अतिरिक्त कानूनी तथा श्रृजित दायित्वको अन्य भार बहन गर्नु पर्दैन।

कम्पनीले कर्मचारीको अवकाश पछिको भुक्तानी गर्नु पर्ने रकम निर्धारण गर्न निश्चित समयमा स्वतन्त्र र बिज्ञ मुल्याङ्कनकर्ताबाट Actuarial मुल्याङ्कन गरी सोको आवधिक पुनरावलोकन गराइ अध्यावधिकसमेत गरेको छ। यसरी अध्यावधिक गर्ने प्रयोजनको लागि सम्पत्तिहरूलाई वास्तविक मुल्यमा मुल्याङ्कन गरिएको छ भने दायित्वको हकमा Actuarial मान्यताको आधारमा मुल्याङ्कन गरिएको छ। परिभाषित योगदान अवधारणा अर्न्तगतका दायित्वहरूलाई वित्तीय स्थितीको विवरण मितिको बजारदरको आधारमा कट्टा गरी समायोजन गरिएको छ। कम्पनीको आय विवरणमा उल्लिखित नाफा नोक्सानमा चालू सेवा, बिगत अवधिको सेवा र खुद ब्याज वापतको खर्च समावेश गरिएको छ। पुनर्मापन अन्तर्गत Actuarial नाफा तथा नोक्सानी र योजनाको सम्पत्तिको नाफा तथा नोक्सानी र सम्पत्ति आधारमा भएको परिवर्तनको पनि आवश्यकता अनुसार समायोजन गरी वित्तीय विवरणहरुमा समावेश गर्ने गरिएको छ। अन्य विस्तृत आयमा समावेश भएको पुनर्मुल्याङ्कनको प्रभावलाई चालू वर्षको नाफा वा नोक्सान विवरणमा समावेश नगरी विगतको संचित नाफा मा भार पर्ने गरी समायोजन गरिएको छ।

Scheme Assets योजना वापतको वास्तविक सम्पत्ति तथा दायित्वको चालू मुल्यमा आउने खुद बचत तथा घाटा रकमलाई प्रतिवेदन तयार गर्ने समयमा वित्तीय विवरणहरुमा समायोजन गरिएको छ। योजनाबाट भविष्यमा घटाइएको योगदानबाट वा योगदान फिर्ताको रकमबाट दायित्व पुरा हुने अवस्थामा मात्र बचतलाई मान्यता दिई समायोजन गरिन्छ। Scheme योजनाबाट प्राप्त हुने बचत योगदानमा हुने कमि र भविष्यमा अन्तत प्राप्त हुन सक्ने बचतमा समायोजन गरिन्छ।

कम्पनीले आफ्नो कर्मचारी बिनियमावली अनुसार कर्मचारीहरुलाई बिभिन्न प्रकारका ऋण तथा पेश्कीहरु दिने गरेको छ। त्यस्ता ऋण तथा पेश्कीहरु बीमा गरिएका वा नगरिएका तथा भिन्न भिन्न Maturity Period का हुने गर्छन्। कर्मचारीहरुलाई दिईएका ऋणहरुलाई वास्तविक मुल्यमा मुल्याङ्कन गरिएको छ। अनअमोर्टाइज्ड कर्मचारी लागत भनेको कर्मचारी ऋण रकमको किताबी मुल्य र बजार मुल्यमा Discount गरिएको कर्मचारी ऋणको वर्तमान मुल्य बीचको भिन्नता हो। ऋणको पूर्व-भुक्तानी र सेवानिवृत्त/राजीनामा दिएका कर्मचारीहरूको ऋण राफसाफ समावेश हुनेगरि स्थगित लाभहरू प्रत्येक वर्ष ऋण रकमको Closing ब्यालेन्समा गणना गरिन्छ। ऋणहरुलाई Fair Value मा मुल्याङ्कन गर्नको लागि प्रयोग गरिएको Discount Rate भनेको त्यो वर्षमा कर्मचारीहरूको कर योग्य लाभ निर्धारण गर्न प्रयोग हुने ब्याज दर हो।

व्याख्यात्मक टिप्पणीहरू

१२.१ कर्मचारी सुविधाहरु

रुपैंयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
अल्पकालिन कर्मचारी सुविधाहरू				
तलव र ज्याला	१,८६१,१६९,७८३	-	१,८५६,१५८,२३७	१,८०९,५७५,६३९
भत्ता	१,२५३,४४०,६०८		१,२५३,४४०,६०८	१,२६०,२८३,३८८
पोशाक भत्ता	४१,९०६,०००		४१,९०६,०००	४२,९५८,०००
अतिरिक्त समय भत्ता	२२,५४४,८४९		२२,५४४,५०३	३१,७५८,०३०
स्वास्थोपचार खर्च	४३२,८४५,०१४		४३२,८४५,०१४	४३५,३२२,८९५
टेलिकम भत्ता	३३४,३५९,३९७		३३४,३५९,३९७	४२४,०४२,७७४
कर्मचारी बोनस (Statutory)	५६३,५८७,७८७		५६३,५८७,७८७	७४९,३१६,७९८
परिभाषित योगदान योजना	२९,३७७,८९०		२९,०३५,२५२	२६,३८४,२३५
विदाको भुक्तानी	९३,७३७,७७५		९३,७३७,७७५	८९,५६५,६३३
NFRS अन्तर्गत वित्तीय लागत	१२१,११८,६३४		१२१,११८,६३४	१३६,४६३,७४९
परिभाषित योगदान योजना	-			
सञ्चय कोषमा योगदान	१८०,९५४,६२८		१८०,९५४,६२८	१७४,९५२,१५४
अवकाष कोषमा योगदान	२४,२३६,८६८		२४,२३६,८६८	२३,६४३,९१५
जिवन विमा	८१,३६१,४३५		८१,३६१,४३५	८०,९१३,८४३
	-			
परिभाषित सुविधा योजना	-			
विदाको भुक्तानी	११०,८२५,३७५		११०,८२५,३७५	७८,३८०,३१७
निवृत्तिभरण र उपदान	१,७९०,३९३,६५०		१,७९०,३९३,६५०	१,३६५,४८०,०७८
दिर्घकालिन कर्मचारी सुविधाहरू	८,६५५,१३९		८,६५५,१३९	५,१४४,१०८
जम्मा	६,९५०,५१४,८३३	-	६,९४५,१६०,३०३	६,७३४,१८५,५५८

१२.२ अवकाश सुविधा

कम्पनीको अवकाश सुविधा अर्न्तगत परिभाषित सुविधा योजना र परिभाषित योगदानमा आधारित सुविधाहरू रहेका छन्।

i. **परिभाषित योगदानमा आधारित योजना**

कम्पनीका अवकाश सुविधा अर्न्तगत तीनवटा परिभाषित योगदानमा आधारित योजना सञ्चालनमा रहेका छन्।

१. कर्मचारी संचयकोषमा योगदान जस अर्न्तगत निश्चित तलबको १० प्रतिशतले हुन आउने रकम तलव भुक्तानी कै समयमा उक्त कोषमा पठाइन्छ।

२ योगदानमा आधारित अवकाश कोष - उक्त योजना अन्तर्गत निवृत्तिभरण तथा उपदान पाउन अयोग्य कर्मचारीको तलबको निश्चित रकम उक्त कोषमा पठाइन्छ र कर्मचारीको अवकाश समयमा उक्त कोषको रकमबाट भुक्तानी गरिन्छ।

३ कर्मचरीहरुको जीवन बीमा अन्तर्गत भुक्तानी गर्नुपर्ने बीमा शुल्को ९०% रकम कम्पनीद्वारा योगदान गरिन्छ। बीमा गरिएको रकम र त्यसमा प्राप्त हुने बोनसको रकम कर्मचारीको अवकाशको समयमा भुक्तानी गरिन्छ।

ii. **परिभाषित सुविधा योजना**

कम्पनीले २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई निवृत्तिभरण र २० वर्ष भन्दा कम सेवा अवधि पूरा गरी अवकाश लिने कर्मचारीलाई उपदान सुविधा उपलब्ध गराउँदछ। साथै कर्मचारीहरुले संचित बिदा वापतको रकमको भुक्तानी पनि प्राप्त गर्दछन्।

कम्पनीले परिभाषित अवकाश भुक्तानीको मुल्याङ्कन गरी दायित्व यकिन गर्न आवधिक रुपमा Actuary मार्फत दायित्व निर्धारण गदै आएको छ। अवकाश भुक्तानी वापत आउने दायित्वको वर्तमान मुल्यलाई गैर चालू दायित्वमा राखिएको छ। विगत एवं वर्तमानको सेवा वापत लागत तथा खुद ब्याजलाई (net of unwinding interest and return on plan assets) नाफा वा नोक्सानमा राखिएको छ। Actuarial पुनर्मूल्याङ्कित रकमलाई विस्तृत आय विवरणमा समावेश गरिन्छ। अवकाशको समयमा केही रकम कोषबाट र केही रकम कम्पनीबाट भुक्तानी गर्ने गरिएको छ। कम्पनीले अधिकतम ७ वर्षको निवृत्तिभरण बराबरको रकम पेश्कीको रुपमा प्रदान गर्दै आएको छ र उक्त अग्रिम भुक्तानी रकम अन्तिम Actuarial दायित्वमा समायोजन गरिन्छ।

कर्मचारीको पूर्वानुमानित जीवन अवधिमा भएको बृद्धि, सम्पत्तिको बृद्धि दरमा गरिएको पूर्वानुमानमा गिरावट तथा अनुमानभन्दा बढी मुद्रास्फितीले सम्पत्तिको मुल्यमा कमि आई दायित्वमा बृद्धि हुन सक्ने जोखिम बिद्यमान रहेको छ।

परिभाषित सुविधा योजना दायित्व

रुपैयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
अ.ल्या. परिभाषित सुविधा योजना दायित्व	१९,०५४,२९३,०३६		१९,०५४,२९३,०३६	१४,९८५,२६१,४५७
चालू सेवा लागत	६६८,९८६,३५०		६६८,९८६,३५०	५३९,०१२,२९०
वित्तीय लागत	१,६१०,६८०,५८०		१,६१०,६८०,५८०	१,२७२,२४१,७४०
सुविधा भुक्तानी	(६१७,७३१,५७२)		(६१७,७३१,५७२)	(५९२,८१०,७३९)
Actuarial मापन	२,०४९,७१३,९५२		२,०४९,७१३,९५२	२,८५०,५८८,२८८
अन्तिम परिभाषित सुविधा योजना दायित्व	२२,७६५,९४२,३४६	-	२२,७६५,९४२,३४६	१९,०५४,२९३,०३६

परिभाषित सुविधा योजना सम्पत्ति

रुपैयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
अ.ल्या. परिभाषित सुविधा योजना सम्पत्ति	**३,६०६,२८०,४५३**		**३,६०६,२८०,४५३**	**३,४६४,२४१,३३७**
लगानीकर्ताको योगदान	१,५००,०००,०००		१,५००,०००,०००	-
गत वर्ष लगानीको लाभ	२८४,७१०,१३०		२८४,७१०,१३०	२७७,८२८,०००
गत वर्षको लगानीको लाभ (कमी)	(९१,५९५,५११)		(९१,५९५,५११)	(१२४,९१०,२९४)
	-			
(-) Actuarial Remeasurements	(३६,२२७,७१०)		(३६,२२७,७१०)	(१०,८७८,५९०)
अन्तिम परिभाषित सुविधा योजना सम्पत्ति	५,२६३,१६७,३६३	-	५,२६३,१६७,३६३	३,६०६,२८०,४५३
खुद परिभाषित सुविधा योजना दायित्व	**१७,५०२,७७४,९८४**	-	**१७,५०२,७७४,९८४**	**१५,४४८,०१२,५८१**
Charged / (credited) to P&L	**१,९९४,९५६,८००**	-	**१,९९४,९५६,८००**	**१,५३३,४२६,०३०**
Charged / (credited) to OCI	**२,०८५,९४१,६६२**	-	**२,०८५,९४१,६६२**	**२,८६१,४६६,८७८**

परिभाषित सुविधा योजना दायित्व – निवृतीभरण तथा उपदान

रुपैंयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
शुरुको परिभाषित सुविधा योजना दायित्व	**१७,६४५,८६९,८८३**		**१७,६४५,८६९,८८३**	**१३,८५४,९५३,४२६**
चालु सेवा शुल्क	५८१,७२८,९९०		५८१,७२८,९९०	४६५,२४७,०९०
वित्तीय लागत	१,४९३,३७४,७९०		१,४९३,३७४,७९०	१,१७८,०६०,९९०
Benefits Paid from Plan Assets	(९२,४१९,८२२)		(९२,४१९,८२२)	(१२४,९१०,२९४)
Benefits Paid directly by employers	(३८२,७३३,२९९)		(३८२,७३३,२९८)	(३३९,४९२,६५७)
Actuarial Remeasurements	१,९४५,७९४,११२		१,९४५,७९४,११२	२,६१२,०११,३२८
अन्तिम परिभाषित सुविधा योजना दायित्व	**२१,१९१,६१४,६५३**		**२१,१९१,६१४,६५४**	**१७,६४५,८६९,८८३**

परिभाषित सुविधा योजना दायित्व – बिदा

विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
शुरुको परिभाषित सुविधा योजना दायित्व	**१,४०८,४२३,१५३**		**१,४०८,४२३,१५३**	**१,१३०,३०८,०३१**
चालु सेवा शुल्क	८७,२५७,३६०		८७,२५७,३६०	७३,७६५,२००
वित्तीय लागत	११७,३०५,७९०		११७,३०५,७९०	९४,१८०,७५०
कम्पनीद्धारा भुक्तानी सुविधाहरु	(१४२,५७८,४५१)		(१४२,५७८,४५१)	(१२८,४०७,७८८)
Actuarial Remeasurements	१०३,९१९,८४०		१०३,९१९,८४०	२३८,५७६,९६०
अन्तिम परिभाषित सुविधा योजना दायित्व	**१,५७४,३२७,६९२**	-	**१,५७४,३२७,६९२**	**१,४०८,४२३,१५३**

Actuarial assumptions

परिभाषित सुविधा योजना वापतको दायित्वको Actuarial Valuation मा निम्न आधारहरूलाई लिएर गरिएको छ।

विवरण	आ.ब.२०७७/७८	आ.ब.२०७६/७७
डिस्काउन्ट दर	७.५%	८.५%
तलब बृद्विदर	७%	७%
निवृत्तिभरणमा हुने वृद्धिदर	४%	४%
सम्पत्तिमा अनुमानित प्रतिफल दर	७.५%	८.५%
मृत्यु दर	Nepal Assured Mortality 2009	Nepal Assured Mortality 2009
जीवनसाथीको आयुमा फरक	५ बर्ष	५ बर्ष
फिर्ता दर २० देखि ५८ वर्ष		
२० देखि ५८ वर्षभित्रका ४५वर्षभन्दा कम उमेर	५%	५%
२० देखि ५८ वर्षभित्रका ४५वर्षभन्दा बढी उमेर	०%	०%

Sensitivity Analysis (Pension & Gratuity)

विवरण	आ.ब.२०७७/७८	आ.ब.२०७६/७७
Discount Rate		
Effect on DBO – increase of discount rate by 1%	-१३.१%	-१२.४%
Effect on DBO – decrease of discount rate by 1%	१६.४%	१५.४%
Salary Escalation Rate		
Effect on DBO – increase of salary rate by 1%	४.९%	५%
Effect on DBO – decrease of salary rate by 1%	-४.५%	-४.६%
Pension Inflation Rate		
Effect on DBO – increase of pension inflation rate by 5%	१०.९%	१०.०%
Effect on DBO – decrease of pension inflation rate by 5%	-९.१%	-८.४%

Sensitivity Analysis (Leave Obligation)

विवरण	आ.ब.२०७६/७७	आ.ब.२०७५/७६
Discount Rate		
Effect on DBO – increase of discount rate by 1%	-७.३%	-७.३%
Effect on DBO – decrease of discount rate by 1%	८.३%	८.३%
Salary Escalation Rate		
Effect on DBO – increase of salary rate by 1%	८.३%	८.३%
Effect on DBO – decrease of salary rate by 1%	-७.४%	-७.५%

१२.३ योजना सम्पत्ती:

कम्पनीले नागरिक लगानी कोषको उपदान कोष योजना (निक्षेप योजना) मा योजना सम्पत्तिको रूपमा लगानी गरेको छ। कम्पनीले जुलाई १५,२०२१ मा उक्त योजना सम्पत्तिमा रु. १ अर्ब ५० करोडको स्वेच्छिक योगदान गरेको छ। योजना सम्पत्तिको मुख्य लगानी उद्देश्यहरू भनेको उपदान र एकमुष्ट पेन्सन भुक्तानी गर्न कोषको उपलब्धता सुनिश्चित गर्नु हो।
कम्पनीले एक्चुरियल फन्डिङ मुल्याङ्कन गरेको छ र हालको अभ्यास अनुसार, कम्पनीले वार्षिक रूपमा अनुमानित भविष्यको भुक्तानीको आधारमा सेवानिवृत्ति लाभ दायित्वहरू (उपदान र एकमुष्ठ पेन्सन) को शतप्रतिशत भक्तानी सुरक्षित गर्न कोष पूरा गर्न पाँच वर्षमा योजना सम्पत्तिमा स्वेच्छिक योगदान गर्नेछ।

१२.४ अनुमानित भविष्य लाभ भुक्तानीहरू

अपेक्षित भविष्य लाभ भुक्तानीहरू जुलाई १५,२०२१ मा लाभ दायित्व निर्धारण गर्न प्रयोग गरिएको समान एक्चुरियल अनुमानहरू प्रयोग गरी अनुमान गरिएको छ, किनभने लाभ भुक्तानीहरू भविष्यको रोजगारी र क्षतिपूर्ति स्तरहरू, औसत सेवा अवधि, भुक्तानी प्रक्रियामा निर्भर हुने गर्दछ। उत्तम अनुमानको आधारमा अवकाश सुबिधाका दायित्वहरू अन्तर्गत अपेक्षित लाभ भुक्तानीहरू निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ।

रुपैंयामा

वर्ष (ई.सं.)	पेन्सन र उपादान सुविधा (०००)
२०२२	५५४,८५८
२०२३	८६८,२६०
२०२४	१,०१७,१०२
२०२५	१,१६३,४४८
बर्ष २०२६ देखि २०३१	९,०८९,६६५

१३ शेयर पूँजी

लेखा नीतिहरू

कम्पनीले, पुँजीकोष वित्तीय दायित्व हो अथवा इक्विटी हो भन्ने कुरा निर्धारण गर्नको लागि नेपाल लेखामान ३२ "वित्तीय उपकरणः प्रस्तुति" लागु गरेको छ। यदि करार सम्झौताको परिणाम, कम्पनीको हालको उत्तरदायित्व, नगद वितरण गर्ने वा अन्य वित्तीय सम्पत्ति अथवा विभिन्न संख्यामा लगानीकर्ताको लागि इक्विटी शेयर जारी गर्ने भन्ने विषय अन्तरगत जारी गरिएको वित्तीय उपकरण वा तिनीहरूका तत्वहरू दायित्वको रुपमा वर्गीकृत गरिएको छ। यसबाहेक, सो उपकरणलाई इक्विटी उपकरण नै मानिन्छ।

नयाँ शेयर जारी गर्दाको प्रत्यक्ष थप लागतलाई इक्विटीमा प्राप्त रकमबाट घटाई देखाइएको छ।

लगानीकर्ताको लाभांस र अन्य प्रतिफलको पहिचान भुक्तानीको समयमा गरिन्छ अथवा त्यसबेला गरिन्छ, जब वार्षिक साधारणसभाबाट घोषणा गरिन्छ र सोही आय वर्षको इक्विटीमा भार पर्ने गरी लेखाङ्कन गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

कम्पनीको सूचीकृत पूँजीको बनोट यसप्रकार रहेको छ।

शेयर पूँजी

रुपैयामा

विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
शेयर संख्या		
अधिकृत शेयर संख्या	२५०,०००,०००	२५०,०००,०००
जारी शेयर संख्या	१५०,०००,०००	१५०,०००,०००
चुक्ता शेयर संख्या	१५०,०००,०००	१५०,०००,०००
परल मल्य	१००	१००
शेयर पूँजी		
अधिकृत पूँजी (रू.)	२५,०००,०००,०००	२५,०००,०००,०००
जारी पूँजी (रू.)	१५,०००,०००,०००	१५,०००,०००,०००
चुक्ता पूँजी (रू.)	१५,०००,०००,०००	१५,०००,०००,०००

कम्पनीको शेयर लगानी बनोट यसप्रकार रहेको छ।

शेयरअंश संरचना

रुपैयामा

विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
नेपाल सरकार	९१.५०%	९१.५०%
नागरिक लगानी कोष	०.०३%	०.०३%
सर्वसाधारण	८.४७%	८.४७%
	१००%	१००%

१४ संचित मुनाफा (Reserve and Surplus)

लेखा नीतिहरू

स्थगन कर जगेडा

कम्पनीको स्थगन गरिएको खूद संचित कर सम्पत्ति उत्पन्न भएमा कम्पनीले आफनो नीतिअनुसार सो बराबरको संचित कर सम्पत्तिको भाग विनियोजन गर्दछ। जब संचित कर दायित्व उत्पन्न हुन्छ, तब ती रकमहरूलाई इक्विटीमा पूनःवर्गीकरण गरी संचित मूनाफामा लगिन्छ।

पुनर्मुल्याङ्कन जगेडा

जग्गा

कम्पनीले Freehold Land Properties को मुल्यलाई प्रस्तुत गर्न पुनर्मुल्याङ्कन विधिलाई आत्मसाथ गरेको छ। जग्गाको मुल्यमा वृद्धि भएको रकमलाई पुनर्मुल्याङ्कन जगेडामा बाँडफाँड गरिएको छ। त्यस्तैगरी जग्गाको मुल्य घट्न गएमा, पुनर्मुल्याङ्कन जगेडाको रकमले खाम्ने रकमसम्म संचित पुनर्मुल्याङ्कनको रकममा भार पारिन्छ र बाँकी रकम नाफा वा नोक्सानमा Impairment को रुपमा भार पारिएको छ।

भवन र भौतिक संरचना

भवन र भौतिक संरचनाको मुल्यमा वृद्धि भएको रकमलाई उतीनै बाराबरको रकमले पुनर्मुल्याङ्कन जगेडामा थप गरिएको छ। चालु आर्थिक वर्षमा यस्तो पुनः मुल्याङ्कन गर्दा भएको पुनर्मुल्याङ्कन रकममा थप ह्रास इक्विटीमा भार पारिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

जगेडा तथा संचित मूनाफा

रुपैयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
संचित मूनाफा	४५,६२३,१३०,२७५		४५,६२४,१८८,१७२	४७,११६,८२७,३६९
पुनर्मुल्याङ्कन जगेडा	२१,२५२,८०४,०८७		२१,२५२,८०४,०८७	२१,२७९,५४८,४३४
स्थगन कर जगेडा	७,८०५,१५७,५७५		७,८०५,१५७,५७५	३,६३८,३२७,५१२
Fair Value through OCI Reserve	-		-	-
	७४,६८१,०९१,९३७	-	७४,६८२,१४९,८३४	७२,०३४,७०३,३१५

जगेडा तथा संचित मूनाफामा भएको परिवर्तनलाई विस्तृतरुपमा इक्विटीमा परिवर्तनको विवरणमा देखाइएको छ।

१५. ग्राहकसँगको सम्झौताबाट प्राप्त आय

लेखा नीति

प्रतिज्ञा गरिएका उत्पादन वा सेवाहरूको नियन्त्रण ग्राहकलाई हस्तान्तरण गरेपछि कम्पनीले ती उत्पादन वा सेवाहरूबाट प्राप्त गरेको वा प्राप्त गर्ने अपेक्षा गरेको कुनै पनि कर, छुट बाहेकको राकमलाई राजस्वको मान्यता दिइन्छ।

मध्यस्थकर्ताहरू मार्फत प्रतिज्ञा गरिएका उत्पादनहरू वा सेवाहरू प्रदान गर्दा, कम्पनीले आफु मुख्य रूपमा कार्यसम्पादन दायित्व (Performance Obligation) पुरा गर्न जिम्मेवार छ कि छैन र यसले ग्राहकहरूलाई हस्तान्तरण गर्नु अघि प्रतिज्ञा गरिएको सेवा नियन्त्रण गर्छ कि गर्दैन भनेर मुल्याङ्कन गर्छ। प्रत्येक कार्यसम्पादन दायित्व सन्तुष्ट भए पश्चात् मात्र राजस्वको पहिचान गरिन्छ।

जब कम्पनीले प्रिन्सिपलको रूपमा कार्य गर्दछ, ग्राहकहरूलाई प्रदान गरिएको सामग्री सेवाहरूबाट ग्राहकहरूलाई बिल गरिएको कुल रकमको आधारमा राजस्वको लेखाङ्कन गरिन्छ। जब कम्पनी लेनदेनमा एजेन्टको रूपमा काम गर्दछ, तब सामग्री प्रदायकहरूलाई भुक्तानी गरिएको लागतहरू नेट अफ गरेपछि राजस्वको लेखाङ्कन गरिन्छ।

कम्पनीले निम्न ५ चरणका प्रक्रिया पुरा गरी ग्राहकसँगको सम्झौताबाट प्राप्त आय मापन गर्दछ।
१. ग्राहकसँगको करारको पहिचान
२. करार अनुसारको कार्यसम्पादन दायित्व पहिचान
३. कारोवार मुल्य यकिन
४ प्रत्येक कार्यसम्पादन दायित्वको कारोवार मुल्य कायम
५ करारको दायित्व पूरा भए पछि आय लेखाङ्कन गर्ने

पोर्टफोलियो दृष्टिकोण (Portfolio Approach):
ग्राहक संगको प्रत्येक सम्झौताको लेखाङ्कनको लागि माथिका ५ चरण प्रक्रिया लागु हुन्छन्। यद्यपि, व्यावहारिक कठिनाईहरुका कारण, कम्पनीले यसलाई समान विशेषताहरू भएका सम्झौता (वा कार्यसम्पादन दायित्वहरू) को आधारमा लेखाङ्कन गर्नेछ। कम्पनीले पोर्टफोलियोमा यो प्रक्रिया लागु गर्दा वित्तीय विवरणहरूमा पर्ने प्रभावहरू प्रत्येक सम्झौताको लेखाङ्कनको भन्दा सारभुत रूपमा फरक हुने छैन भन्ने अपेक्षा गर्दछ।

पोर्टफोलियोको आधारमा लेखाङ्कन गर्दा, कम्पनीले पोर्टफोलियोको आकार र संरचनालाई प्रतिबिम्बित गर्ने अनुमान र मान्यताहरू प्रयोग गर्नेछ।

सम्झौता परिमार्जन (Contract Modification):
सम्झौता परिमार्जन भनेको सम्झौताको पक्षहरुद्वारा अनुमोदित दायरा वा मुल्य वा दुवै मा परिवर्तन हो।
यदि निम्न सर्तहरू छन् भने सम्झौता परिमार्जनलाई छुट्टै सम्झौताको रूपमा लिइन्छः
थप प्रतिज्ञा गरिएका वस्तुहरू वा सेवाहरू फरक भई सम्झौताको दायरा बढेमा।

थप प्रतिज्ञा गरिएको सामान र सेवाको stand alone बिक्री मुल्यलाई प्रतिबिम्बित गर्ने consideration ले सम्झौताको मुल्य बढेमा।

फिर्ता नहुने अग्रिम शुल्कहरू (Non-refundable upfront fees):

फिर्ता नहुने, दर्ता, अग्रिम सेवा activation र सेवा व्यवस्थासँग सम्बन्धित सेटअप शुल्कहरू सम्बन्धित सेवा अनुबंध अवधि वा ग्राहकले सो सेवा प्रयोग गर्ने अबधिको आधारमा सो अबधिभर स्थगित गरि लेखाङ्कन गरिन्छ। ती शुल्कहरूको प्राप्तिले फरक कार्यसम्पादन दायित्वहरूको परिणाम दिँदैन। यसको सट्टा, अग्रिम शुल्कहरू भविष्यका सेवाहरूको लागि अग्रिम भुक्तानी हो। त्यसैले, सम्झौता दायित्वको रूपमा मान्यता प्राप्त हुन्छ र ग्राहकले सो सेवा प्रयोग गर्ने अबधिको आधारमा सो अबधिभर स्थगित गरि लेखाङ्कन गरिन्छ।

प्रत्येक फरक कार्यसम्पादन दायित्व सन्तुष्ट भए पश्चात् राजस्व पहिचान गरिन्छ। राजस्वको मुख्य वर्ग र मान्यताको आधार निम्नानुसार छनः

1) सेवा राजस्व
2) Multiple Deliverables
3) उपकरण बिक्री

सेवा राजस्व

सेवा राजस्वमा मुख्यतया उपयोग, ध्वनी, डाटा, सन्देश र मुल्य अभिवृद्धि सेवाहरूको शुल्क पर्दछन्। दूरसञ्चार सेवाहरू (भ्वाइस, डाटा र एसएमएस) सबै कम्पनीको नेटवर्कमा उपलब्ध गराइने भएकोले एउटै कार्यसम्पादन दायित्वलाई प्रतिनिधित्व गर्ने मानिन्छ र नेटवर्कमा डिजिटल सिग्नल प्रतिनिधित्व गर्ने डाटाको रूपमा प्रसारण गरिन्छ।

प्रसारणले नेटवर्क ब्यान्डविथ खपत गर्दछ र त्यसैले, सञ्चारको प्रकृतिलाई ध्यान नदिई, ग्राहकले अन्ततः नेटवर्कमा पहुँच र नेटवर्क ब्यान्डविथ उपभोग गर्ने अधिकार प्राप्त गर्दछ।

कम्पनीले यी सेवाहरू प्रदान गरे पश्चात् राजस्व पहिचान गर्दछ। ग्राहकबाट राजस्वभन्दा बढीको सङ्कलनलाई स्थगित राजस्व, ग्राहक/सदस्यहरूबाट प्राप्त अग्रिम शुल्कको रूपमा वर्गीकृत गरिन्छ।

सेवा राजस्वमा अन्तर्राष्ट्रिय सेवाहरूबाट हुने आम्दानी समावेश हुन्छ जुन इन्टरकनेक्सनबाट हुने राजस्व, भ्वाइस, डाटा र मेसेजिङका लागि अन्य अपरेटरहरूद्वारा कम्पनीको नेटवर्कको प्रयोगको लागि लाग्ने रोमिङ शुल्कहरू हुन्। यसमा उद्यम लीज सेवाहरू पनि समावेश छन्। सेवा राजस्वको पहिचान सेवाहरूको नियन्त्रणको स्थानान्तरण पश्चात् गरिन्छ।

कम्पनीले सरकारको तर्फबाट स्वामित्व शुल्क, दूरसञ्चार सेवा शुल्क र मुल्य अभिवृद्धि कर उठाउँछ र यसले कम्पनीलाई आर्थिक लाभ नदिने भएकाले कम्पनीको राजस्वमा समावेश गरिएको छैन।

Multiples Deliverables

कम्पनीले बिभिन्न सामानहरु, सेवाहरू वा सम्पत्तिहरू प्रयोग गर्ने गरि बहु तत्व राजस्व व्यवस्थाहरूमा प्रवेश गरेको छ। व्यवस्थाको प्रारम्भमा यसमा भएका सबै deliverable हरूले फरक कार्यसम्पादन दायित्वहरू प्रतिनिधित्व गर्छन् कि गर्दैनन् भनेर निर्धारण गर्न मुल्याङ्कन गरिन्छ, र यदि गर्छन् भने, तिनीहरूको लागि छुट्टै हिसाब गरिन्छ।

Multiple Deliverables सँग सम्बन्धित कुल consideration प्रत्येक कार्यसम्पादन दायित्वलाई तिनीहरूको स्ट्यान्डअलोन बिक्री मुल्यहरूको आधारमा आवंटित गरिएको छ। स्ट्यान्ड-अलोन बिक्री मुल्यहरू सूची मुल्यहरूको आधारमा निर्धारण गरिन्छ जसमा कम्पनीले उपकरण र नेटवर्क सेवाहरू अलग-अलग बिक्री गर्दछ।

उपकरण बिक्री

उपकरण बिक्री मुख्यतया दूरसञ्चार उपकरण र सम्बन्धित सामानहरूको बिक्रीसँग सम्बन्धित छ, जसको लागि उपकरणको नियन्त्रण ग्राहकलाई हस्तान्तरण गर्दा राजस्व पहिचान गरिन्छ, अर्थात् समयको एक बिन्दुमा हस्तान्तरण गरिन्छ।

व्याख्यात्मक टिप्पणीहरू

रुपैयामा

	समूह		कम्पनी	
ग्राहकसँगको सम्झौताबाट प्राप्त आय	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
सेवा विक्रिबाट प्राप्त आय				
भ्वाईस	२४,६५२,४७०,२३९		२४,६५२,५०३,८८९	२५,०१२,८६३,९८५
डाटा	९,३३९,९०३,४१९		९,३३९,९०३,४१९	८,२०८,९१४,८८२
एसएमएस	१,२५१,२२१,९८२		१,२५१,२२१,९८२	१,००४,२३७,१३८
अन्य विक्रिबाट प्राप्त आय	२४७,१५७,०१८		२४७,१५७,०१८	२०९,२८७,०३०
	३५,४९०,७५२,६५९		**३५,४९०,७८६,३०९**	**३४,४३५,३०३,०३४**
सामान विक्रिबाट प्राप्त आय	४४४,८९७,११८		४४४,८९७,११८	१८४,६६१,९०५
जम्मा	**३५,९३५,६४९,७७७**	-	**३५,९३५,६८३,४२७**	**३४,६१९,९६४,९३९**

रुपैयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
आधारभुत टेलिफोन सेवा				
स्थानीय/अन्तर्देशीय	१,५५०,८९६,२८०		१,५५०,८९६,२८०	२,०७९,१४१,५०२
अन्तर्राष्ट्रिय ट्रङ्क	११,४०६,०८१		११,४०६,०८१	२३,५१९,३२४
लिज सर्किट	३३१,२३७,४४७		३३१,२३७,४४७	२३७,५७९,९५९
आइएन (IN) सेवा	१,९८५,८४२		१,९८५,८४२	८,५८२,९५३
ए.डि.एस.एल	६८०,५६४,००२		६८०,५६४,००२	९४९,५०५,०७५
सीप (SIP) फोन	१,२१९		१,२१९	२४,५०५
एफटीटीएच - भ्वाईस	३९४,०४१,३७८		३९४,०४१,३७८	०
एफटीटीएच - डाटा	२४७,६०६,४३८		२४७,६०६,४३८	१२१,८९६,८४१
आइपीटिभी सेवा	५,५१६,२५०		५,५१६,२५०	-
अन्य	१०२,०८४,३८७		१०२,०८४,३८७	५९,९६९,५००
आधारभुत टेलिफोन सेवाको जम्मा आय	**३,३२५,३३९,३२४**		**३,३२५,३३९,३२४**	**३,४८०,२१९,६५९**
सि.डि.एम.ए. (CDMA) सेवा				
स्थानीय/अन्तर्देशीय	१८२,७८९,५६२		१८२,७८९,५६२	३०७,८८२,९६९
अन्तर्राष्ट्रिय ट्रङ्क	८७,२६८		८७,२६८	२२२,२३८
डाटा सेवा	११,१६९,९२४		११,१६९,९२४	३५,३५०,१२४
एसएमएस	१,६०७,००४		१,६०७,००४	३,४१८,६७५
अन्य	८,५३६,८१८		८,५३६,८१८	७,०७५,८७२
सि.डि.एम.ए सेवा को जम्मा आय	**२०४,१९०,५७६**		**२०४,१९०,५७६**	**३५३,९४९,८७९**
जीएसएम (GSM) मोबाईल सेवा				
भ्वाईस	१७,१३०,६७२,३३६		१७,१३०,७०५,९८६	१६,१४७,६६५,९१३
डाटा	७,८३१,३३४,१०१		७,८३१,३३४,१०१	६,६२२,१०१,१११
एसएमएस	५२३,३९५,५८३		५२३,३९५,५८३	४७९,७५२,४६७
अन्तराष्ट्रिय ट्रङ्क	३८,८९१,९०६		३८,८९१,९०६	६१,७८४,३३२
रोमिङ्ग	१,४३८,४४०		१,४३८,४४०	४,४१६,११०
अन्य	१२७,३६७,३१३		१२७,३६७,३१३	१३७,५६९,९२६
GSM मोवाईल सेवाको जम्मा आय	**२५,६५३,०९९,६७९**		**२५,६५३,१३३,३२९**	**२३,४५३,२८९,८५९**
अन्तरप्रशासनिक सेवा				

अन्तरप्रशासनिक आय – अन्तराष्ट्रिय	४,४९६,२११,५४८		४,४९६,२११,५४८	५,३३३,३३६,१९६
अन्तरप्रशासनिक आय - अन्तर्देशीय	८०२,८९८,९३७		८०२,८९८,९३७	८१९,१९९,६७७
अन्तराष्ट्रिय रोमिङ (Sharing)	४१,१४९,४४२		४१,१४९,४४२	२२७,०८८,२६५
एसएमएस	४४७,९८४,६८७		४४७,९८४,६८७	२५९,४४०,७०९
अन्य	९,१६८,५०१		९,१६८,५०१	४,६७१,७३२
अन्तरप्रशासनिक सेवाको जम्मा आय	**५,७९७,४१३,११५**		**५,७९७,४१३,११५**	**६,६४३,७३६,५७८**
भ्यालु एडेड सेवाहरू (VAS)	५००,२६५,९६०		५००,२६५,९६०	४८७,४८५,५२७
वाई म्याक्स (WiMAX)	१०,४४४,००५		१०,४४४,००५	१६,६२१,५३३
जम्मा सेवा बिक्रि वापतको आय	**३५,४९०,७५२,६५९**	-	**३५,४९०,७८६,३०९**	**३४,४३५,३०३,०३४**

Multiples Deliverables:

Multiple Deliverables (ह्यान्डसेट, ग्राहक परिसर उपकरण, फाइबर केबल, नेटवर्क सेवाहरू आदि) सहितको बस्तुहरुलाई स्ट्यान्डअलोन Deliverables मा बाँडफाँड गरि व्यक्तिगत Deliverable हरुको मापदण्डको आधारमा पहिचान गरिएको छ।

फिर्ता नहुने अग्रिम शुल्कहरू (Non-refundable upfront fees)

कम्पनीले Historical औसत ग्राहक जीवन १२ महिना भन्दा लामो हुने अनुमान गरेको छ र यसको Churn Rate ले अनुमानित औसत ग्राहक जीवनको उत्कृष्ट सूचक प्रदान गर्दछ। यसरी, सेवा प्रबन्धसँग सम्बन्धित अग्रिम सेवा Activation शुल्कबाट हुने राजस्व कम्पनीले सेवा सक्रिय भएको मितिदेखि सम्बन्धित सेवा सम्झौता अवधि वा ग्राहक जीवनको आधारमा स्थगित गरि लेखाङ्कन गर्दछ।

१६. वित्तीय आय

लेखा नीति

विभिन्न वित्तीय स्रोतहरुबाट प्राप्त वित्तीय आयहरुलाई नेपाल वित्तीय प्रतिवेदन मान ९ को आधारमा लेखाङ्कन गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

वित्तीय आय

रुपैंयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
सरकारी विकास ऋणपत्रमा ब्याज	१,०१०,९७५,४८१		१,०१०,९७५,४८१	९६१,०३९,९५३
संस्थागत ऋणपत्रमा प्राप्त ब्याज	११२,०२६,३८६		११२,०२६,३८६	११९,९७७,७४३
निक्षेपमा ब्याज	३,८३५,३११,३४५		३,८१४,७९२,२२४	५,०६०,८७७,९८५
कर्मचारी ऋणमा ब्याज	१९४,२५९,१७६		१९४,२५९,१७६	१७३,६०५,९१४
जम्मा	५,१५२,५७२,३८८	-	५,१३२,०५३,२६७	६,३१५,५०१,५९५

१७. अन्य आय

लेखा नीति

लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने हक सृजना भएपछि तथा अन्य आम्दानीहरूलाई विश्वसनीय रुपमा मापन भएका वा प्राप्ति सम्भव देखिएको अवस्थामा अन्य आम्दानी शिर्षकमा आम्दानी जनाइएको छ। सरकारी अनुदान संग संलग्न सर्तहरू पालना गर्ने र अनुदानहरू प्राप्त हुनेछन् भन्ने उचित आश्वासन पश्चात् मात्र कम्पनीले सरकारी अनुदानलाई आम्दानीको मान्यता दिनेछ । (थपःनोट २६)

व्याख्यात्मक टिप्पणीहरू

अन्य आय

रुपैंयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
कार्य सम्पादन जमानत जफत, र अन्य आय	१,१३५,१४६,५४०		१,१३५,९१२,६६२	२,०४७,९५९,७१४
सरकारी अनुदान आम्दानी	६,२५४,४५६		६,२५४,४५६	१५९,८९०,६३३
जम्मा	१,१४१,४००,९९६	-	१,१४२,१६७,११८	२,२०७,८५०,३४७

१८. सञ्चालन तथा मर्मत खर्चहरू

कार्य सञ्चालन खर्चहरूमा स्थिर नेटवर्क र मोवाइल सञ्चार सम्बद्ध सञ्चार नेटवर्कहरूको सञ्चालन र मर्मतमा लागेका खर्चहरू संलग्न छन् ।

व्याख्यात्मक टिप्पणीहरू

सञ्चालन तथा मर्मत खर्चहरू

रुपैंयामा

	समुह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
कार्यालय उपकरण मर्मत खर्च	४९,०५९,६०८		४७,९४५,९९४	४०,१७५,९८१
भवन मर्मत खर्च	१२२,८७२,८७९		१२२,८७२,८७९	९९,७०७,३६८
प्लान्ट तथा मेसिन मर्मत खर्च	१,७६७,५५६,८२५		१,७६७,५५६,८२५	१,३१६,९४४,६७८
शक्ति, ताप तथा प्रकाश खर्च	१,३५१,९५७,९२४		१,३५१,९१६,३३४	१,२३१,७३१,०८९
सवारी इन्धन खर्च	७१,३७२,७३७		७१,३७२,७३७	७०,२८१,०३७
सवारी मर्मत खर्च	५७,९३७,४३४		५७,९३७,४३४	५६,५६७,१९७
ढुवानी खर्च	१७,३५७,३२९		१७,३५७,३२९	१२,२२४,४९८
अन्तर्राष्ट्रिय आई.पि. लिज र ट्रान्जिट खर्च	१,९१३,६९९,३४३		१,९१३,६९९,३४३	१,६०३,९२६,३८७
टेलिफोन सेट तथा अन्य सामग्री लागत खर्च	३१०,५४३,६२१		३१०,५४३,६२१	१६१,४२६,२३०
क्यासकार्ड लागत खर्च	२१५,९४५,८९६		२१५,९४५,८९६	१९८,२२७,१२६
सोधपुछ सेवा खर्च	३१,८५४,८०७		३१,८५४,८०७	२८,११९,०६२
भ्यालु एडेड सेवा खर्च	११८,०६५,८०९		११८,०६५,८०९	१२४,२५८,१५८
डाटा ईन्ट्री खर्च	६१४,०५५		६१४,०५५	१,४५६,४५४
अन्तरआबद्धता खर्च राष्ट्रिय	९१६,०८२,१२९		९१६,०८२,१२९	९८८,१४९,९२१
अन्तरआबद्धता खर्च - अन्तर्राष्ट्रिय	४९०,१०९,२५४		४९०,१०९,२५४	७०५,९३४,१६३
तालिम खर्च (करार)	२,१८४,०६२		२,१८४,०६२	९७,७४०,४५५
भाडा खर्च (कार्यसंचालन सेवाको लागी)	४०५,८९५,३०५		४०५,८९५,३०५	३६७,२५७,५३०
जम्मा	७,८४३,१०९,०१७	-	७,८४१,९५३,८१३	७,१०४,१२७,३३४

१९. विक्रि सञ्जाल, बजारीकरण र प्रवर्द्धन खर्चहरू

व्याख्यात्मक टिप्पणीहरू

विक्रि सञ्जाल, बजारीकरण र प्रवर्द्धन खर्चहरू

रुपैंयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
बिक्रीवापतको कमिशन	९३,२५४,९८३		९३,२५४,९८३	८९,१३४,४४४
विज्ञापन तथा बिक्री प्रवर्द्धन	९७,३११,८३३		९७,१५४,२८३	१३२,५४२,३४३
जम्मा	१९०,५६६,८१६	-	१९०,४०९,२६५	२२१,६७६,७८७

२०. प्रशासानिक खर्चहरू

व्याख्यात्मक टिप्पणीहरू

रुपैंयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
बिक्रीवापतको कमिशन	९३,२५४,९८३		९३,२५४,९८३	८९,१३४,४४४
कर तथा शुल्क	१२७,११०,६१८		१२६,७७५,६१८	७९,९१७,४६६
भाडा तथा जग्गा र भवनको लिजहोल्ड लागत	१२१,२२५,३१६		१२१,२२५,३१६	११७,८९३,५६५
सञ्चालक समिति वैठक भत्ता	१,६१०,८००		१,६१०,८००	१,०६८,०००
अन्य वैठक भत्ता तथा खर्च	४१,११८,३५७		४०,७५९,१८२	३५,३११,८९४
मसलन्द तथा छपाइ खर्च	३३,३५४,२४३		३२,७९८,०४२	३४,४३४,०९६
बैंक चार्ज	२२,०५८,६६२		२१,४१४,९६९	२२,६८८,२४०
तालिम खर्च	४,९९३,१२५		४,९९३,१२५	११३,२५६,३८७
अतिथि सत्कार खर्च	१६,७७६,३२८		१६,६७९,३६७	१८,६०४,०५६
कार्यालय सजावट	९,९८९,९१३		९,४५०,८४१	९,२५८,९३२
बीमा खर्च	१८,६८६,२७१		१८,६८२,४९२	१९,४१५,३८७
लेखापरीक्षण शुल्क	२,१००,०००		२,०००,०००	२,०००,०००
कर लेखापरीक्षण शुल्क	७००,०००		७००,०००	७००,०००
लेखापरीक्षण खर्च	२,६०४,७६३		२,४३५,२६३	२,९७८,८७५
हुलाक खर्च	७६८,७५९		७६४,४३९	८९४,३७३
पुस्तक तथा पत्रपत्रिका	३,००७,६१०		३,००७,६१०	४,२२२,८८३
व्यावसायिक सेवा शुल्क खर्च	५,३५०,९१७		३,२३४,२६८	४,२७८,६८७
सुरक्षा खर्च	१९८,५२३,७१४		१९८,५२३,७१४	२०१,०६०,८५७
बाह्यस्रोत सेवा खर्च	११,५७६,१९७		११,११८,०९०	८,३७६,८३२
सदस्यता शुल्क	११,१२५,९४६		११,१२५,९४६	१०,७७०,०९६
टेलिफोन खर्च	९८,९३५,५०८		९८,९२१,००८	१३१,१३५,५६०
वार्षिकोत्सव खर्च	२,७५८,६९८		२,७५८,६९८	१२,२८७,५१४
साधारणसभा खर्च	१,५५८,००२		१,५५८,००२	८३५,६१७
अनुदान सहयोग	११४,१६०,३५४		११२,५२६,८७३	८९,१४१,७९९
सदस्यता शुल्क	-		-	१००,२२१,३८१
जम्मा	९७८,००६,७९७	-	९७०,९३४,८७१	१,१३९,९९७,४०३

२१. नियामक दस्तुर, शुल्कहरू तथा नवीकरण दस्तुर

व्याख्यात्मक टिप्पणीहरू

नियामक दस्तुर, शुल्कहरू तथा नवीकरण दस्तुर

रुपैंयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
रोयल्टी	१,४१९,६३१,४५२		१,४१९,६३१,४५२	१,३८९,३३३,३८४
ग्रामिण दूरसञ्चार विकास कोष	७०९,८१५,७२६		७०९,८१५,७२६	६९४,६६६,६९२
फ्रिक्वेन्सी दस्तुर	१,७३३,४३३,८२१		१,७३३,४३३,८२१	१,४५०,०९४,७१०
अनुमति पत्र दस्तुर	४,०००,०००,०००		४,०००,०००,०००	४,०००,०००,०००
जम्मा	**७,८६२,८८१,०००**	-	**७,८६२,८८१,०००**	**७,५३४,०९४,७८७**

नेपाल दूरसञ्चार नियमावली, २०५४ बमोजिम सेवा राजस्वको ४ प्रतिशतको दरले रोयल्टी र नेपाल दूरसञ्चार प्राधिकरणको इजाजत पत्रको शर्त अनुसार सेवा राजस्वको २ प्रतिशतको दरले ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) बापतको दायित्व लेखाङ्कन गरिएको छ। (थपः नोट १५)

विभिन्न फ्रिक्वेन्सी ब्यान्ड प्रयोग गरेबापत कम्पनीले नेपाल दूरसञ्चार प्राधिकरणलाई वार्षिक फ्रिक्वेन्सी शुल्क बुझाउँछ। कम्पनीले जीएसएम इजाजतपत्रको सम्बन्धमा परिवर्तनशील फ्रिक्वेन्सी शुल्क पनि तिर्छ अर्थात् जीएसएम आम्दानीको ०.४% जसमा इन्टरकनेक्सन राजस्व र मुल्य अभिवृद्धि सेवाहरू (VAS) मा जीएसएमको अंश पनि समावेश छ।

२२. वित्तीय खर्चहरू

व्याख्यात्मक टिप्पणीहरू

भुक्तानी गर्नुपर्ने GSM अनुमति पत्र दस्तुरको आधारमा गणना गरिएको खर्चहरूलाई वित्तीय खर्चहरूमा राखिएको छ।

वित्तीय खर्चहरू

रुपैंयामा

	समूह		कम्पनी	
विवरण	३१ आषाढ २०७८	३१ आषाढ २०७७	३१ आषाढ २०७८	३१ आषाढ २०७७ (परिमार्जित)
GSM अनुमति पत्र दस्तुर दायित्व	८१६,८७७,८९५		८१६,८७७,८९५	१,२३५,०४९,९०२
ग्राहक धरौटी दायित्व	२०,०१७,१९५		२०,०१७,१९५	३१,६९५,३३४
